निस्दी गाउँपालिका भएर बग्ने निस्दी खोला, अरुण खोला र कालीगण्डकी नदीको विभिन्न बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी र बालुवाको दिगो रुपमा सङ्कलन / उत्खनन् कार्यको लागि

# प्रारम्भिक वातावरणीय परीक्षण

# प्रतिवेदन

**पेश गरिएको निकाय**

गाउँ कार्यपालिका

निस्दी गाउँपालिका

मित्याल, पाल्पा

| प्रस्तावक | परामर्शदाता |
|---|---|
| निस्दी गाउँ कार्यापालिकाको कार्यालय<br>मित्याल, पाल्पा<br>फोन नं: - ९८५७०७९२१५<br>ईमेल: nisdi2007@gmail.com | एच.एन.एम. ईन्जिनियरीङ्ग एण्ड कन्सलटेन्सी<br>का.म.न.पा-३२, काठमाडौं<br>फोन नं: ९८५१२५५२४५<br>ई:मेल- hnmengineering197@gmail.com |

असोज, २०७९

# संक्षेपीकृत शब्दहरू र तिनका विस्तृत रूप

| | | |
|---|---|---|
| % | : | प्रतिशत |
| गा. पा. | : | गाउँपालिका |
| प्रा.लि | : | प्राईभेट लिमिटेड |
| प्रा.वा.प | : | प्रारम्भिक वातावरणीय परीक्षण |
| मि. | : | मिटर |
| रा.वा.प्र.मु.नि | : | राष्ट्रिय वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका |
| वि.स. | : | विक्रम संवत् |

# विषयसूची


**संक्षेपीकृत शब्दहरू र तिनका विस्तृत रूप** ........ i

**कार्यकारी सारांश** ........ iv

**अध्याय १: प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना** ........ १

१.१. प्रस्ताव तथा प्रस्तावकको नाम र ठेगाना ........ १

१.२. प्रतिवेदन तयार गर्ने संस्था ........ १

१.३ प्रस्तावको पृष्ठभूमी ........ १

१.४ प्रारम्भिक वातावरणीय परीक्षण को उद्देश्य ........ २

१.५ प्रस्तावको औचित्यताः ........ ३

**अध्याय २ः प्रस्तावको सामान्य परिचय** ........ ४

२.१ प्रस्तावको प्रकार ........ ४

२.२ प्रस्तावको प्रमुख विशेषताहरु ........ ४

२.३ प्रस्तावको विवरण ........ ६

**अध्याय ३ः अध्ययन विधि** ........ १२

३.१ अध्ययन ........ १२

३.२ सार्वजनिक सूचना,जन परामर्श एवं सिफारिस पत्रहरु ........ १८

३.३ तथाङ्कको बिश्लेषण ........ १९

३.४ प्रभावहरुको पहिचान/अनुमान/बिश्लेषण ........ १९

३.५ प्रभाव न्यूनीकरण विधिहरुको पहिचान ........ १९

३.६ प्रतिवेदन तयारी ........ २०

**अध्याय ४ः विधान, नीति, कानुनी व्यवस्था, निर्देशिका, मापदण्ड एवं सम्मेलनहरूको पुनरावलोकन** ........ २१

४.१ नेपालको संविधान, २०७२ ........ २१

४.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ........ २१

४.३ सर्वोच्च अदालतको आदेश ........ २१

४.४ ऐन तथा नियमावली ........ २२

४.५ कार्यविधि, मापदण्ड र निर्देशिकाहरु ........ २६

४.७ नीति तथा रणनीति ........ २८

**अध्याय ५ः प्रस्ताव कार्यान्वयनका गर्दा वातावरणमा पर्ने खास प्रभाव** ........ २९

५.१.भौतिक वातावरण ........ २९

५.२. जैविक वातावराण ..... ३४

५.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण ..... ३६

**अध्याय ६: प्रस्ताव कार्यान्वयनका विकल्पहरू** ..... ३८

६.१ प्रस्तावको विकल्प विश्लेषण ..... ३८

६.२ प्रस्तावका विकल्पहरु ..... ३८

६.३ विभिन्न विकल्पहरुको वातावरणीय तुलनात्मक प्रभावहरुको विश्लेषण ..... ४०

**अध्याय ७: प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको रोकथामका विषयः** ..... ४४

७.१ प्रस्ताव कार्यान्वयन बाट पर्ने अनुकुल प्रभाबहरु ..... ४४

७.२ प्रस्ताव कार्यान्वयबाट पर्ने प्रतिकूल प्रभाबहरु ..... ४७

**अध्याय ८: प्रभाब बढोत्तीकरण एवं न्यूनीकरण गर्ने उपायहरु** ..... ४९

८.१ प्रस्तावको अनुकुल प्रभावहरु बढोत्तीरकरण ..... ४९

८.२ प्रतिकुल प्रभाबहरुको न्यूनीकरणका उपायहरु ..... ५१

८.३ वातावरणीय प्रभाबहरु र निराकरणका उपायहरु ..... ५३

८.४ न्यूनीकरण गर्न लाग्ने अनुमानित वजेट विवरण ..... ५९

**अध्याय ९: वातावरणीय व्यवस्थापन योजना** ..... ६१

९.१ वातावरणीय अनुगमन ..... ६१

९.२ अनुगमन तथा वातावरणीय व्यवस्थापन योजना र समय तालिका ..... ६५

९.३.अनुगमनको खर्चको विवरणः ..... ६९

९.४ बातावरणीय व्यबस्थान योजनाको लागी जिम्मेवार निकायहरु ..... ७०

**अध्याय १०: निष्कर्ष तथा प्रतिबद्धता** ..... ७०

१०.१ निष्कर्ष ..... ७०

१०.२ निस्दी गाउँपालिकाको प्रतिवद्धता ..... ७१

**सन्दर्भ सामाग्रीहरु** ..... ७३

**अनुसूचीहरु** ..... ७४

# कार्यकारी सारांश

## प्रस्ताव र प्रस्तावक

निस्दी गाउँपालिका भएर बग्ने निस्दी खोला, अरुण खोला र कालीगण्डकी नदीको विभिन्न बगर क्षेत्रहरुबाट ढुङ्गा, गिटी तथा बालुवाको दिगो एवं वातावरणमैंत्री सङ्ककलन/उत्खनन् कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको प्रस्तावक निस्दी गाउँ कार्यपालिकाको कार्यालय, मित्याल, पाल्पा रहेको छ। यस आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनलाई स्वीकृति प्रदान गर्ने निकाय निस्दी कार्यपालिका, मित्याल, पाल्पा हो।

## आयोजनाको विवरण

यस कार्यको लागि निस्दी गाउँपालिकाको वडा नं: १, ४, ५, ६, र ७ का १२ स्थानबाट बार्षिक ३०४८८.०० घ.मि. ढुङ्गा, गिट्टी तथा बालुवाको दिगो सङ्ककलन/उत्खनन् गर्न प्रस्ताव गरिएको छ। प्रस्तावित आयोजनाले सामान्य अवस्थामा हात तथा कुटो, कोदालो, साबेल, डोको जस्ता हाते औजार द्धारा मात्र ढुङ्गा, गिट्टी तथा बालुवाको सङ्ककलन/उत्खनन् गरिनेछ। भारी उपकरण (हेवी ईक्वुपमेण्ट) प्रयोग गर्नु परेका प्रतिवेदनमा तोकेको परिमाण परिवर्तन नहुने गरि निश्चित परिमाणमा निश्चित समयका लागी गाँउ कार्यपालिका बाट अनुमति लिई प्राविधिकको प्रत्यक्ष निगरानीमा गरिनु पर्दछ।

## प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनको उद्देश्यहरु

यस प्रारम्भिक वातावरणीय परीक्षणको मुख्य उद्देश्य निस्दी खोला, अरुण खोला र कालीगण्डकी नदीको किनारमा पर्ने घाट क्षेत्रहरुबाट वातावरण मैत्री ढङ्गले ढुङ्गा, गिट्टी, तथा बालुवाको सङ्ककलन/उत्खनन् कार्य गरि नदीको बनावट यथास्थीतीमा राखी तल्लो तटिय क्षेत्रमा ढुङ्गा, गिट्टी तथा बालुवा थेग्रान बढ्न नदिने तथा यसको कारणले हुनसक्ने निजि तथा सरकारी जग्गामा तटिय कटान तथा राजमार्गमा अवस्थित पुलमा पर्नसक्ने क्षती नियन्त्रण गर्दै नदीको बहाव र धारलाई निरन्तर गतिमा बग्न दिने हो।

## प्रस्तावको सान्दर्भिकता

वातावरण संरक्षण नियमावली २०७७ को नियम ३ सँग सम्बन्धित अनुसूचीः २ खानी क्षेत्र अर्न्तगत बुदाँ नं. ग (७) ले नदीको बगर क्षेत्रहरूबाट ढुङ्गा, गिट्टी तथा बालुवा को सङ्ककलन/उत्खनन् कार्य गर्दा प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने उल्लेख भएको छ। यसै अनुसूची अनुसार ढुङ्गा, गिट्टी, बालुवा तथा रोडाको सङ्ककलन/उत्खनन् कार्य गर्दा प्रारम्भिक वातावरणीय परीक्षण भित्रपरि कार्यान्वयन हुने प्रस्तावको लागी दैनिक १०० घ.मि. भन्दा बढी ३०० घनमिटरसम्म सम्मको परिमाण मात्र सङ्ककलन/उत्खनन् गर्नुपर्ने उल्लेख गरिएको छ। प्रस्तावकले प्रस्तावित क्षेत्रबाट वार्षिक ३०४८८.०० घ.मि. (११२.९२)

घ.मि. दैनिक) ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन/उत्खनन् कार्यगर्ने हुनाले प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने परिधि भित्र पर्दछ र सोहि सन्दर्भमा यो प्रतिवेदन तयार गरेको हो।

**अध्ययन प्रक्रिया**

यो प्रतिवेदन स्वीकृत कार्यसूची, वातावरण संरक्षण नियमावली २०७७ र निस्दी गाउँपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक परीक्षण कार्यविधि, २०७९ अनुसारको प्रक्रिया अध्ययन गरी तयार गरिएको हो। यस प्रारम्भिक वातावरणीय परीक्षणले प्रस्तावित क्षेत्रको भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक वातावरणीय पक्षहरुमा आयोजनाको कार्यान्वयन बाट पर्नजाने प्रभावहरुको पहिचान, विश्लेषण र मूल्याङ्कन गरेको छ। आयोजना स्थलको विद्यमान अवस्थाबारे जानकारी समेट्नको लागि प्रथम र दोश्रो श्रोतबाट तथ्याङ्कहरु सङ्कलन गर्नुका साथै अध्ययनको क्रममा जन सहभागितालाई विशेष ध्यान दिइएको छ।

**कानूनी प्रावधानहरु**

आयोजनासँग सान्दर्भिक ऐन, नियम, नियमावली, नीति, रणनीति तथा अन्तरष्ट्रिय महासन्धीहरु लाई आधार लिई यो अध्ययन गरिएको हो। प्रस्तावको कार्यान्वयन र सञ्चालनमा बाधा उत्पन्न गर्नसक्ने बुँदाहरुको पहिचान गर्ने उद्देश्यले प्रस्तावसँग सम्बन्धित नीति तथा नियम कानूनको सूची बनाई यस प्रतिवेदनमा तिनको समिक्षा गरिएको छ।

**विद्यमान अवस्था**

***भौतिकः***

यस प्रस्तावको कार्यान्वयन क्षेत्र पाल्पा जिल्लाको निस्दी गाउँपालिकाको वडा नं. १, ४, ५, ६, र ७ मा पर्ने निस्दी खोला, अरुण खोला र कालीगण्डकी नदीको बगर क्षेत्रहरूमा पर्दछ। गाँउपालिकाको धेरै भुभाग वन क्षेत्र र केहि कृषिभुमिले ओगटेको छ भने थोरै भुभाग प्रतिशत जल क्षेत्रले ओगटेको छ र हाल सम्म औद्योगिक र व्यापारिक क्रियाकलापहरु न्यून भएको हुँदा जलवायू सफा र स्वच्छ रहेको पाइन्छ।

***जैविकः***

स्तनधारी वन्यजन्तुहरुमा बाघ ,चितुवा, रातो मृग, कस्तुरी, बंदेल, स्याल, वनविरालो, बादर आदि छन्। भने पंक्षिजातिमा मयूर, कालिज, परेवा, सुगाँ, ढुकुर, तित्रा, काग आदि प्रमुख रहेका छन। माछा प्रजातिहरुमा असला, करले, काँडे, बाम, राजबाम आदि छन् ।

***सामाजिक र आर्थिकः***

यस गाँउपालिकाकको जनसंख्या २१,६०४ रहेको छ। जसमध्ये महिलाको जनसंख्या १०,१५५ र पुरुषको जनसंख्या १०,७०७ रहेको छ। निस्दी गाउँपालिकामा कुल हरधुरीको संख्या ३७५६ रहेको छ। उक्तक्षेत्रको धेरैजसो घरपरिवारहरु कृषि पेशामा संलग्न रहेका छन् साथै कहि ब्यापार व्यवसायमा संलग्न छन् । प्रमुख उर्जाको स्रोतको रुपमा दाउरा, एल.पि. ग्यास, गोबर ग्यास, मट्टितेल, विद्दुतको उल्लेखिय भूमिका रहेको छ।

***साँस्कृतिकः***

आयोजना कार्यान्वयन हुने क्षेत्रमा मगर, तामाङ्ग, र ब्राह्मण समुदायको बाहुल्ले रहेको साथै कामी, दमाई आदि जातिहरुका पनि बसोबास रहेको छ। गाउँपालिकामा जातजातीमा सबैभन्दा बढी मगर जाति, दोस्रोमा तामाङ्ग र तेस्रोमा ब्राह्मण (पहाडी) को बसोबास रहेको देखिन्छ। उक्त सङ्कलन/उत्खनन् क्षेत्र नजिकै कुनै पनि महत्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थलहरु रहेको छैन।

**प्रभाव पहिचान र मूल्याङ्कनः**

आयोजना स्थलको सर्वेक्षण र सन्दर्भ सामाग्रीहरुको पुनरावलोकन बाट सङ्कलित तथ्याङ्कहरुको आधारमा आयोजनाको कार्यान्वयन तथा सञ्चालनबाट प्रस्तावित क्षेत्रमा पर्न सक्ने प्रभावहरुको पहिचान र मूल्याङ्कन गरिएको छ। यस अध्ययनले पहिचान भएका प्रभावहरुलाई सकारात्मक र नकारात्मक गरी दुई भागमा विभाजन गरी परिमाण, अवधि र सिमाको आधारमा बिश्लेषण गरेको छ। यस विश्लेषण अनुसार प्रस्तावित आयोजनाबाट पर्नजाने सकारात्मक प्रभावहरुको उल्लेखनियता धेरैजसो मध्यम स्तरको रहेको छ। ढुङ्गा, गिटी तथा बालुवा जस्ता सामाग्रीहरुको उत्पादन, रोजगारको अवसर उच्च स्तरको उल्लेखनियता भएका प्रभावहरु मध्ये पर्दछन्। त्यसैगरी प्रस्तावित आयोजनाको कार्यान्वयनबाट उच्च स्तरका उल्लेखनीय प्रभावहरु खासै पर्ने सम्भावना देखिँदैन।

**विकल्प विश्लेषण**

वातावरण संरक्षण नियमावली २०७७ अनुसार यस आयोजनाको स्थान, सङ्कलन/उत्खनन् विधि, आयोजनाको क्रियाकलापहरु सम्बन्धी निर्धारण गरिएको समय, आयोजनाले प्रयोग गर्ने प्रविधि तथा प्रक्रिया र प्रस्ताव कार्यान्वयन गर्ने या नगर्ने आदि विकल्पहरुको आधारमा विश्लेषण गरिएको छ। अध्ययनबाट प्राप्त विकल्पको विश्लेषण गर्दा विकल्पहरुमा ढुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन् नगर्ने विकल्पलाई अस्वीकार गरिएको छ। यस क्षेत्रमा बालुवा, गिट्टी तथा ढुङ्गा नदी तथा नदी बाहेक अन्य ठाउँमा नपाउने हुँदा प्रस्तावना लागु नहुँदा निमार्ण सामाग्री अभाव श्रृजना हुने देखिन्छ। हाल प्रस्तावित घाटहरू बाहेक

उत्खनन् / सङ्कलनको लागि प्रस्तावित क्षेत्र वरिपरी अन्य सम्भावित क्षेत्रहरु नरहेकोले प्रस्तावित अध्ययन क्षेत्रनै उत्खनन् / सङ्कलनका लागि उत्तम क्षेत्रको रुपमा सिफारिस गरिएको छ ।

**वातावरण संरक्षणका उपायहरु**

प्रस्तावित कार्यबाट श्रृजित नकारात्मक प्रभावहरुको न्यूनीकरण गर्नसाथै सकारात्मक प्रभावहरुको बढावा गर्न वातावरणीय संरक्षणका उपायहरु निर्धारण गरिएको छ । यस कार्यको प्रस्तावकले प्रस्तावित कार्यबाट हुनजाने नकारात्मक तथा सकारात्मक प्रभावहरुको सन्दर्भमा यस प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा सुझाईएका वातावरण संरक्षणका उपायहरु अपनाउनु पर्नेछ । रोकथाम तथा न्यूनीकरणका उपायहरु जस्तैः

- जलचरको वासस्थान जोगाउनका तथा प्राकृतिक बाँध कायम गर्न नदीमा रहेका ठूला ढुङ्गाहरु नफोर्ने ।
- नदीको पानि भएको क्षेत्र ( Wet Channel ) भित्रबाट नदीजन्य पदार्थ ननिकाल्ने ।
- सङ्कलन / उत्खनन् क्षेत्रमा निजि जमिन भएमा, निजहरु संग समेत परामर्श गरि मात्र कार्य गर्ने ।
- उत्खनन् कार्य अवधि भर मजदुरलाई उचित वासस्थानको अलावा मास्क, वुट, पन्जा र चस्मा प्रयोग गर्ने व्यवस्था अनिवार्य मिलाउने ।
- सङ्कलन / उत्खनन् क्षेत्रमा प्राथमिक उपचारको व्यवस्था गर्ने ।
- भौतिक पूर्वाधारको ५०० मिटर आसपास कुनै पनि सङ्कलन / उत्खनन् कार्य नगर्ने तथा सिचाइको कुलो संरक्षणमा विशेष ध्यान दिने ।
- नदीको उच्च बाढी क्षेत्र भित्र संकलन/उत्खनन् गर्दा नदीको बाहाव परिवर्तन नगर्ने गरि Carpet mining गर्ने ।
- पानिको सतह भन्दा गहिरो हुने गरी नदी बगर क्षेत्रहरूबाट श्रोत उत्खनन् गर्न निशेध गर्ने
- नदीको २०० मिटर वगर किनार भित्रका उच्चतम वहाव क्षेत्र भित्र अग्ला ढिस्का परेका रहेका क्षेत्रबाट ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन / उत्खनन् कार्यमा प्राथमिकता दिने ।
- नदीजन्य पदार्थ निकासी गर्दा प्रयोग गर्ने सवारी साधानहरुलाई आफ्नो भार वाहन क्षमता भन्दा ज्यादा सामग्री ओसार्न नदिने ।
- सडकको मर्मत सम्भार गर्ने ।
- बस्ति क्षेत्र भित्र हर्न बजाउन निषेध गर्ने ।

## वातावरणीय व्यवस्थापन कार्ययोजना तथा वातावरणीय अनुगमन योजना

यस प्रतिवेदनमा वातावरणीय व्यवस्थापन योजना अन्तर्गत आयोजनाबाट पर्ने सम्भावित प्रभावहरु न्यूनीकरण विधि र अनुगमन विधि तथा कार्यतालिका प्रस्तावित गरिएको छ। National EIA Guidelines, 1993 अनुसार यस प्रतिवेदनमा अनुकूल प्रभावहरुको बढावा गर्ने र प्रतिकूल प्रभावहरुलाई न्यूनीकरण गर्ने योजना तथा ती कार्यहरु कार्यान्वयन गरिने स्थान, समय, आवश्यक रकम र जिम्मेवार निकायको बारेमा स्पष्ट रुपमा उल्लेख गरिएकको छ । यस प्रतिवेदनमा वातावरणीय अनुगमन योजना पनि तयार गरिएको छ। प्रस्तावित आयोजनाको कार्यन्वयनको चरणमा प्रस्तावकले अनुगमनकारी निकायको भूमिका बहन गर्दछ। जसमा अनुगमन गरिने विषयहरु, अनुगमनका सूचकहरु तथा विधि लगायत समय र जिम्मेवार निकायको बारेमा पनि स्पष्ट रुपमा प्रस्तुत गरिएको छ। वातावरण संरक्षणका उपायहरुको कार्यान्वयन गर्न प्रस्तावकले प्रति वर्ष रु. ४३०,०००/- र अनुगमन कार्यको निम्ति रु. वार्षीक १५०,०००/- खर्च गर्नुपर्ने अनुमान गरिएको छ।

## निष्कर्ष

यस प्रस्तावको योजना निस्दी खोला, अरुण खोला र कालीगण्डकी नदीको बगर क्षेत्रहरूबाट ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन/उत्खनन् गर्ने रहेको छ। यस आयोजनाको कार्यान्वयन बाट पर्नजाने नकारात्मक प्रभावहरु भन्दा सकारात्मक प्रभावहरु मध्यम देखिएकोले प्रस्तावित आयोजना कार्यान्वयन गर्नु फाईदाजनक देखिन्छ। वातावरण संरक्षणका उपायहरु तथा अनुगमन कार्यको प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि तयार गरिएको वातावरणीय व्यवस्थापन योजना र अनुगमन योजनाको सम्बन्धित निकायले अक्षरण पालना गरेमा प्रस्तावित मात्रामा सङ्कलन/ उत्खनन् कार्यसञ्चालन गर्न सकिनेछ। निस्दी खोला, अरुण खोला र कालीगण्डकी नदीको बगर क्षेत्रहरुमा जम्मा भएको नदीजन्य पर्दाथको मात्रालाई मध्य नजर गर्दा वातावरणीय अध्ययन गरी प्राकृतीक सम्पदाको उच्चतम उपयोग गर्नु उत्तम हुन्छ। यस आयोजनाको कार्यान्वयन बाट स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक योगदान पुग्ने देखिन्छ।

**<u>कालिगण्डकी नदी बारे मिति २०७८/०४/२९ मा भएको सर्वोच्च अदालतको अन्तरिम आदेशः</u>**

कालिगण्डकी नदीको प्राकृतिक बहाव र पर्यावरण प्रतिकुल हुने गरेर काम नगर्न अदालतले अन्तरिम आदेश गरेको छ।अन्तरिम आदेशमा भनिएको छ, "कालिगण्डकी नदी धार्मिक, एतिहासिक तथा पर्यावणीय महत्त्वको देखिएकाले निवेदनको अन्तिम टुङ्गो नलागेसम्म उक्त नदीको प्राकृतिक बहावलाई पथान्तरण गरी रिजर्भवायर बनाउने, प्रदुषण गर्ने, नदीजन्य पदार्थ निकाल्ने, शालिग्रामको चोरी निकासी तथा विनाश गर्ने लगायतका अन्य प्राकृतिक बहाव र पर्यावरण पर्तिकुल हुने गरी कुनै

पनि कार्यहरु नगर्नु नगराउनू यथास्थितिमा राखू भनी विपक्षीहरुका नाममा सर्वोच्च अदालत नियमवाली २०७४ को नियम ४९(२) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ।"

यसै आदेश अनुसार यस निस्दी गाउँपालिकाको वडा नं. १ मा पर्ने कालिगण्डकी नदीको भोटाहा घाटबाट पनि रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म नदी जन्य पदार्थको सङ्कलन, उत्खन्न गर्न रोक लागेको छ र यस आदेश अनुसार नै निस्दी गाउँपालिकाले  कालिगण्डकी नदीको नदीजन्य पदार्थको उत्खन्न र सङ्कलनको ठेक्का प्रकृया अन्तिम फैसला भएपछि मात्र आह्वान गर्ने व्यवस्था मिलाउने छ।

# अध्याय १: प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना

## १.१. प्रस्ताव तथा प्रस्तावकको नाम र ठेगाना

यस प्रस्तावको नाम निस्दी गाउँपालिका भएर बग्ने निस्दी खोला, अरुण खोला र कालीगण्डकी नदीको बगर क्षेत्रहरूबाट ढुङ्गा, गिट्टी तथा बालुवा दिगो सङ्कलन/उत्खनन् कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण हो। भने प्रस्तावकको नाम निस्दी गाउँ कार्यापालिकाको कार्यालय, मित्याल, पाल्पा रहेको छ। प्रस्तावकको नाम तथा ठेगाना निम्न अनुसार छ।

प्रस्तावकको नामः निस्दी गाउँ कार्यापालिकाको कार्यालय

ठेगानाः मित्याल, पाल्पा

फोन नंः ९८५७०७९२१५

ईमेलः nisdi2007@gmail.com

## १.२. प्रतिवेदन तयार गर्ने संस्था

एच.एन.एम. ईन्जिनियरीङ्ग एण्ड कन्सलटेन्सी प्रा.ली.

का.म.न.पा-३२, काठमाडौं

फोन नः ९८५१२५५२४५

ई मेलः hnmengineering197@gmail.com

**अध्ययन टोली**

१. रोजिना के.सि., टोली प्रमुख, वातावरण विद, वातावरण ईन्जिनियरिङ्ग स्नातकोत्तर
२. ई. प्रशन लामा, जि.आ.एस विज्ञ, स्नातकोत्तर
३. नानु गौतम, सामाजिक विज्ञ, स्नातकोत्तर
४. ई. विशाल न्यौपाने, जल विज्ञ, स्नातकोत्तर
५. सशि किरन खड्का, सिभिल ईन्जिनियर, स्नातक
६. ई. दिवस कठायत, वातावरण ईन्जिनियरिङ्ग स्नातकोत्तर

## १.३ प्रस्तावको पृष्ठभूमी

भौगोलिक हिसावले नेपालको पहाडी क्षेत्र ढुङ्गा, गिट्टी तथा बालुवाको लागि उत्पादनको हिसावले अत्यान्त उर्वर क्षेत्र मानिन्छ जुन हिमाल पहाड हुँदै तराई तिर वग्ने विभिन्न नदीनाला तथा नदीहरुले वगाएर वा ओसारेर नदी किनारहरुमा थुपारेको हुन्छ। यी नदी प्राकृतिक साधन र श्रोतहरुको दिगो सङ्कलन/उत्खनन् र उपयोग गर्नसके स्थानीयको जिबिकोपार्जनमा टेवा पुर्याउन, आर्थिक बिकासका आयोजनाहरु सम्पन्न गर्न तथा वन जङ्गल जोगाउनु साथै नदी कटान नियन्त्रणमा समेत सहयोग पुग्छ, मुख्यतया यस्ता ढुङ्गा, गिट्टी तथा बालुवा जन्य उत्पादनहरु निर्माण सामाग्रीको रुपमा प्रयोग गरिन्छ।

निस्दी गाउँपालिका भएर बग्ने निस्दी खोला, अरुण खोला र कालीगण्डकी नदीको बगर क्षेत्रहरुमा ढुङ्गा, गिट्टी तथा बालुवा प्रशस्त मात्रामा रहेको साथै यि बस्तुको सङ्कलन/उत्खनन् को कार्य राज्य पुर्नसंरचना भइसके पछि गाँउपालिकाको कार्यक्षेत्र भित्र पर्न आएसँगै यसलाई थप व्यवस्थित गर्न तथा वातावरणमैत्री सङ्कलन/उत्खनन् गरी दिगो विकासलाई अवलम्वन गर्न सकिन्छ भन्ने मुख्य उद्देश्यका साथ यो प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्न लागिएको हो। वातावरणीय अध्ययनका लागी नेपाल सरकारले वातावरण संरक्षण ऐन,२०७६ र वातावरण संरक्षण नियमावली,२०७७ लागू गरेको छ। नियमावली को नियम ३ मा स्वीकृति लिएर मात्र ढुङ्गा, बालुवा र ग्रावेल संकलन गर्न पाइने व्यवस्था भएको, साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पनि उक्त कार्यलाई दिगो तथा वातावरणमैंत्रि ब्यवस्थापनमा जोड दिएको छ।

## १.४ प्रारम्भिक वातावरणीय परीक्षण को उद्देश्य

प्रारम्भिक वातावरणीय परीक्षण को उद्देश्य निम्नानुसार छन्।

- ✓ सङ्कलन/उत्खनन् गर्ने कार्यको प्रस्तावित क्षेत्रको जैविक, सामाजिक, आर्थिक, भौतिक र साँस्कृतिक विषयहरुको तथ्याङ्क सङ्कलन गरी त्यसमा पर्न सक्ने सकारात्मक र नकारात्मक प्रभावहरुको पहिचान गर्ने।
- ✓ प्रस्तावति क्षेत्र वरिपरी बसोवास गने बासिन्दाहरुको रायसुझाव समेत संकलन गरर प्रस्ताव कार्यन्वयन लाई वातावरणमैंत्री बनाउने।
- ✓ प्रस्ताव कार्यन्वयन गर्दा उत्पन्न हुन सक्ने वातावरणीरय प्रभावहरुको पहिचान गर्ने।
- ✓ यकिन गरिएका वातावरणीय प्रभावहरुको न्यूनीकरणका उपायहरू सिफारिस गर्ने, प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्ने र अनुकूल प्रभावलाई अधिकतम गर्ने उपायहरू अवलम्बन गर्न सुझाव दिने।
- ✓ उल्लेखित समयावधि भित्रै न्यूनीकरणका उपायहरू लागु गर्न वातावरणीय व्यवस्थापन योजना बनाएर त्यसको कार्यन्वयन सम्पन्न गर्ने।
- ✓ सङ्कलन/उत्खनन् गर्ने कार्यको प्रस्तावित क्षेत्रको प्रस्ताव कार्यान्वयनलाई प्रभावकारी वनाउनको लागि अनुगमन विधितय गर्ने।
- ✓ प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्नसक्ने प्रभावका सम्बन्धमा सरकोरवालाहरुलाई जानकारी गराई सम्वन्धित निकाय लाई उचित निर्णय लिन सघाउ पुर्याउने।
- ✓ ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन/उत्खनन् गर्ने कार्यको वातावरणमैंत्री दिगो सङ्कलन / उत्खनन् बिधि पहिचान गरि कार्यान्वयनको लागि सिफारिस गर्ने।

## १.५ प्रस्तावको औचित्यताः

वातावरण संरक्षण नियमावली ,२०७७ को नियम ३ सँग सम्बन्धित अनुसूचीः २ खानी क्षेत्र अन्तर्गत बुदाँ नंः ग (७) ले नदी तथा नदीको बगर क्षेत्रबाट दैनिक १०० घन मिटर सम्म ढुङ्गा, गिट्टी, बालुवा तथा रोडाको उत्खनन् र सङ्कलन कार्य गर्दा प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने कानूनी प्रावधान छ। साथै यस गाँउपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, दफा ३ को उपदफा (४) सँग सम्बन्धित अनुसूची १ को खानी शिर्षकमा नदीनालाको सतहबाट दैनिक १०० घन मिटर देखि ३०० घनमिटरसम्म नदीजन्य पदार्थको सङ्कलन/उत्खनन् कार्यका लागी प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने उल्लेख छ र उक्त कार्य गाँउपालिकाको कार्यक्षेत्र भित्र पर्दछ। प्राकृतिक श्रोतहरुको उपयोग गर्दा वातावरणमा पर्न सक्ने अनुकुल प्रभावलाई बढोत्तरीकरण गर्ने तथा प्रतिकूल प्रभावलाई निरोधात्मक, उपचारात्मक प्रभाव न्यूनीकरणका विधिहरू अपनाएर हटाउन वा न्यूनगर्न र उक्त कार्यको वातावरणीय अनुगमन गर्न र प्रस्तावको कार्यन्वयन चरणलाई व्यवस्थित गर्न वातावरणीय व्यवस्थापन योजना तयार गर्न प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन गरिएको हो।

# अध्याय २ः प्रस्तावको सामान्य परिचय

## २.१ प्रस्तावको प्रकार

यो प्रस्ताव निस्दी गाउँपालिका, पाल्पा भएर बग्ने निस्दी खोला, अरुण खोला र कालीगण्डकी नदीको बगर क्षेत्रहरूबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा बालुवाको दिगो एवः वातावरणमैत्री सङ्कलन/उत्खनन् कार्य गर्नका लागी तयार गरिएको प्रारम्भिक वातावरण परिक्षण प्रतिवेदन हो।

## २.२ प्रस्तावको प्रमुख विशेषताहरु

*तालिका नं २.१ : प्रस्तावको विवरण*

| | | |
|---|---|---|
| १ | **प्रस्तावको नामः** निस्दी गाउँपालिका भएर बग्ने निस्दी खोला, अरुण खोला र कालीगण्डकी नदीको बगर क्षेत्रहरुबाट ढुङ्गा, गिट्टी तथा बालुवा दिगो सङ्कलन/उत्खनन् कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण | |
| २ | **प्रस्तावको अवस्थिति (स्थान) :** | |
| | प्रदेश | लुम्बिनी प्रदेश |
| | जिल्ला | पाल्पा |
| | गाँउपालिका / नगरपालिका | निस्दी गाउँपालिका - वडाहरु( १, ४, ५, ६ र ७) |
| ३ | **भौगोलिक / हावापानी प्रकृति एवं विवरण :** | |
| | नदीको प्रकार | बाह्रमासे नदी तर बर्षातको समयमा अत्यधिक पानी |
| | भूवनोट | नदीको छेउछाउमा केही समतल, खोल्सी र खोचं |
| | माटो | पाँगो माटो, बलौटे माटो |
| | उचाइ (समुद्र सतह माथिको) | ३०० मिटर देखी १७०० मिटर सम्म |
| | हावापानी र जलवायु | उष्ण तथा उपोष्ण |
| | भू-उपयोग | नदीको तटिय क्षेत्र उत्खनन् गरिने बगर नजिकै केहि खेतियोग्य जमिन |
| ४ | **सङ्कलन/उत्खनन् कार्य, स्थल र प्रक्रिया** | |
| | अक्षांश | २७.७२३९४३° देखि २७.८५६२१७°उत्तरी सम्म गाँउपालिकाको क्षेत्र । |
| | देशान्तर | ८३.७७६३०७° देखि ८४.०२८१३०° पूर्वी सम्म गाँउपालिकाको क्षेत्र । |
| | प्रस्तावित क्षेत्रमा जाने पहुच मार्ग | प्रस्तावित क्षेत्र जान पहुँच मार्गको रुपमा विभिन्न सहायक मार्गहरु प्रयोग गरिने छ । |

| | | |
|---|---|---|
| | सङ्कलन/उत्खनन् विधि | प्राय मानव संसाधन, केही प्राविधिक उपकरण र ढुवानीका साधनहरुको प्रयोग गरी नदीको भेल बाढीले बगाएर ल्याई जम्मा गरेका ढुङ्गा, गिट्टी तथा बालुवा र मिस्कट संकलन गर्ने। तर आवश्यकताको आधारमा गाँउ कार्यपालिकाको बिशेष अनुमतिमा निश्चित समय तोकी संकलन तथा उत्खनन् परिमाण परिवर्तन नहुने गरि भारी उपकरण प्रयोग गर्न सकिने । |
| | सङ्कलन/उत्खनन् कार्यमा प्रयोग हुने सामग्री वा मेसिनरी | सामान्यतया हाते औजार र उपकरणहरु प्रयोग गरिनेछन् । तर विशेष परिस्थितिमा कटान नियन्त्रण गर्दा भारी उपकरणको (हेवी ईव्कूपमेण्ट) पनि प्रयोग गरिनेछ। यसरी भारी उपकरणको प्रयोग गर्दा प्रयोग गर्ने ठाँउ तोकि प्राविधिकको सिफारिसमा गाँउपालिका संग अनुमति लिनुपर्नेछ। हेवी ईक्वीपमेण्ट प्रयोग गर्दा जोखिम स्थिति सृजना हुने परिस्थिति आएमा जिल्ला अनुगमन समिति संग परामर्श लिएर जिल्ला विपद् ब्यवस्थापन समिति संग अनुमति लिनुपर्न छ । |
| | दैनिक / वार्षिक सङ्कलन/उत्खनन्को परिमाण | दैनिक ११२.९२ घन मिटर र वार्षिक ३०४८८ घन मिटर मात्र। |
| | सङ्कलन /उत्खनन् गरिने अवधि | असार, साउन र भदौ महिना बाहेक बर्ष भरि (२७० दिन) । |
| | सङ्कलन/उत्खनन् स्थानको सङ्ख्या | १२ स्थान(जि.पि.एस. टेबलमा उल्लेखित)। |
| | सङ्कलन/उत्खनन् गरिने सामग्रीहरू | यो नदीको बगर क्षेत्रहरूबाट ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन / उत्खनन् गरिने छ । |
| | प्रस्ताव अर्न्तगतका कार्यहरू | प्रस्ताव अर्न्तगतका कार्य सङ्कलन / उत्खनन् ढुवानी कार्य गरिनेछ। |
| ५ | प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको वैधानिकता | यो प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भएको मिति देखि ३ वर्ष |

## २.३ प्रस्तावको विवरण

### २.३.१ प्रस्तावको उद्देश्य

- ✓ जथाभावी सङ्कलन / उत्खनन् बाट हुनसक्ने वातावरणीय प्रभावहरु जस्तै नदीको बहाव परिवर्तन, भु-क्षय का साथसाथै अन्य सामाजिक सम्पत्तिहरुमा हुनसक्ने हानी नोक्सानी नहुने गरि वातावरण मैत्रीरुपमा ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन / उत्खनन्, आपूर्ति र ब्यवस्थापन गर्ने।
- ✓ स्थानीय स्तरमा आयआर्जन वृद्धि गरि स्थानीय विकासका आवश्यकतालाई सम्वोधन गर्ने।
- ✓ खेर गइरहेको प्राकृतिक सम्पदाबाट स्थानीय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउने।
- ✓ स्थानीय बासिन्दाहरुमा बैकल्पिक रोजगारीको सृजना गर्ने।

### २.३.२ प्रस्ताव क्षेत्रको अवस्थिति

प्रस्ताव क्षेत्र पाल्पा जिल्लाको दक्षिण पूर्व क्षेत्रमा रहेको निस्दी गाउँपालिकाको वडाहरु विषेश गरी वडा नं. १, ४, ५, ६ र ७ यस आयोजनाका प्रत्यक्ष प्रभावित क्षेत्रमा पर्दछन्। ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन / उत्खनन् का लागि प्रस्तावित सङ्कलन / उत्खनन् क्षेत्रहरू निस्दी गाउँपालिकाको कार्यालय, मित्याल देखी करिव २.५ देखि ८.५ कि. मी दुरीमा पूर्व दक्षिण तर्फ रहेको छ। प्रस्तावित क्षेत्रको गुगल नक्शा ***अनुसुचीः १*** मा समावेश गरिएको छ। तल तालिकामा सङ्कलन / उत्खनन् क्षेत्रको अवस्थिति प्रस्तुत गरिएको छ।

*तालिका २.२ साइटहरुको विस्तृत विवरण*

| क्षेत्र | स्थानीय घाटको नाम | जि.पि.एस अवस्थितीको केन्द्र विन्दु | | | |
|---|---|---|---|---|---|
| | | शुरुवात बिन्दु | | अन्तिम बिन्दु | |
| | | अक्षांश (उत्तरी) | देशान्तर (पूर्वी) | अक्षांश (उत्तरी) | देशान्तर (पूर्वी) |
| साईट १ | भोटाहा घाट वडा नं: १ | २७° ५१'३६.५२" | ८४° ००'५९.९४ " | २७° ५१'३१.४७ " | ८४° ०१'२८.८६ " |
| साईट २ | जलुक्के घाट वडा नं: ४ | २७° ४३'४२.६७ " | ८३° ५४'५४.४२ " | २७° ४३'५०.९० " | ८३° ५४'५४.४२ " |
| साईट ३ | रिपाहा घाट १ वडा नं: ४ | २७° ४३'५४.९९ " | ८३° ५४'२३.७८ " | २७° ४४'००.६९ " | ८३° ५४'२७.२२ " |
| साईट ४ | रिपाहा घाट २ वडा नं: ४ | २७° ४३'५३.५९ " | ८३° ५४'२३.७८ " | २७° ४३'५३.७४ " | ८३°५४'२६.३६ " |
| साईट ५ | गल्था घाट वडा नं: ५ | २७° ४८'३६.८५ " | ८३° ५३'१५.१७ " | २७° ४८'३८.९७ " | ८३°५३ '०८.६२ " |
| साईट ६ | ढुङ्गाना बेसि घाट वडा नं: ५ | २७° ४८'११.४६ " | ८३° ५४'४६.९६ " | २७° ४८'११.२१ " | ८३° ५४'३८.८२ " |
| साईट ७ | डुमरे घाट वडा नं ६ | २७° ४७'५८.१९ " | ८३° ५१'२६.२४ " | २७° ४७'५६.९४ " | ८३° ५१'२२.०३ " |
| साईट ८ | भोगट्टे घाट वडा नं ६ | २७° ४८'१२.६५ " | ८३° ५०'११.३८ " | २७° ४८'१२.७६ " | ८३° ५०'०२.६२ " |
| साईट ९ | रानीटार घाट वडा नं: ७ | २७° ४४'१५.५४ " | ८३° ४७'३५.४१ " | २७° ४४'०६.६६ " | ८३° ४७'२३.५५ " |
| साईट १० | शेरा घाट वडा नं: ७ | २७° ४४'१७ " | ८३° ४८'३९.१९ " | २७° ४४'११.९९ " | ८३° ४८'३४.६१ " |
| साईट ११ | कलबेरी घाट साईट १ वडा नं: ७ | २७° ४४'००.७१ " | ८३° ४९'२२.६१ " | २७° ४४'०४.८६ " | ८३° ४९'२२.४२ " |
| साईट १२ | कलबेरी घाट साईट २ वडा नं: ७ | २७° ४४'०१.३५ " | ८३° ४९'४०.४९ " | २७° ४३'५७.०१ " | ८३° ४९'३१.९२ " |

ठाडो नदीमा ढुङ्गा उत्खन्न विषयमा, फिल्डको निरिक्षण गर्दा ढुङ्गाको परीमाण उत्खन्न गर्ने नमिल्ने भेटिएको छ तर नदीले बगर क्षेत्रमा थुपारिएका ढुङ्गा, गिट्टी हात्ते अवजार प्रयोग गरेर सङ्कलन मात्र गर्न सिफारिस गरीएको छ। त्यहाँ भएका ठुला ढुङ्गाहरुको उत्खन्न गर्दा विभिन्न प्राकृतिक प्रकोप जस्तै भुछ्य, पहिरो आदि आउने सम्भावना रहेको छ।ढुङ्गा उत्खन्न गर्दा वर्षा याममा

उत्खन्न स्थल भन्दा माथिको स्थानबाट पानीको गति वढी पहिरो आउने जोखिम उच्च रहेका कारण त्यस कार्यलाई गर्न सिफारिस गर्न मिल्दैन।

## २.३.३ प्रस्ताव क्षेत्रमा यातायातको पहुँचः

प्रस्ताव क्षेत्र कच्ची वाटोको पहुँच भएको वाहै् महिना सवारी साधान चल्न सक्ने मार्गका रुपमा रहेका छन्।

## २.३.४ प्रस्तावको क्षेत्र निर्धारण

यस अध्ययन प्रतिवेदनले नदीबाट कति मात्रामा संकलन/उत्खनन् गर्न सकिन्छ भन्ने अंकित गर्नु यसको प्रमुख उद्देश्य रहेको छ। सङ्कलन/उत्खनन् कार्यलाई वातावरणमैंत्री दिगो बनाउनको लागि समष्टिमा तपशिल बमोजिमका नियमहरु पालना गर्नु जरुरी देखिन्छ।

- ✓ नदीको हालको उच्चतम वहाव क्षेत्र भित्रको बगरवाट मात्र श्रोत सङ्कलन गर्ने ।
- ✓ श्रोत संकलन गर्दा विधमान पानीको सतहबाट कम्तिमा १०/१० मिटर सम्म कुनै पनि श्रोत सङ्कलन / उत्खनन् नगर्ने।
- ✓ नदीको धार नै परिवर्तन हुने गरी श्रोत सङ्कलन/ उत्खनन् नगर्ने ।
- ✓ नदीको पानिको सतह भन्दा गहिरो हुने गरी नदी वगरबाट श्रोत उत्खनन् नगर्ने ।
- ✓ उत्खनन् बगर क्षेत्रमा नदीले पुरेको निजि जमिन भएमा, निजहरुसंग समेत परामर्श गरि मात्र सङ्कलन / उत्खनन् कार्य गर्ने।
- ✓ नदीको २०० मिटर बगर किनार भित्रका उच्चतम वहाव क्षेत्र भित्र अग्ला भै ढिस्का परेर रहेका क्षेत्रहरूबाट ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन / उत्खनन् कार्यमा प्राथमिकता दिने।
- ✓ तोकिएको दैनिक परिमाण भन्दा बढी सङ्कलन / उत्खनन् नगर्ने ।

## २.३.५ सङ्कलन/उत्खनन् र ढुवानी (कार्य र विधि)

ढुङ्गा, गिट्टी तथा बालुवा लगायत निर्माण सामाग्रीको सङ्कलन / उत्खनन् कार्य तोकिएका नदीमा पानीको बाहाव क्षेत्र भन्दा बाहिर रहेका ढिस्काहरु र केही नदी किनारमा जम्मा भएका ठाँउहरुमा हुनेछ। सङ्कलन / उत्खनन् कार्यको लागि मानव संशाधनको प्रयोग गरिनेछ। निर्माण सामाग्रीको ढुवानीको लागि सडक विभागले सडक प्रयोजनको लागि तोकेको क्षमताको ट्याक्टर तथा ट्रकहरु प्रयोग गरिनेछ। सामान्यतया स्थानीय श्रमिकहरुबाट हात र सामान्य कुटो कोदालो, गैति, बेल्चा र हतौडा प्रयोग गरी नदीको बगर क्षेत्रहरूबाट मात्र ढुङ्गा र ग्रावेल सङ्कलन / उत्खनन् गरिनेछ र नदीमै सहजै पुग्ने टेक्टर, टिप्पर ढुवानीको लागी प्रयोग गरिनेछ। भारी उपकरणको (डोजर, स्काभेटर आदि) प्रयोग कटान नियन्त्रण तथा पुल / सडक जस्ता भौतीक संरचनामा पर्नसक्ने क्षती नियन्त्रण गर्न गाँउ अनुगमन समितिको सिफारसमा स्थान तथा भारी उपकरण प्रयोग गर्ने अनुमती गाँउ कार्यपालिकाले गर्नेछ तर ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन/उत्खनन्, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,

२०७७ को दफा ४ को उपदफा (४) अनुसार विपद् जोखिम संवेदनशील क्षेत्रमा मेशिनको प्रयोग गर्नुपर्ने भएमा जिल्ला विपद् ब्यवस्थापन समितिको अनुमती लिनुपर्नेछ।

## २.४ प्रस्ताव क्षेत्रबाट ढुङ्गा, गिट्टी तथा बालुवाको दिगो उत्खनन्/सङ्कलन तथा विक्री

### २.४.१ प्रस्ताव क्षेत्रमा हाल कायम उत्खनन् / सङ्कलन कार्य

सङ्कलन/उत्खनन् गर्न सकिने निस्दी खोला, अरुण खोला र कालीगण्डकी नदीको बगर क्षेत्रहरुका धेरै स्थानमा अध्ययन भएपनि दिगो रुपले निकाल्न मिल्ने १२ स्थान रहेका छन् यसका साथै स्थानीयले नदी बगरका अन्य क्षेत्रहरूबाट पनि सङ्कलन/उत्खनन् को कामहरु भएको देखिएको छ जस्तै साईपुर घाट जुन जोखिमका हिसावले उच्च रहेको छ।

### २.४.२ सङ्कलन / उत्खनन् गरिने परिमाणको आंकलन

नदीमा ढुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन् गर्न सकिने परिमाण विभिन्न कुराहरु जस्तै नदीको वहाव, पानिको मात्रा, भुधरातल आदिमा भर पर्ने भएकोले नदीको तटमा जम्मा हुने ढुङ्गा, गिट्टी तथा बालुवाको परिमाण एकिन गर्न धेरै असजिलो छ। तर फिल्डको अवस्थिति, अवस्था र ढुङ्गा, गिट्टी तथा बालुवा संकलन गर्न नदीमा रहेका कामदारहरु संगको अन्तवार्तामा आधारित भई फिल्ड टोलीले तल प्रस्तुत गरिए बमोजिमको शुत्र वमोजिम ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन/उत्खनन् गर्न सकिने परिमाण निकालेको छ।

ढुङ्गा, गिट्टी तथा बालुवा संकलन परिमाण = L x B x D घनिमिटर

जहाँ,

L = ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन / उत्खनन् क्षेत्रको लम्बाई

B = ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन / उत्खनन् क्षेत्रको चौर्डाई

D = ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन / उत्खनन् क्षेत्रमा संकलित ढुङ्गा, गिट्टी तथा बालुवा वाक्लोपना या गहिराई

*तालिकाः २.३ ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन/उत्खनन् गरिने परिमाणको आंकलन*

| क्र.स | क्षेत्र | नदी/खोला | निस्दी गा.पा. वडा नं. | लम्बाई (मिटर) | चौडाई (मिटर) | उत्खनन् योग्य गहिराई (घन मिटर) | संकलन/उत्खनन् आएतन (घन मिटर) | दिगो संकलन/उत्खनन् गर्न सकिने परिमाण (घ. मि.) |
|---|---|---|---|---|---|---|---|---|
| १ | भोटाहा घाट | कालिगण्डकी नदी | १ | ५०० | ४० | १ | २०००० | १६००० |
| २ | जलुक्के घाट | अरुण खोला | ४ | २०० | २० | ०.८ | ३२०० | २५६० |
| ३ | रिपाहा घाट साइट १ | अरुण खोला | ४ | १५० | २५ | ०.७५ | २८१२.५ | २२५० |
| ४ | रिपाहा घाट साइट २ | अरुण खोला | ४ | २०० | ४० | ०.६ | ४८०० | ३८४० |
| ५ | गल्था घाट (बडहरे) | निस्दी खोला | ५ | ७५ | १० | ०.५ | ३७५ | ३०० |
| ६ | ढुङ्गाना बेसी घाट | निस्दी खोला | ५ | ८० | १५ | ०.५ | ६०० | ४८० |
| ७ | डुम्मरे घाट | निस्दी खोला | ६ | ७५ | १५ | ०.५ | ५६२.५ | ४५० |
| ८ | भोगट्टे घाट | निस्दी खोला | ६ | १०० | १५ | ०.५ | ७५० | ६०० |
| ९ | रानीटार घाट | अरुण खोला | ७ | १०० | २० | ०.७५ | १५०० | १२०० |
| १० | कलबेरी घाट साइट १ | अरुण खोला | ७ | ८० | २५ | ०.५ | १००० | ८०० |
| ११ | कलबेरी घाट साइट २ | अरुण खोला | ७ | ७५ | २० | ०.५ | ७५० | ६०० |
| १२ | शेरा घाट | अरुण खोला | ७ | ११० | २० | ०.८ | १७६० | १४०८ |
| | | | | | | **जम्मा** | **३८११०** | **३०४८८** |

(नोटः मौजुदा परिमाणको ८०% मात्र उत्खनन् गर्न सिफारिस गरिएको छ।)

***दिगो सङ्कलन / उत्खनन् गर्न सकिने परिमाण वार्षिक तीस हजार चार सय अठासी घनमिटर*** वर्षमा असार, साउन र भाद्र महिनामा उत्खनन् नगर्दा वर्षमा जम्मा २७० दिन हुनेहुँदा सङ्कलन/उत्खनन् गर्दा दैनिक सङ्कलन/उत्खनन् को मात्रा ११२.९२ घनमिटर हुन्छ।यसरी सङ्कलन तथा उत्खनन् कार्य दैनिक १०० घनमिटर भन्दा बढी र ३०० घनमिटर भन्दा कम हुने हुदा वातावरण संरक्षण नियमावली, २०७७ र निस्दी गाउँपालिका, संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७९ अनुसार प्रारम्भिक वातावरण परिक्षण सान्दर्भिक हुन्छ ।

**कालिगण्डकी नदी**

| **नदीजन्य पदार्थ** | **जम्मा** |
|---|---|
| दैनिक उत्खनन् सिफारिस गरीएको (क्यू.मि.) | ५९.२६ |
| वार्षिक उत्खनन् गरिएको (क्यू.मि.) | १६,००० |
| वार्षिक उत्खनन् गरिएको (क्यू.फुट.) | ५,६५,०३५.२ |
| राजश्व प्रति क्यू.फुट. (रु.) | ८ |
| **कुल राजश्व (प्रति वर्ष) रु.** | **४५,२०,२८१.६** |

नोटः लुम्बिनि प्रदेश को आर्थिक ऐन २०७९ अनुसार प्राकृतिक स्रोत सङ्कलन तथा बिक्री शुल्कको दर राखिएको हो।

**निस्दी खोलाको** नदीजन्य पदार्थको सङ्कलन र उत्खन्नको विवरण

| **नदीजन्य पदार्थ** | **जम्मा** |
|---|---|
| दैनिक उत्खनन् सिफारिस गरीएको (क्यू.मि.) | ६.७८ |
| वार्षिक उत्खनन् गरिएको (क्यू.मि.) | १८३० |
| वार्षिक उत्खनन् गरिएको (क्यू.फुट.) | ६४६२५.९० |
| राजश्व प्रति क्यू.फुट. (रु.) | ६ |
| **कुल राजश्व (प्रति वर्ष) रू.** | **३,८७,७५५.४** |

नोटः लुम्बिनि प्रदेश को आर्थिक ऐन २०७९ अनुसार प्राकृतिक स्रोत सङ्कलन तथा बिक्री शुल्कको दर राखिएको हो।

**अरुण खोला**

| **नदीजन्य पदार्थ** | **जम्मा** |
|---|---|
| दैनिक उत्खनन् सिफारिस गरीएको (क्यू.मि.) | ४६.८८ |
| वार्षिक उत्खनन् गरिएको (क्यू.मि.) | १२,६५८ |
| वार्षिक उत्खनन् गरिएको (क्यू.फुट.) | ४,४७,०१३.४७ |
| राजश्व प्रति क्यू.फुट. (रु.) | ८ |
| **कुल राजश्व (प्रति वर्ष) रू.** | ३५,७६,१०७.७६ |

नोटः लुम्बिनि प्रदेश को आर्थिक ऐन २०७९ अनुसार प्राकृतिक स्रोत सङ्कलन तथा बिक्री शुल्कको दर राखिएको हो। निस्दी गाउँपालिकाले लुम्बिनी प्रदेश आर्थिक ऐन २०७९ को अनुसार तराईका जिल्लाका स्थानिय तहसँग सिमाना जोडिएका भू-भागबाट स्रोतको बिक्री गर्दा तराईका जिल्लाको लागि तोकिएको दररेट रु ८ प्रति क्यूव फिट र सिमाना नजोडिएका भू-भागको सन्दर्भमा पहाडी जिल्लाको दररेट रु ६ राकिएको हो। वडा नं. १ मा रहेको भोटाहा घाट बाहेक अरु घाटमा पहुच सडक राम्रो नभएको अवस्था छ। पहुच सडक मर्मत तथा निर्माण पश्चात नदीजन्य पदार्थको ठेक्का प्रक्रिया अगाडी बढाउदा राजश्वमा विद्धि हुने देखिन्छ।

## अध्याय ३: अध्ययन विधि

वातारण संरक्षण ऐनः २०७६ तथा वातावरण संरक्षण नियमावलीः २०७७, ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन/उत्खनन्, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ र ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९ मा व्यवस्था भएका प्रकृयाहरुको अनुसरण गरी प्रस्तावको वातावरणीय अध्ययन गरिएको थियो। जस अनुसार गाँउपालिकामा पेश भएको कार्यसूची गाँउपालिका प्रमुख प्रशासकीय अधिकृत द्धारा स्वीकृत भए पश्चात प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीका लागि मिति २०७९।०५।१८ विहान १०:०० बजे निस्दी गाउँपालिका वडा नं. ६ को रेचे र दिउँसो २:०० बजे सात मुरेमा सार्वजनिक सुनुवाई गरिएको थियो। त्यस्तै मिति २०७९|०५|१९ ११:०० बजे बिहान वडा नं. ४ को रिपाहा गाउँमा सार्वजनिक सुनुवाई गरिएको थियो। मिति २०७९|०५|२० बिहान ८:०० बजे वडा नं. ५ को ढुङ्गाना बेसि र दिउँसो १२:०० बजे वडा नं. १ को भोटाहा घाटमा सार्वजनिक सुनुवाई गरीएको थियो। साथै मिति २०७९।०५।२८ गतेको दैनिक लुम्बिनी स्थानिय दैनिक पत्रिकामा ७ दिने सार्वजनिक सूचना प्रकाशित गरी प्रस्ताव कार्यान्वयन बाट स्थानीय वातावरणमा पर्नसक्ने सबै किसिमका प्रभावहरुका वारेमा सम्बन्धित सरोकार वालाहरुबाट लिखित राय सुझावहरू दिन माग गरिएको थियो। उक्त सूचनाको आधारमा प्राप्त राय सुझावहरू तथा यस गाँउपालिकाको निस्दी खोला, अरुण खोला र कालिगण्डकी नदी बगर क्षेत्रहरूको हालको र प्रस्तावित सङ्कलन / उत्खनन् घाटहरुको स्थलगत निरिक्षण भ्रमण गरी उक्त भ्रमणबाट प्राप्त जानकारी र स्वीकृत कार्यसूचीको आधारमा यो प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरिएको हो ।

प्रतिवेदन तयार गर्न चाहिने प्रथम तथा दोस्रो क्रमको तथ्याङ्क (Primary and Secondary data) क्रमशः फिल्डको अध्ययन र सन्दर्भ सामग्रीहरुको पुनरावलोकन बाट प्राप्त गरिएको थियो । प्रतिवेदन तयार पार्न आबश्यक प्राथमिक क्रमका भौतिक र जैविक वातावरण सम्बन्धी तथ्याङ्कहरु, प्रस्ताव क्षेत्रको स्थलगत अवलोकन, सहभागिता मुलक ग्रामीण लेखाजोखा (प्रमुख सूचना दाता अर्न्तवार्ता, लक्षित समूह छलफल) र श्रोतको श्रोत सर्वेक्षण द्धारा एवं दोस्रो क्रमको जानकारीहरु विभिन्न किसिमका प्रकाशनहरु जस्तै गाँउको प्रोफाइल, अघिल्लो प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, गाँउपालिकाको आर्थिक ऐन २०७७—७८, निस्दी गाउँपालिकाको नक्शाहरु, गाँउपालिकाको पार्श्वचित्र, गाँउपालिकाको वार्षिक योजना पुस्तिकाबाट उपलब्ध भएको थियो।

### ३.१ अध्ययन

#### ३.१.१ कार्यालयमा अध्ययन

गाँउ कार्यपालिकाको कार्यालय मित्याल पाल्पाको कार्यालयमा बसेर गरिएको अध्ययनमा उपलब्ध सन्दर्भ सामाग्रीहरुको पुनरावलोकन, नक्शाहरुको अध्ययन र ब्याख्या बिश्लेषण तथा सङ्कलन / उत्खनन् कार्यबाट पर्नसक्ने जैविक, भौतिक, सामाजिक आर्थिक प्रभावहरु पहिचानको लागि प्रभाव पहिचान प्रश्नावली एवं सङ्कलन / उत्खनन् घाटहरुको विवरणको लागि विवरण फारम तयारी गरि ती सामग्रीहरुको अन्तिमरुप दिने कार्य गरिएको थियो ।

**क) सन्दर्भ सामाग्रीहरुको पुनरावलोकनः**

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार पार्दा प्रमुख रुपमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको नीति, ऐन, नियम तथा निर्देशिका तथा मापदण्डहरुलाई र अन्य गाँउपालिकाको कार्यालयबाट संकलन गरिएका सान्दर्भिक सहयोगी सामग्रीहरुलाई ध्यान दिई विभिन्न दस्तावेजहरुको पुनरावलोकन गरिएको थियो जसको विवरण सन्दर्भमा प्रस्तुत गरिएको छ ।

**ख) नक्शाहरुको अध्ययनः**

प्रस्ताव कार्यान्वयन हुने क्षेत्रहरूको भौगोलिक अवस्था, अबस्थितिका साथै वन तथा वातावरणको जानकारी हासिल गर्नका लागि गाँउपालिकाको नक्शाको आधारमा, सङ्कलन / उत्खनन् घाटहरुको टोपो नक्शाको अध्ययन गरि नदी बगर र त्यहाँ सम्मपुग्ने मार्गहरुको पहिचान र त्यस नदीमा रहेका घाटहरु पत्ता लगाई उक्त कार्यबाट प्रभाव पर्नसक्ने गाँउपालिकाका वडाहरुको जानकारी नक्शाबाट लिइएको थियो ।

**ग) चेक लिस्ट र प्रश्नावलीः**

सुचनाहरुको पुस्टयाई लिन र थप जानकारी हासिल गर्नका लागि र प्रस्ताव कार्यान्वयनवाट जैविक, भौतिक, सामाजिक-आर्थिक वातावरणमा पर्न सक्ने प्रभाव पहिचान गर्नको लागि प्रभाव पहिचान प्रश्नावली प्रयोग गरिएको थियो। साथै सङ्कलन / उत्खनन् गर्ने नदी बगर क्षेत्रहरूको घाटको विस्तृत विवरण लिनुको लागि कार्यसूचीमा उल्लेख भए बमोजिमको विवरण फारम तयार गरिएको थियो ।

### ३.१.२ फिल्डमा गरिएको अध्ययनः

प्रस्ताब कार्यान्वयन हुने क्षेत्रहरुमा स्थलगत फिल्ड भ्रमण गरी जैविक वातावरण र प्रस्ताव कार्यान्वयनवाट जैबिक, भौतिक, आर्थिक, सामाजिक वातावरणमा पर्नसक्ने प्रभावहरु सम्बन्धी आबश्यक जानकारी, प्रभाव पहिचान प्रश्नावली, नदीको विस्तृत विवरण फारम, प्रमुख सूचनादाता अर्न्तवार्ता, लक्षित समूह छलफलबाट लिइएको थियो। गाँउपालिको प्रमुख, गाँउपालिका कार्यालयका प्राविधिक, वडा अध्यक्षहरू, वन उपभोक्ता समितिका प्रतिनिधि, गाँउपालिका प्रभावित वडाहरुका घाटहरुवाट ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन / उत्खनन् गरि आएका ढुवानीका साधनहरुको

ठेकेदारका तर्फबाट कर असुलीको लागि खटाईएका व्यक्तिहरु, स्थानीय र सामुदायिक वन उपभोक्ता समितिका प्रतिनिधिहरू संग सुचनाको लागी अन्तरर्वाता गरिएको थियो।

**क) जैबिक वातावरण सम्वन्धी तथ्याङ्क संकलन कार्यः**

प्रस्ताव क्षेत्र वरपरको वनको किसिम, अबस्था, प्रजाती आदिबारे जानकारी समेटिनुका साथै स्थानीय बासिन्दाहरुको सूचनाको आधारमा नदीको विस्तृत फारममा टिपोट गरिएको थियो। माछाबारे जानकारी लिन सोही फारममा नदी तथा नदीमा आसपासमा भेटिएका साथै माछा मार्ने स्थानीय ब्यक्तिहरुबाट जानकारी संकलन गरिएको थियो। प्रस्ताव कार्यान्वयन क्षेत्रहरूबाट संकलन र ढुवानी गर्दा बाटोमा पर्ने वनमा पाईने तथा आवतजावत गर्ने वन्यजन्तुको बारेमा थप जानकारी लिन नदीको घाट वरपर पसल गरेर बस्ने व्यापारी, जंगलमा घाँस काटेर फर्कदै गरेका महिलाहरु र गोरु चराउन वन गएका गोठालाहरु सँग सोधपुछ गरि नदीको विस्तृत फारममा उतारिएको थियो ।

**ख) भौतिक वातावरण सम्बन्धी तथ्याङ्क संकलन कार्यः**

यो प्रस्ताब कार्यान्वयन हुने क्षेत्रहरु स्थलगत निरिक्षण र श्रोत सर्वेक्षण गर्ने क्रममा घाटको वरिपरि रहेको भौतिक वातावरणको वारेमा टिपोट गरिएको थियो। यसरी अध्ययन गर्न भ्रमण गर्ने काममा घाटमा कामगर्दै गरेको अवस्थामा रहेका कामदारहरुसँग पनि त्यस क्षेत्रको भौतिक वातावरणको वारेमा जानकारी लिईएको थियो। उनीहरुसँग जलाधार क्षेत्र, भू-क्षय हुने क्षेत्र, नदी नालामा पानीको अबस्था र प्रस्ताव कार्यान्वयनवाट प्रत्यक्ष पर्नसक्ने भौतिक असरहरुका बारेमा छलफल तथा सोधपुछ गरी प्रस्ताब कार्यान्वयन गर्दा पर्न सक्ने प्रभाब आदि बारेमा जानकारी सङ्कलन / उत्खनन् गर्ने कार्य गरिएको थियो ।

**तापक्रम र वर्षा**

आयोजना क्षेत्रमा तापक्रम तथा वर्षा मापनको स्टेसन नभएकोले आयोजना क्षेत्रको अवस्थाको तथ्यांक अध्ययन गरिएको थियो।

उक्तक्षेत्रको तथ्यांक अनलाईन माध्यमबाट (https://www.worldweatheronline.com/) बाट लिएर रेखा चित्रमा प्रस्तुत गरिएको छ । वर्षाको विवरण सन् २०२०को लागि प्रस्तुत गरिएको छ भने सोहि बर्षको लागि उच्च, औसत र निम्न तापक्रमको मापनको विवरण दिइएको छ।

**वायुको गुणस्तर**

वायु गुणस्तर मापनको लागि सडक विभागको टेम्प्लेटमा हाई भोल्यम स्याम्प्लर प्रयोग गरी २४ घन्टाको तथ्यांक संकलन गर्ने भनिएको भएता पानी हाई भोल्युम स्याम्प्लर चलाउन आवश्यक विद्युत आपूर्ति लगाएतका कारणहरुले गर्दा स्थलगत अध्ययनको क्रममा लो भोल्युम स्याम्प्लर -IQAIR(Air Visual Pro Air Quality Monitor) प्रयोग गरी वायुको गुणस्तरको लागि पार्टीकुलेट म्याटर (पी.एम.१० र पी.एम.२.५) को तथ्यांक लिइएको थियो । तथ्यांक संकलनको क्रममा यस आयोजनाको २ वटा ठाउँहरु- आयोजना स्थल र आयोजना क्षेत्र पुग्ने

प्रमुख सडक एक घण्टा सम्मको प्रत्येक २ मिनेटको मानहरु लिइएको थियो । उक्त मानहरुको औसत मान निकालेर तथ्यांक विष्लेषणमा प्रस्तुत गरिएको छ।

**पानीको गुणस्तर**

पानीको गुणस्तर मापनको लागि स्थलगत अध्ययनको क्रममा विभिन्न पानीका स्रोतहरुमा पुगेर पानीको नमुना बिकरमा लिएर मल्टी प्यारामीटर मीटर (Thermo ScientificTM Orion StarIM A329) प्रयोग गरिएको थियो । गुणस्तर मापनको क्रममा पानीको पी.एच., विद्युत संचालन, घुलित अक्सिजन, तापक्रमको मापन गरिएको थियो। आयोजनाको २ वटा ठाउँहरु- आयोजना स्थल निर्माण कार्यको लागि प्रयोग गरिएको पानि र आयोजना क्षेत्र पुग्ने प्रमुख सडक को नजिकैको धाराबाट पानि लिई मापन गरिएको थियो।

**ध्वनिको गुणस्तर**

आयोजना क्षेत्रको ध्वनि प्रदूषणको अवस्थाको विष्लेषण गर्नकोलागी ध्वनि मापन यन्त्र (Sound Level Meter, Sound-level meter, LUTRON SL-4011) को प्रयोग गरिएको थियो । स्थलगत अध्ययनको क्रममा आयोजना क्षेत्रका आयोजना स्थल र आयोजना क्षेत्र पुग्ने प्रमुख सडक को मुखमा ध्वनिको तथ्यांक संकलन गरिएको थियो । तथ्यांकको लागि प्रत्येक ठाउमा ध्वनि मापन यन्त्रबाट २-२ मिनेटको अवधिमा एक घण्टा सम्म तथ्यांक लिई, २-२ मिनेटको तथ्यांकलाई औसत ध्वनिको स्तरमा निकालिएको थियो। ध्वनिको स्तर Leq (डेसिबेल) मा प्रस्तुत गरिएको छ

$$L_{eq} = 10\log_{10}\left(\frac{1}{N}\sum_{i=1}^{N} f_i \times 10^{0.1 \times L_i}\right)$$

जहाँ,

N= number of discrete sound level measured

fi = fraction of the time

Li=Sound level at the ith time

**भौगर्भिक अनुसन्धान**

भौतिक वातावरणको अध्ययन अन्तर्गत स्थालाकृतिको टोपोम्याप (ने. स., नापी विभागद्वारा प्रकाशित) तथा भौगर्विक जानकारी एवं तथ्यांकको लागि यस आयोजना को विस्तृत परियोजना प्रतिवेदन र सन्दर्भसामाग्रीको रुपमा धिताल (२०१५) प्रयोग गरिएको थियो । माटोको पहिचान तथा टेक्स्चर अध्ययनको लागि स्थलगत दृष्टिगत विश्लेषण विधी (ए.एस.टी.एम. इन्टरनेसनल, २०१६) को प्रयोग गरिएको थियो।

**सार्वजनिक सम्पत्तिहरू**

आयोजना स्थलमा भएका र आयोजनाले प्रत्यक्ष प्रभाव पर्ने स्थानमा कुनै पनि सार्वजनिक सम्पत्ति छैनन्।

### आयोजनाका सहायक सुविधाहरु

आयोजनाका सहायक सुविधाहरु जस्तै बिग्रन व्यवस्थापन क्षेत्र, कामदार शिविर, आयोजनाका सामाग्री भण्डारण गर्ने क्षेत्र आदि स्थलगत अध्ययन गरी कोअर्डिनेट सहित यी सुविधाहरुकोलागी आवश्यक पर्ने स्थान र जग्गाको विवरण तालिकामा प्रस्तुत गरिनुका साथै यी सहायक सुविधाहरु राखिने ठाउँहरु जि.आइ.एस. प्रयोग गरी देखाइएको छ।

### भू-उपयोग

आयोजना क्षेत्रको भू-उपयोग अध्ययनको लागि उक्त क्षेत्रको भू-उपयोग नक्साको अध्ययनको साथै स्थलगत अवलोकन गरी जि.आइ.एस. बिधिद्वारा प्रत्येक भू-उपयोग अन्तर्गतको भू-नक्सामा देखाइएको छ । आयोजनाले प्रत्यक्ष प्रभाव पार्ने क्षेत्रको भूउपयोग अनुसारको जग्गाको विवरण वन क्षेत्र, कृषी क्षेत्र, वस्ति आदिको तथ्यांक प्रस्तुत गरिएको छ।

- **जैविक वातावरण**

### वनस्पती

आयोजना निर्माण गर्ने क्रममा कुनै पनि रुख बिरुवाहरु कटान गर्नु पर्ने छैन । वनस्पतिको अध्ययनको लागि स्थलगत अध्ययनको क्रममा प्रत्क्षय अवलोकन गरी प्रभावित क्षेत्रमा खासगरी रुखका प्रजाति पहिचान गरिएको थियो । वनस्पति प्रजाति पहिचानको लागी श्रेष्ठ र अन्य (२०१८) प्रयोग गरिएको थियो।

आयोजना क्षेत्रमा पाइने वनस्पति प्रजातिहरुको संरक्षण अवस्था जस्तै नेपाल सरकारको संरक्षण प्राथमिकता, आइ.यु.सि.एन. को रेलिस्ट एवं सा.इ.टि.स. को अनुसूची अनुसार यकिन गरी नेपाली र वैज्ञानिक नाम सहित प्रस्तुत गरिएको छ।

### वन्यजन्तु

वन्यजन्तुको अवस्था बारेको जानकारी र तथ्यांकको लागि सन्दर्भ सामाग्रीहरु, स्थलगत अवलोकन र स्थानीयहरूसंगको छलफलबाट तयार पारिएको छ।

### स्तनधारी

स्तनधारी जीवहरुको जानकारीको लागि स्थलगत अध्ययनको क्रममा आयोजना क्षेत्रको वरिपरि जनावरको उपस्थिति, जनावरको दिसा, पद चिन्ह आदिको अवलोकन गर्नुका साथै स्थानीय घरहरुमा पाइएका छाला, सिंग, खुर आदिको अवलोकन र जानकारी लिइएको थियो । स्थानीय मुख्य जानकार व्यक्ती र अन्य स्थानीयहरू संगको छलफलमा जनवारहरुको फोटो देखाई उक्त स्थानमा देखिने गरेको , बालिको नोक्सानी गर्ने गरेको आदि जानकारी लिइएको थियो ।

स्तनधारी जनावरको जानकारी तथा पहिचानको लागि ज्ञवाली र अन्य (२०११) को प्रयोग गरिएको थियो। आयोजना क्षेत्रमा पाइने जनावरहरुको नाम र संरक्षण अवस्थाको बारेमा प्रस्तुत गरिएको छ।

**चराहरु**

आयोजना क्षेत्रमा पाइने चरा-चुरुंगीको अवस्था बारेको तथ्यांक र जानकारीको लागि स्थलगत अध्ययनको क्रममा, आयोजना संगैका ठाउँहरुमा बाईनाकुलरको सहायताले अवलोकन गर्नुका साथै तिनीहरुको आवाज, प्वाँख, गुंड आदिको टिपोट गरिएको थियो। चराहरुको पहिचानको लागि Grimmetet.al. (2016) प्रयोग गरिएको थियो । सम्पूर्ण स्रोतबाट तयार गरिएको चराहरुको नाम, वैज्ञानिक नाम र संरक्षण अवस्था सहित प्रस्तुत गरिएको छ ।।

**सरीसृप र उभयचर**

सरीसृप र उभयचरको पहिचानको लागि स्थलगत अध्ययन, स्थानीयहरुसंगको छलफल र फोटाहरुको प्रयोग गरिएको थियो। सरीसृप र उभयचरको प्रत्यक्ष अवलोकनको लागि वन क्षेत्र एवं पानीका स्रोतहरूको वरिपरी दृष्टि खोजीकार्य (Visual Encounter Survey) गरिएको थियो र प्रजाति पहिचानको लागि शाह र तिवारी (२००४) प्रयोग गरिएको थियो। स्थलगत अध्ययनको क्रममा देखिएका प्रजाति, स्थानियहरुले बताएका प्रजातिहरू र संधर्व सामग्रीबाट प्राप्त जानकारीको आधारमा सरीसृप र उभयचर प्रजतीहरुको अवस्था नाम र वैज्ञानिक नाम सहित प्रस्तुत गरिएको छ।

**वन्यजन्तुको वासस्थान, विचरण क्षेत्र र हिडडुल क्षेत्र**

अध्ययनको क्रममा प्रत्यक्ष अवलोकन गरी, स्थानीयहरू संगको छलफल र सन्दर्भ सामाग्रीहरुको आधारमा विश्लेषण गरिएको थियो।संरक्षणको लागि महत्वपूर्ण छ छैन भन्ने विश्लेशणको लागि टोपोनक्सा, भू-उपयोग, नक्सा ट्रानजेक्ट वाकको क्रममा त्यहाँको बासस्थानको अवस्था अवलोकन गरिएको थियो।जिवजन्तुको हकमा वासस्थानको अवलोकन स्थानीयहरु संगको छलफल बाट प्राप्त जानकारी संलग्न गरिएको थियो । चराहरुको वासस्थान अवस्थाकोलागि बराल र ईरिकप (२००५)को साथै सरीसृप र उभयचरको लागि शाह र तिवारी (२००४) को अध्ययन गरिएको थियो।

- **आर्थिक, सामाजिक र साँस्कृतिक वातावरण**

घरधुरी सर्वेक्षण निस्दी गाउँपालिका वार्ड न १, ४, ५, ६ र ७ मा गरिएको थियो । घरधुरी सर्वेक्षणको लागि घरधुरी सर्वेक्षण प्रश्नावली (अनुसूची ७ ) प्रयोग गरिएको थियो । स्थलगत अध्ययनको लागि निस्दी गाउँपालिकाद्वारा स्वीकृत कार्यसूचीको अनुसूची - २ मा समावेश चेकलिस्ट प्रयोग गरी सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणीय अवस्थाको तथ्यांक

संकलन गरिएको थियो । उक्त चेकलिस्ट भौतिक, रासायनिक तथा जैविक वातावरणीय अवस्थाको अध्ययनको लागि आयोजना क्षेत्रको आसपास र सामाजिक वातावरणीय अवस्थाको अध्ययनको लागि प्रत्यक्ष प्रभावित वस्तीहरुका अवस्था टिपोटको लागि प्रयोग गरिएको थियो। सोहि कार्यसूचीको अनुसूची २ मा समावेश गरिएको चेकलिस्ट प्रयोग गरी लक्षित समूहसँग छलफल तथा विमर्श गरिएको थियो । यसका साथै स्थानीय नेता तथा वडा अध्क्षवहरु मुख्य जानाकार व्यक्तिका रुपमा अन्तरवार्ता गरिएको थियो ।

**ग) सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरण सम्बन्धी तथ्याङ्क संकलन कार्यः**

यसको लागि खासगरी गाँउपालिकाबाट प्राप्त गाँउको प्रोफाईलवाट प्रभावित गाँउपालिकाको सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरण सम्वन्धी तथ्याङ्क संकलन गरिएको थियो र प्रस्ताव कार्यान्वयन क्षेत्र गाँउपालिकाले पहिलेदेखि श्रोत संकलनको लागि छुट्टाइएको क्षेत्रहरुनै भएका कारण अघिल्लो प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनवाट पनि तथ्याङ्क संकलन गरिएको थियो । सङ्कलन / उत्खनन् घाटको मा कुनै प्रभावित बस्तीहरु नरहेको कारण घरधुरी सर्वेक्षण गरिएको छैन। साथै प्रभावित वडाहरुको सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरण सम्बन्धी तथ्याङ्कलाई नै प्रस्तावको सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरण सम्वन्धी तथ्याङ्क मानिएको छ ।

**घ) श्रोत सर्वेक्षणः**

श्रोत सर्वेक्षण कार्य यस प्रस्तावको कार्यान्वयन क्षेत्रमा अत्यन्त महत्वपूर्ण र कठीन कार्य भएपनि उपलब्ध श्रोत साधन र जनशक्तिबाटै सम्पूर्ण क्षेत्रको श्रोत सर्वेक्षण कार्य पुरा गरी वास्तबिकतामा पुग्ने प्रयास गरिएको थियो। यसका लागि प्रत्यक्ष भेटघाट गरी छलफल गर्नुका साथै श्रोत सँग सम्बन्धित अप्रकाशित अघिल्लो प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदनको अध्ययन समेत गरिएको थियो। प्रस्तावित प्रस्ताव कार्यान्वयन क्षेत्रको टोपो नक्शा उतारि उक्त नक्शामा श्रोतको सङ्कलन / उत्खनन् गर्न सकिने क्षेत्रहरु र प्रत्यक्ष हेराईबाट हालको वास्तविक सङ्कलन / उत्खनन् गर्न सकिन क्षेत्रहरु दाँजी, वास्तविक सङ्कलन / उत्खनन् गर्न सकिने क्षेत्रहरु टोपो नक्सा अध्याय २ मा र गुगल नक्शा अनुसूचीमा देखाईएको छ ।

## ३.२ सार्वजनिक सूचना,जन परामर्श एवं सिफारिस पत्रहरु

प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रक्रियालाई पारदर्शी र प्रस्ताव कार्यान्वयनबाट उक्तक्षेत्र वरिपरिका समुदायमा पर्नसक्ने सकरात्मक असरको उपभोग र नकरात्मक असरको न्यूनीकरण उक्त क्षेत्रको समुदायबाटै राय सुझाव संकलन गरि सुशासनको प्रत्याभूति गराउन र सम्वन्धित समुदायबाट सहि सूचना र अधिकतम सूचनालिन प्रस्ताव कार्यान्वयनवाट सम्बन्धित क्षेत्रमा पर्ने सम्पूर्ण वातावरणीय असरहरुको लेखाजोखा गर्न ७ दिने सार्वजनिक सूचना २०७९।०५।२८ गते दैनिक लुम्बिनि स्थानिय दैनिकमा मंगलवारको दिन प्रकाशन गरिएको थियो । साथै सम्बन्धित घाटहरुको स्थलगत

निरिक्षण गरि श्रोत सर्वेक्षण गर्ने क्रममा गाँउपालिकाको प्रभावित क्षेत्रमा त्यहाँका स्थानीय बासिन्दासँग लक्षित समूह छलफल, प्रमुख सूचनादाता प्रश्नावलीवाट स्थानीय वातावरणमा पर्नसक्ने असरहरुका बारेमा जानकारी लिईएको थियो र प्रस्ताव कार्यान्वयनका लागि सुझावहरू संकलन गरिएको थियो।

## ३.३ तथाङ्कको बिश्लेषण

प्रस्तावित क्षेत्रको अध्ययन गर्दा प्राप्त भएका प्रथम र दोस्रो क्रमका तथ्याङ्क तथा जानकारीलाई सँक्षिप्तिकरण गर्ने, आवश्यकता अनुसार तालिकामा राख्ने तथा प्रतिवेदनको उपयुक्त भागहरुमा विश्लेषण गरि समाबेश गरीएको छ ।

## ३.४ प्रभावहरुको पहिचान/अनुमान/बिश्लेषण

यस प्रस्ताव कार्यान्वयन क्षेत्रबारे रहेको सन्दर्भ सामग्री जस्तै अघिल्लो प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, गाँउपालिकाबाट प्राप्त नक्शाहरु, टोपो नक्शामा घाटहरुको अवस्थिती तथा फिल्डको निरीक्षण एवं श्रोत सर्वेक्षणबाट प्राप्त विवरण, फारम, प्रभाव पहिचान सूची जस्ता सामग्रीहरुलाई प्रस्ताब कार्यान्वयन गर्दा हुने सम्भाब्य अनुकूल र प्रतिकूल असरहरुको पहिचान गरी त्यसको जैबिक, भौतिक, सामाजिक आर्थिक गरी तीन शिर्ष अर्न्तगत छुट्याईएको छ । पहिचान गरिएका सम्भाब्य अनुकूल र प्रतिकूल असरहरुको स्थानीय वातावरणमा भविष्यमा हुन सक्ने परिवर्तनहरुको अनुमान गरिएको छ। वातावरणीय पद्धतीको बिश्लेषण गर्न मेट्रिक्स प्रणाली अपनाईएको छ। प्रस्ताब सँग सम्बन्धित नीति, कानून, नियम, निर्देशिका, फिल्डवाट प्राप्त सामग्रीहरु, पूर्व अनुभब तथा बिशेषज्ञताको आधारमा प्रभावहरुको बिश्लेषण गरिएको छ। राष्ट्रिय वातावरणिय प्रभाव मूल्यांकन निर्देशिका, २०५० बमोजिम प्रभावलाई प्रकृति, मात्रा, सिमा, र समायावधि मा बर्गीकरण गरिए बमोजिम प्रकृतिलाई प्रत्यक्ष र अप्रत्यक्ष, मात्रालाइ, मध्यम र निम्न, सिमालाई स्थानीय, स्थानविशेष र क्षेत्रीय र अवधिलाइ दर्घकालिन, मध्यम र अल्पकालिन गरी ३ भागमा विभाजन गरि प्रभावहरु कूल अंकको आधारमा अति महत्वपूर्ण, मध्यम महत्वपूर्ण र कम असर रहेको ठहर गरिएको छ।

## ३.५ प्रभाव न्यूनीकरण विधिहरुको पहिचान

प्रस्ताव कार्यान्वयन क्षेत्रबाट ढुङ्गा, बालुवा तथा गिट्टी सङ्कलन / उत्खनन् गर्दा उपरोक्त क्षेत्रहरुमा पर्ने प्रतिकूल प्रभावहरुको रोकथाम तथा न्यूनीकरणका उपयूक्त उपाएहरुको विवरण समुदाय संग गरिएको छलफलवाट प्राप्त सुझाव, गाँउपालिका सँगको छलफलबाट प्राप्त सुझावहरू, मौजाद तथ्याङ्कहरुको अध्ययन, स्थलगत निरीक्षणमा प्रत्यक्ष हेराई वाट प्राप्त जानकारी, सन्दर्भ सामग्री जस्तै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नियमन गरको ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन / उत्खनन् सम्बन्धि मापदण्ड, २०७७ र स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहहरुको प्राकृतिक स्रोतहरुवाट राजश्व संकलन कार्यको प्रचलित व्यवस्था र मस्यौदा प्रतिवेदनको प्रस्तुतीका क्रममा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन पूनरावलोकन समितिवाट प्राप्त अमूल्य सुझावहरुको

आधारमा सकरात्मक प्रभावहरुलाई बढोत्तिकरण गर्ने र नकरात्मक प्रभावहरुलाई न्यूनीकरण गर्ने विधिहरु तयार गरिएको छ । साथै उक्त उपायहरुको कार्यान्वयनको प्रभावकारीता सूनिश्चित गर्नका लागि वातावरणीय व्यवस्थापन योजना अर्न्तगत सरल वातावरणीय अनुगमन योजना तयार गरिएको छ ।

## ३.६ प्रतिवेदन तयारी

वातावरण संरक्षण नियमावली २०७७ को अनुसूची ११ नियम ७ को उपनियम (५) को खण्ड (ख) बमोजिम प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको ढाँचा र स्थलगत सर्वेक्षणबाट संकलन गरिएका र अन्यपहिलो र दोस्रो किसिमका विवरणको आधारमा प्रतिवेदन तयारी गरिएको छ। यसरी तयार पारिएको प्रतिवेदन अन्तिम स्वीकृतीको लागि स्वीकृत कार्यसूची अनुसार गाँउ कार्यपालिका पेश गरियो र प्राविधिक समिति (Review Committee) र कार्यपालिकाको राय सुझावहरू समेटेर प्रतिवेदनको अन्तिम रूप दिइयो।

# अध्याय ४: विधान, नीति, कानुनी व्यवस्था, निर्देशिका, मापदण्ड एवं सम्मेलनहरूको पुनरावलोकन

प्राकृतिक श्रोतहरु जस्तै नदी, नदीहरुबाट ढुङ्गा, बालुवा र गिट्टी उत्खनन्/संकलन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्नका लागि निर्दीष्ट कार्यविधि तथा प्रचलित ऐन, कानून तथा नियमका बारेमा विस्तृत जानकारी रहनु अति आवश्यक छ। उक्त प्रतिवेदन तयार गर्दा निम्न वमोजिमका नीति, ऐन, नियमावली, निर्देशिका, मापदण्ड एवं सम्मेलनहरुको हकमा रहि तयार गरिएको र यी नीति, ऐन, नियमावली, निर्देशिका, मापदण्ड एवं सम्मेलनहरुको छोटो बिवेचना यस प्रकार रहेको छ।

## ४.१ नेपालको संविधान, २०७२

नेपालको संविधान, २०७२ को धारा ५५ को उपधारा (छ) मा प्रकृतिक साधन स्रोतको संरक्षण, सर्वधन र उपयोग सम्वन्धी नीति को उपधारा (१) राष्ट्रिय हित अनुकुल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलव्ध प्राकृतिक स्रोत साधनको संरक्षण, सर्म्वधन र वातावरण अनुकुल रुपमा दिगो उपयोग गर्ने र स्थानीय समुदायलाई प्रथामिकता र अग्राधिकार दिदै प्राप्त प्रतिफलको न्यायोचित वितरण गर्ने । उपधारा (४) जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाईको विकास गर्ने। उपधारा (५) प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाच्ने हक हुनेछ भन्ने कुरा उल्लेख गरिएको छ भने धारा ३५ को उपधारा (१) मा प्रत्येक नागरिकलाई स्वस्थ्य र स्वच्छ वातावरणमा वाच्न पाउने हक हुनेछ । (२) वातावरणिय प्रदुशण तथा ह्रासवाट हुने क्षतिवापत पिडीतलाई प्रदुषक कानून वमोजिम क्षतिपूर्तीको हक प्राप्त हुनेछ। (३) राष्ट्रको विकास सम्वन्धी कार्य गर्ने प्रयोजनका लागी वातावरण र विकासवीच समुचित सन्तलुनका लागि आवश्यक कानुनी व्यवस्था गर्न यस धाराले वाधा पुर्याएको मानिने छैन। भन्ने कुरा उल्लेख गरिएको छ। यसरी संविधान अनुसार पनि कुनै प्रस्तावना कार्यान्वयनमा वा प्राकृतिक स्रोतको प्रयोग गर्नु अगाडी वातावरणिय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणिय परिक्षण गराउनु आवश्यक हुन्छ।

## ४.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा १ को खण्ड 'घ' स्थानीय कर, सेवा शुल्क तथा दस्तुर को (६) मा "ढुङ्गा, गिटी, बालुवा माटो, काठ, दाउरा, जरिवुटी, स्लेट, खरीढुङ्गा आदी प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क दस्तुर संकलन" भन्ने उल्लेख गरिएको छ ।

## ४.३ सर्वोच्च अदालतको आदेश

सम्मानित सर्बोच्च अदालतको २०६७ श्रावण २१ गतेको आदेशले ढुङ्गा तथा बालुवालाई प्राकृतीक सम्पदाको रुपमा व्याख्या गर्दै यसको प्रयोग सार्वजनिक हितमा मात्र गर्न सकिन्छ भन्ने निर्क्योल गरेको

छ। साथै यस्ता प्राकृतिक सम्पदाको प्रयोग गर्दा वातावरण संरक्षणलाई उच्च महत्व दिंदै सङ्कलन / उत्खनन् तथा प्रयोग पूर्व अनिवार्य सम्बन्धित बिषयका विज्ञ टोलीबाट वातावरण प्रभाव मुल्यांकन / परिक्षण गर्न / गराउन आदेश भएको छ।

## ४.४ ऐन तथा नियमावली

### ४.४.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा १ को खण्ड 'घ' स्थानीय कर, सेवा शुल्क तथा दस्तुर को (६) मा "ढुङ्गा, गिट्टी, बालुवा माटो, काठ, दाउरा, जरिबुटी, स्लेट, खरी ढुङ्गा आदी प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर संकलन" भन्ने उल्लेख गरिएको छ।

### ४.४.२ वातावरण संरक्षण ऐन, २०७६

वातावरण संरक्षण ऐन २०७६ ले स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक अधिकार गर्न, वातावणीय प्रदुषण वा ह्रासबाट हुने क्षेति बापत पीडित लाई प्रदुषक क्षेतिपूर्ती गराउन, वातावरण र विकास बिच समुचित सन्तुलन कायम गर्न, प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकुल वातावरणीय प्रभाव बारे बोलेको छ । ऐनको दफा ३ मा प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतको लागी विभिन्न सरकारी निकायमा प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख गरेको छ। यस ऐन बमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपूर्व सम्बन्धित निकायबाट त्यस्तो प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षणको हकमा कार्यसूची र वातावरणीय प्रभाव मूल्याङ्कनको हकमा क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत गर्नुपर्ने उल्लेख छ। ऐनको दफा ४ उपदफाः १ मा प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदनमा प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणको लागि अपनाउन सकिने विभिन्न विकल्पहरूको विस्तृत विश्लेषण गरी त्यस्ता विकल्प मध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयूक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारण सहित सिफारिस गर्नुपर्ने कुरा उल्लेख छ। यस ऐनका दफा ७ ले उद्योग कलकार खाना तथा औजारहरुको कार्य सम्पादन बाट प्रदूषण गर्न रोक लगाएको छ। त्यस्तै गरी वातावरण संरक्षण क्षेत्र भित्र कुनै किसिमका कार्यहरु गर्न प्रतिबन्ध दफा १० ले गरेको छ।

### ४.४.३ वातावरण संरक्षण नियमावली, २०७७

वातावरण संरक्षण ऐन २०७६ को दफा ३ को उपदफा (१) प्रयोजनको लागी यस नियमावली २०७७ को नियमः ३ संग सम्वन्धित भएर अनुसूची १, २ र ३ मा क्रमसः संक्षिप्त वातावरणीय अध्ययन,

प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मुल्याङ्कन गर्नु पर्ने उल्लेख गरिएको छ। उक्त कानूनी व्यबस्था अनुरुप यस प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनको प्रक्रृया अगाडी बढिरहेको छ। नियम ५ ले प्रतिवेदन तयार गर्नुपूर्व प्रस्तावतले कार्यसूची तयार गरि सम्बन्धित नियमले तोकेको सरकारी निकाय जहाँ प्रतिवेदन पेस गर्ने हो त्यहिबाट स्वीकृत गर्नुपर्ने उल्लेख गरेको छ साथै प्रतिवेदन स्वीकृत निकायको बारे नियम ८ मा उल्लेख भएको छ । नियम ४ बमोजिम स्वीकृत क्षेत्र निर्धारण, नियम ५ बमोजम स्वीकृत कार्यसूची तथा नियम ६ बमोजिम सार्वजनिक सुनुवाई मा उल्लेख सुझावको आधारमा प्रस्तावकले प्रतिवेदन तयार गर्नुपर्ने छ भन्ने उल्लेख छ । वातावरण संरक्षण ऐन २०७६ को दफा ३८ बमोजिमको वातावरण संरक्षण योजनामा योजनाको पृष्ठभुमि, उद्देश्य, संरक्षणका मार्गदर्शन सिद्धान्त, योजनाले समेट्ने क्षेत्र, सम्बद्ध नीति तथा कानून र संरक्षण कार्ययोजना समेतका विषय समावेश गरी नियमावलीको अनुसुची २० बमोजिम ढाँचा तर्जुमा गर्नुपर्ने उल्लेख छ।

### ४.४.४ वन ऐन, २०७६

नेपालको बन ऐनले वन सम्पदाको संरक्षण एवं सम्बर्द्धन मानिसहरुको जिवीकोपार्जन सहज गर्नका लागि जरुरी रहेको कुरा उल्लेख गरेको छ । यस ऐन ले सरकारी जंगल भित्र कुनै किसिमका कार्यहरु गर्न रोक लगाएको छ। यसै ऐनले राष्ट्रिय वन भित्र वन फडानी, आगलागी, चरिचरण, वनजन्य सम्पदाहरुको अनैतिक बेचबिखन, वनको सिमाना मिच्ने जस्ता कामगर्न सक्त रोक लगाईएको छ। दफा ४४ ले नेपाल सरकारले वन क्षेत्रबाट प्राप्तहुने वातावरणीय सेवा व्यवस्थापन, उपयोग तथा लाभांस वितरण नेपाल सरकाले तोके बमोजिम हुने ब्यवस्था छ। त्यसै गरी दफा ४९ अनुसार कसैले पनि यो ऐन वा यस ऐन अर्न्तगत बनेका नियममा अन्यथा व्यवस्था भएकोमा बाहेक राष्ट्रिय वनमा देहायका काम कारवाही गर्न वा गराउन र सो गर्ने गराउने उद्योग समेत गर्न हुदैन। त्यस्तो कुनै काम कारवाही गरेमा कसूर गरेको मानिने छ।सो कार्यहरु वन क्षेत्रहरु जग्गा फाड्न, जोत्न, खन्न वा आगो लगाउन वा आगलागी हुन जाने कुनै कार्य, सिकार खेल्न, ढुङ्गा गिट्टी, बालुवा वा माटो झिक्न, गोल वा चून पोल्न वा यी वस्तुहरु अरु तयारी माल बनाउन वा यी वस्तुहरु सङ्कलन गर्न गराउन रहेका छन्।

### ४.४.५ वन नियमावली, २०५१

यस नियमावलीका अनुसार सामुदायीक वन भित्रकुनै किसिमका निमार्ण कार्यहरु तथा वनको अहितमा कुनै पनि काम गर्न रोक लगाएको छ। वन नियमावलीको नियम ६५ ले त्यस्तो आयोजना सञ्चालन गर्दा कसैलाई हानी नोक्सानी पुगन गएमा सम्बन्धित आयोजनाले नै क्षतिपूर्ति दिनुपर्ने प्रावधान उल्लेख गरेको छ। वन क्षेत्रले पारिस्थितिक प्रणालीलाई संरक्षण गर्न ठुलो योगदान पुर्याउदछ यर्सथ आयोजनाको कारणले वन क्षेत्रमा कुनै किसिमको हानिनोक्सानी पर्ने देखिएमा यक्त क्षति हुनसक्ने वन क्षेत्र भन्दा बढी वन क्षेत्रको बिकास गर्नुपर्ने हुन्छ ।

### ४.४.६ जलचर संरक्षण ऐन, २०१७ पहिलो संशोधन २०५५

जलचर संरक्षण ऐन, २०१७ पहिलो संशोधन २०५५ ले जलचरको वासस्थानको सुरक्षाको लागि विभिन्न कानून बनाएको छ। यस संरक्षण ऐनको धारा ३ अनुसार कुनै व्यक्तिले पनि कुनै जलचरलाई समात्ने तथा मार्ने अभिप्रायले जानी जानी त्यस्तो जलमा वा त्यसको आसपासमा कुनै किसिमको विद्युतीय धार विष्पोट पदार्थ वा विषालु पदार्थको प्रयोग गर्न हुदैन। साथै ऐनको दफा ३ (क) ले जलजिवहरूको स्वतन्त्र चलखेल गर्न रोक लगाउने कार्यहरु जस्तै नदीनालाहरुको बाटो बन्द गर्ने जस्ता कामहरुको रोक लगाएको छ। जलचर संरक्षण (पहिलो संशोधन) ऐन, २०५५ को मुख्य उद्देश्य नेपाल अधिराज्यभित्रको भू-सतहमा वा अन्य कुनै अवस्थामा रहेका जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं जलस्रोतको लाभदायक उपयोगहरुको निर्धारण गर्ने, त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानिकारक प्रभावको रोकथाम गर्ने एवं जलस्रोतलाई प्रदुषण मुक्त राख्ने रहेको छ ।

### ४.५.७ फोहोर मैला व्यवस्थापन ऐन, २०६८

फोहोरमैलालाई स्रोतमा न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन वा विर्सजन गरी फोहोरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गर्न तथा फोहोरमैलाबाट जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्नका लागि फोहोरमैला व्यवस्थापन ऐन, २०६८ व्यवस्थापन गरिएको छ । यस ऐनको दफा ५ अनुसार कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उपत्न्न हुने फोहोरमैला यथाशक्य कम गर्नु पर्नेछ । आफ्नो क्षेत्रभित्र विर्सजन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाकी फोहोरमैलामात्र निष्काशन गरी फोहोरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

### ४.४.८ वातावरण मैंत्री स्थानीय शासन प्रारुप, २०७०

वातावरण मैत्री स्थानीय शासन प्रारुप, २०७० को मुख्य उद्देश्य स्थानीय शासन पद्धतिलाई वातावरणमैत्री बनाउनु हो। वातावरणमैंत्री दिगो विकास गर्न आधारभूत स्तरदेखि नै सबैलाई जिम्मेवार गराउने, वातावरण र विकासमा समन्वय तथा सहकार्य गर्न प्रोत्साहित गर्न र वातावरणको दिगो व्यवस्थापनका लागि यसका आयामहरुलाई स्थानीयकरण गर्दा स्थानीय स्वामित्व बढाउने नीति यस प्रारुपले व्यवस्था गरेको छ। स्थानीय योजना प्रक्रियामा वातावरणलाई मूल प्रवाहिकरण गरी यस सम्बन्धी कार्यक्रमलाई कार्यान्वयन गर्नमा यस प्रारुपले जोड दिनेछ ।

### ४.४.९ भू-तथा जलाधार संरक्षण ऐन, २०३९

ऐनको दफा १० (क) मा कुनै नदीनाला, खहरे, ताल वा जलाश्रयको वा भूमिगत पानी कुनै किसिमले थुन्ने वा जम्मा गर्ने वा थुनिएको वा जम्मा गरिएको पानी कुलो, सहायक कुलो, ढलद्वारा वा अन्य कुनै किसिमले अन्यत्र लैजाने वा फर्काउने वा त्यस्तो पानी त्यसरी थुनी, जम्मा गरी लगी, फर्काई वा अन्य कुनै किसिमले कुनै काममा प्रयोग पाईने छैन भनिएको छ ।

### ४.४.१० भू-तथा जलाधार संरक्षण नियमावली, २०४२

नियमावली नियम १२ मा जलाधार संरक्षण अधिकृतले ऐनको दफा ४ अर्न्तगतको कुनै काम भएको जग्गामा र त्यस्तो जग्गाको वरपरको जग्गामा भू-क्षय वा भू-कटान हुन सक्ने कामहरु गर्न नपाउने गरी निषेध गर्न सक्नेछ भन्ने उल्लेख छ ।

### ४.४.११ सिंचाईं नियमावली, २०५६

यस नियमको नियम ३९ ले सिंचाईं गर्नका लागि बनाईएका नहरहरुको सुरक्षाको कुरा गर्छ । नहरमा पानीको मात्रा घटाउने खालका कामहरुको पनि यसले रोक लगाउने प्रवधान रहेको छ । यस नियमले सिचाईंका परियोजनाहरुको वरपरबाट ढुङ्गा, गिट्टी तथा बालुवा जस्ता प्रकृतीक सम्पदाहरु निकाल्न नमिल्ने कुरा पनि लेखिएको छ ।

### ४.४.१२ श्रम ऐन, २०७४ तथा नियमावली, २०७५

यो नियमले मजदुरहरुका हकहित का कुराहरु उल्लेख गरिएको छ। नियमावली, २०७५ का अनुसार महिला तथा पुरुष मजदुरको परिश्रमिक बराबर हुनुपर्ने कुरा उल्लेख गरेको छ । कार्य गर्दै गर्दा मजदुरहरुलाई चोटपटक लागेमा कार्यालयले नै उपचार खर्च व्यहोर्नु पर्ने कुरा नियम मा लेखिएको छ। यसका अलावा नियमहरुले क्षतिपूर्तीका बारेमा बोलेको छ यस नियमावली को नियम ४२ ले रोजगारदाताले श्रमिकलाई चोटपटक लागेवा निजको स्वास्थ्यमा हानी पग्ने गरी गाह्रौं उठाउन, बोक्न वा ओसारपसार गर्न लगाउहुदैन भन् उल्लेख छ साथै यसै नियम को बुँदा (३) मा राजगार दाताले बालिग पुरूष र बालिक महिलाका लागी उच्तम वजन तोको छ जसमा बालिग पुरूषका लागी उच्तम ५५ के.जी. र बालिग महिलाका लागी ४५ के.जी. तोकेको छ।

### ४.२.१३ खानी तथा खनिज पदार्थ ऐन, २०४२

ऐनको दफा ३ मा निजी वा सरकारी स्वामित्वमा रहेको जुनसुकै जमीनको सतह वा भूगर्भभित्र रहेको वा पाइएको सम्पूर्ण खनिज पदार्थ नेपाल सरकारको सम्पत्ति हुनेछ भनिएको छ।

### ४.४.१४ बालश्रम ऐन, २०५७

यस ऐनले बालश्रम रोक्ने सम्बन्धमा बोलेको छ। दफा ३ मा १४ वर्ष नपुगेका बालबालिकाहरुलाई कुनै किसिमका कामहरुमा लगाउन नपाईने भनिएको छ भने दफा ४ ले १४ वर्षपुगेका बालबालिकहरुलाई काम गराउन यिनिहरुको इच्छा हुन आवश्यक रहेको कुरा उल्लेख गरिएको छ। दफा ९ का अनुसार बालबालिकाहरुलाई बिहान ६ देखि बेलुकी ६ सम्म मात्र काम गराउन पाईन्छ र दफा १० ले बालबालिकाहरु लाई परिश्रमीक दिंदा जात तथा धर्मको कुराले भेदभाव गर्न नहुने भनिएको छ।

### ४.४.१५ लुम्बिनी प्रदेशः वातावरण संरक्षण ऐन, २०७७

नेपालको संविधान २०७२ को धारा १९७ बमोजिम प्रदेश सभाले यो ऐन बनाएको हो । प्राकृतिक स्रोतको समुचित उपयोग र व्यवस्थापन वातावरण संरक्षण गर्ने भनि यो ऐनले उद्देश्य राखेको छ । ऐनको दफा ३ मा संघिय सरकार र प्रदेश सरकारबाट तोकिय बमोजिमका प्रस्तावहरुका अनिवार्य प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मुल्याङ्कन गर्नु पर्ने उल्लेख गरिएको छ। यसै ऐनको दफा २४ मा वातावरण संरक्षण सम्बन्धी विशेष राखिएको छ, दफा २५ मा नदी संरक्षण सम्बन्धी व्यवस्था राखिएको छ, स्वीकृत वातावणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएको बाहेक कसैले पनि नदीको वहाव परिवर्तन वा दोहन हुने गरी नदीजन्य पदार्थ उत्खनन वा सङ्कलन गर्न गराउन हुँदैन, साथै दफा २७ मा वातावरणीय अध्ययन गर्नुपर्ने प्रस्तावले अध्ययन नगराई वा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई प्रस्तावना कार्यन्वयन गरे दण्ड सजाए हुने ब्यवस्था गरिएको छ।

## ४.५ कार्यविधि, मापदण्ड र निर्देशिकाहरु

### ४.५.१ लुम्बिनी प्रदेश, नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५

यस कार्यविधिको दफा ६ मा नदीजन्य पदार्थको सङ्कलन / उत्खनन् र बिक्री गर्ने स्थानीय तहले सङ्कलन/उत्खनन् गर्नुअघि प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मुल्याङ्कन गराउनु पर्छ भन्ने उल्लेख गरेको छ। कार्यविधिको दफा ४ सम्बन्धित भएर अनुसूचीः ३ मा नदीजन्य पदार्थको सङ्कलन सम्बन्धी मापदण्ड समाबेश गरिएको छ र सोही मापदण्ड र प्रचलित कानून लाई समेटेर प्रतिवेदन तयार गरिएको छ।

### ४.५.२ ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड , २०७७

ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ ले नदीजन्य पदार्थको संकलन, उत्खनन् र बिक्रीको कार्ययोजना बनाउने अधिकार स्थानीय तहलाई दिएको छ। गाउँ वा गाँउ सभा द्धारा स्वीकृत दरमा उत्खनन्, संकलनको अनुमति र बिक्रीको ठेक्का स्थानीय कार्यपालिकाले लगाउनेछ। यस मापदण्ड अनुसार स्थानीय तहले वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख सर्त र सीमाभित्र रहेर मात्रै मेसिनको प्रयोग गर्न पाइनेछ। कुनै एक स्थानीय तहमा नियमानुसारको शुल्क वा दस्तुर तिरी अर्को कुनै स्थानीय तह वा प्रदेशमा ओसारपसार र ढुवानि गर्दा कुनै पनि थप कर, शुल्क वा दस्तुर लिन पाइने छैन। मापदण्डको दफा ४ को उपदफा (३) बमोजिम नदीजन्य पदार्थ को संकलन, उत्खन्न् र बिक्री कार्यको लागी ठेका व्यवस्था गर्नुपूर्व मापदण्डको अनुसूची १ बमोजिमको चेकलिष्ट तयार गरी प्राविधिक बाट स्थलगत अनुगमन गराई ठेका बन्दोवस्त गर्नुपर्नेछ भनिएको छ। साथै यस मापदण्डमा नदी तथा खानीजन्य पदार्थको सङ्कलन / उत्खनन्, बिक्री सम्बन्धी प्रक्रियाको अनुगमन जिल्ला समन्वय समिति प्रमुख, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख, डिभिजन वन प्रमुख लगाएतका व्यक्ति रहेको समितिले गर्नेछ पनि भनिएको छ। यसै मापदण्डको

दफा ९ को उफदफा (७) मा सङ्कलन / उत्खनन् कार्य नियमित अनुगमन गर्न कार्यदल गठन गर्नु पर्नेछ भनिएको छ।

### ४.५.३ ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९

ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९ ले गाउँपालिका वा नगरपालिकाले नदीजन्य पदार्थको सङ्कलनका लागि नदीको धारमा परिवर्तन नहुने व्यवस्था मिलाई ड्याम वा तटबन्ध निर्माण गरी उन्नत प्रविधिको प्रयोगद्वारा रिभर माइनिङ गरी बालुवा प्रशोधन र बिक्री गर्ने कार्य सार्वजनिक निजी साझेदारीमा सञ्चालन गर्न सक्नेछ। यस मापदण्डको दफा ४ को उपदफा १६ ले प्रत्येक वर्षको असार १ गतेदेखि भदौ मसान्तसम्म नदीजन्य पदार्थको उत्खनन् गर्न पाइने छैन। मापदण्डको दफा १३ को उपदफा २ अनुसार स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनको मान्य अवधि तिन वर्षको हुनेछ तर प्रतिवेदनमा तोकिएको परिमाण उत्खनन भइसकेको अवस्थामा सोही प्रतिवेदनको आधारमा थप उत्खनन गर्न पाइने छैन। मापदण्डको दफा १४ ले स्थानीय सञ्चित कोषमा जम्मा भएको रकममध्येबाट नदी नियन्त्रण तथा बायोइन्जिनियरिङ लगायतका स्रोत संरक्षणको क्षेत्रमा खर्च गर्न प्राथमिकता दिनुपर्नेछ भनिएको छ।

### ४.५.४ वातावरणीय प्रभाव मुल्यांकन निर्देशिका, २०५०

नेपाल सरकारले आठौं योजनाको नीति कार्यान्वयनमा सहयोग पुगोस भन्नको लागि वातावरण संरक्षण ऐन र वातावरण संरक्षण नियमावली ल्याउनु अगाडी नै एक राष्ट्रिय वातावरणीय प्रभाव मुल्यांकन निर्देशिका २०५० लागु गरिसकेको छ। यो निर्देशिकाले अध्ययनको क्रममा जन सहभागिता जुटाउनै पर्ने, आवश्यक सूचनाहरुको संकलन गर्ने, विवादका विषयहरुको गम्भिरता पूर्वक मुल्यांकन गर्ने र वातावरणीय अध्ययनको लागि ती विषयहरुको प्राथमिकता क्रम निर्धारण गर्ने कुराहरुलाई प्रष्ट रुपमा जोड दिएकोछ ।

### ४.५.५ निस्दी गाउँपालिका, संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७९

कार्यविधिको दफा ५ को उपदफा (४) मा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी कार्यसूची प्रमुख प्रशासकीय अधिकृतले आवश्यकता अनुसार सम्बन्धित महाशाखा/शाखा/इकाईसँग राय परामर्श र सम्बन्धित पक्षको जाँचबुझ र आवश्यकता अनुसार परिमार्जन गरी स्वीकृत गर्नु पर्नेछ भनि उल्लेख गरेको छ साथै दफा ५ को उपदफा (५) मा प्रतिवेदन स्वीकृत गर्दा प्रतिवेदन

पेश भएको मितिले पन्ध्र दिनभित्र स्वीकृत गर्नु पर्ने ब्यवस्था गरिएको छ। यसै कार्यविधिको दफा ६ मा सार्वजनिक सुनुवाई गर्नुपर्ने ब्यवस्था बारे उल्लेख गरिएको छ।

### ४.५.६ अन्तराष्ट्रिय सन्धि तथा महासन्धिहरु

नेपाल विभिन्न समयमा विभिन्न अन्तराष्ट्रिय सन्धि तथा महासन्धिहरुले पर्यावरणको संरक्षणगर्ने जनाएको छ। Convention on Biological Diversity (CBD) (1992 A.D.), Convention on International Trade in Endangered Species of Wild Fauna and Flora (CITES) (1973 A.D.), Convention on Wetland of International Importance Especially as Waterfowl Habitat (Ramsar convention) (1971 A.D.) यी केही अन्तराष्ट्रिय सन्धि तथा महासन्धिहरु हुन् जसका अनुसार नेपालले कुनै पनि परियोजनाहरु बाट यहाँका प्राकृतिक सम्पदाहरुमा नकारात्मक असर पार्न मिल्दैन ।

## ४.७ नीति तथा रणनीति

### ४.७.१ राष्ट्रिय संरक्षण रणनीति २०४५

नेपाल सरकारले पारित गरेको राष्ट्रिय संरक्षण रणनीति २०४५ नै नेपालको वातावरण संरक्षण सम्बन्धि पहिलो दस्तावेज हो। यस रणनीतिले विकास र संरक्षण बिच अन्तर सम्बन्ध रहेको कुरालाई आत्मसाथ गर्दै भौतिक पूर्वाधार निमार्ण तथा विकास आयोजना संञ्चालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने र त्यस्ता कार्यहरुबाट वातावरणमा पर्नसक्ने प्रभावहरुको न्यूनीकरण गर्न उचित व्यवस्था गर्नुपर्ने कुरामा जोड दिएको छ।

### ४.७.२ वातावरण सम्बन्धित नीति

नेपाल सरकारले विकास आयोजना तथा उद्योग स्थापना गर्दा वातावरणमा पर्नसक्ने असरहरुलाई ध्यानमा राखी छैटौं योजना अवधि (२०३७-२०४२) देखि नै वातावरण संरक्षणमा सजगता देखाउदै केही चुनिएका आयोजना तथा कार्यक्रमहरु सञ्चालन गर्न वातावरणीय अध्ययनको आवश्यकता औंल्याएको थियो। यो नीतिलाई सातौं योजना अवधिमा (२०४२-२०४७) केही विस्तार गरी ठुला आयोजना तथा कार्यक्रमहरु संचालन गर्दा वातावरणीय अध्ययनको आवश्यकतामा जोड दिइएको थियो। आठौं योजना (२०४९-२०५४) ले यसलाई अझ सुदृढ गर्न वातावरणीय अध्ययनका लागि एक राष्ट्रिय पद्धति स्थापनाको सोच राख्दै सडक, जलविद्युत, उद्योग, सिंचाई, खानेपानी तथा ढल निकास जस्ता ठुला आयोजनाको लागि वातावरणीय अध्ययन गर्नु पर्ने कुरामा जोड दिएको पाईन्छ।

# अध्याय ५: प्रस्ताव कार्यान्वयनका गर्दा वातावरणमा पर्ने खास प्रभाव

## ५.१.भौतिक वातावरण

## ५.१.२ प्रस्तावित सङ्कलन तथा उत्खनन् क्षेत्रको नक्सा




चित्रः ५.१ निस्दी गाउँपालिकाको टोपो नक्सा (स्रोतः वन तथा वातावरण मन्त्रालय)

चित्रः ५.२ पाल्पा जिल्ला र निस्दी गाउपालिकाको जि.आइ.एस. नक्सा



### ५.१.२ भू-वनोट, भू-उपयोग तथा माटो

प्रस्तावित प्रभाव क्षेत्र पाल्पा जिल्लाको दक्षिण पूर्व भागमा अवस्थित निस्दी गाउँपालिका निस्दी खोला, अरुण खोला र कालीगण्डकी नदीको नजिकको क्षेत्र हो। कालिगण्डकी नदी र अरुण खोला र निस्दी खोला गाँउपालिकाको उत्तरी क्षेत्र बाट बग्दै गाँउपालिकाको दक्षिण तर्फ हुदै बग्ने गरेका छन्। गाँउपालिकाको भू-उपयोगको अवस्थालाई हर्दा धेरै पहाडी भूमि रहेको पाइन्छ। गाँउपालिकाको प्रमुख खाद्यान्न तथा अन्न बालीमा धान, गहुँ, मकै, आलु, मास, मुसुरो, अरहर, आलस, तोरी आदी हुन्। यस गाँउपालिकाको क्षेत्रमा चिम्टाइलो, बलौटे र दोमट माटो पाइन्छ। गाँउपालिकामा बगिरहेका विभिन्न नदीनालाहरूको किनारमा अवस्थित स्थान तथा बस्तिहरूमा खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ। प्रस्तावित नदीजन्य पदार्थ उत्खनन् / सङ्कलन क्षेत्रको भुगाग समुद्र सतहबाट करिव ३०० देखि १७०० मिटरको उचाईमा रहेको छ।



चित्रः निस्दी गाउँपालिकाको माटोको बनौट




चित्रः निस्दी गाउँपालिकाको भू-उपयोग किसिम

### ५.१.३ हावापानी

जलवायुको हिसाबले यस गाँउपालिका उष्ण तथा उपोष्ण प्रकारको हावापानी रहेको छ । प्रदेशीय हावापानी पाइएता पनि बाह्रै महिना एकैनासको हावापानी छैन। चैत्र महिनादेखि आश्विनको सुरु सम्म गर्मी हुन्छ। आश्विन, कार्तिक र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर, पौष र माघमा निकै जाडो हुन्छ। जेष्ठको अन्त्य देखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ। गर्मीयाममा यहाँको अधिकतम तापक्रम करिव ३०.७ डिग्री सेल्सियस सम्म पुगेको छ भने न्यूनतम ७ डिग्री सेल्सियस सम्म पुगेको छ। यस क्षेत्रमा जुन जुलाई, अगष्ट र सेप्टेम्बर महिनामा धेरै बर्षा भएको पाईएको छ।




चित्रः निस्दी गाउँपालिकाको वार्षिक औसत बर्षा (स्रोतः https://www.worldweatheronline.com/)

### ५.१.४ वायू प्रदुषणको अवस्था

उत्खनन् तथा संकलन  क्षेत्रहरूमा वायू स्वच्छ रहेको त्यस क्षेत्र वरिपरी वा नदी किनारमा सामान्य पातलो मानविय वस्ती रहेको साथै कुनै किसिमका ठुला स्तरमा उद्योगधन्दाहरू सञ्चालनमा छैन्।सङ्कलन तथा उत्खनन् को बेला धुँलो उडेर केहिहद सम्म अस्थाई रूपमा वायू प्रदुषण हुनसक्छ।यस किसिमको प्रभावको न्यूनीकरणको उपायहरू यस प्रतिवेदनमा समावेश गरिनेछ।

### ५.१.५ पानीको गुणस्तर

सनकोशी नदीमा बग्ने पानी वाहिय आँखाबाट हेर्दा सिंचाइको लागि उपयुक्त रहेको भएतापनि पिउँनका लागि भने अनउपयुक्त रहेको छ।पानीलाई सामान्य शुद्धिकरण गरी केहि नदी किनारको बस्तीहरूले खानेपानीको रूपमा प्रयोग गर्दै आएको छन्।

## ५.२. जैविक वातावराण

### ५.२.१ बनस्पति

प्रस्तावित क्षेत्रमा कुनै प्रकारमा वनस्पतिहरू पाइदैनन् तर उत्खनन् तथा संकलन क्षेत्र देखि नजिको वन क्षेत्र तथा सार्वजनिक तथा निजि वन क्षेत्रमा पाईने प्रमुख वनस्पतिहरू तल तालिमा उल्लेख गरिएको छ।

*तालिका ५.२ प्रस्तावित सङ्कलन / उत्खनन् क्षेत्र वरपरका वनमा पाईने मुख्य वनस्पतिहरु*

| बनस्पतिहरू | बैज्ञानिक नाम |
|---|---|
| साल | *Shorea robusta* |
| सिसौ | *Dalbergia sisso* |
| बाँस | *Dendrocalamus spp* |
| जामुन | *Syzygium cumini* |
| साज | *Terminalia elliptica* |
| बेल | *Aegle marmelos* |
| खोटे सल्ला | *Pinus roxburghii* |
| खयर | *Senegalia catechu* |
| पिपल | *Sacred fig* |
| आँप | *Mangifera* |




## ५.२.२ वन्यजन्तु

उत्खनन् तथा संकलन क्षेत्र देखि नजिको वन क्षेत्र तथा यस गाउँपालिकामा पाईने प्रमुख वन्यजन्तुहरू तल तालिमा उल्लेख गरिएको छ।

*तालिका ५.३ प्रस्तावित सङ्कलन / उत्खनन् क्षेत्र वरपरका वनमा पाईने मुख्य वन्यजन्तुहरु*

| बन्यजन्तुहरू | बैज्ञानिक नाम |
|---|---|

| | |
|---|---|
| बाघ | *Panthera tigris* |
| भालु | *Ursidae* |
| चितुवा | *Panthera* |
| हिरण | *Cervidae* |
| दुम्सी | *Erethizon dorsatum* |
| बँदेल | *Sus scrofa* |
| बाँदर | *Cercopithecidae* |
| जरायो | *Cervus unicolor* |
| स्याल | *Vulpes vulpes* |
| चित्तल | *Axis axis* |
| बन बिरालो | *Felis chaus* |

### ५.२.३ माछाहरु

प्रस्तावित नदीनन्य पदार्थ संकलन तथा उत्खनन् गरिने क्षेको नजिकको नदीमा पाइने माछाहरुमा बुदुना (*Garra annandalei*), तिते *(Psilorhynchus pseudochenius)*, सिङ्गे *(Heteropneustes fossilis)* बोचे असला *(Schizothorax richardsoni ),* सहर माछा *(Neolissochilus Naziritor),* पोथिया *(Puntius conchonius)* आदि रहेका छन् ।

## ५.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण

### ५.३.१ जनसंख्या र बसोबास

यस गाँउपालिकाकको जनसंख्या २१,६०४ रहेको छ। जसमध्ये महिलाको जनसंख्या १०,१५५ र पुरुषको जनसंख्या १०,७०७ रहेको छ। जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) १११ जना प्रति वर्ग किलोमिटर रहेको छ। गाउँपालिकामा जातजातीमा सबैभन्दा बढी मगर जाति, दोस्रोमा तामाङ्ग र तेस्रोमा ब्राह्मण (पहाडी) को बसोबास रहेको छ। धार्मिक दृष्टिकोणले हेर्दा यस गाँउपालिकामा अधिकांश हिन्दु धर्मावलम्बीहरू रहेका छन्। पछिल्लो निस्दी गाउँपालिकाको डिजिटल भिलेज प्रोफाइल २०७९ अनुसार यहाँको कुल जनसंख्याको लगभग ९३.८ प्रतिशत (२०,२६५ जना) हिन्दु,, ५.२ प्रतिशत (११२३ जना) बौद्ध र १ प्रतिशत (२१६ जना) क्रिश्चियन धर्मावलम्बीहरु छन्। यी विविध तथ्यबाट गाँउपालिकामा धार्मिक संरचनाको दृष्टिकोणबाट बढी विविधता युक्त रहेको देखिन्छ।

पर्यटन हिसावले यस गाउँपालिकाको नदी र खोलाको रिसोर्टहरु आर्कषक केन्द्र बन्दै गएका छन्।

## ५.३.२ सेवा तथा पूर्वाधार

निस्दी गाउँपालिकाको डिजिटल भिलेज प्रोफाइल २०७९ अनुसार यस गाउँपालिका ९५.३ प्रतिशत जनसङ्ख्या कृषि तथा पशुपालनमा सङलग्न छन् भने १.७ प्रतिशत मानिसहरु व्यापार मा सङलग्न छन्। १.५प्रतिशत मानिसले जागिर गर्छन भने १.४ प्रतिशत मानिसले ज्याला मझदुरी गर्छन्।परिवारहरूले धारा वा पाईपबाट पिउने पानी प्राप्त गरेको देखिन्छ।त्यसैगरी अव्यवस्थित पिउने पानीको अभाव उच्च भेग तीर बढी छ।रा.ज. २०६८ अनुसार यस गाउँपालिकाको अधिकाशं धरधुरीले दाउराको प्रयोग गरेको तथ्याङ्क रहेको छ।तर फिल्ड भ्रमणको बखत गाउँपालिकाको बजारिकेन्द्रित क्षेत्रहरूमा एलपिजि ग्यासँ प्रयोग गर्नेको संख्या बढ्दो छ।साथै विद्युत प्रसारण रा.ज. २०६८ सम्मको तथ्याङ्क केलाउँदा हाल विद्युतको पहुँच बढ्दै गएको पुगेको गाउँपालिकाका प्रतिनिधिहरूलाई गरिएको अन्तर्रवार्ताबाट प्राप्त भएको छ।साथै गाउँपालिकामा सोलार बत्तीको पनि प्रयोग धेरै रहेको तथ्याङ्क छ।सञ्चार प्रणालीको विवेचना गर्दा यस गाँउपालिकाका ७ ओटै वडाहरुमा नेपाल टेलिकम, एनसेल जस्ता कम्पनीहरूले सञ्चारको सेवा पुर्याएका छन्।शिक्षाको क्षेत्रमा यस गाउँपालिकामा स्नातर सम्मको पढाईको भईरहेको छ।

गाँउपालिकाको बजारकेन्द्रित क्षेत्रमा मध्यम स्तरको यातायातको सुविधा रहेको छ।तैपनि गाँउपालिकाको ग्रामीण क्षेत्रमा भने कच्ची सडक भएको कारण सडक भएको भए पनि नियमित रूपमा यातायातको साधन आवतजावत नहुने गरेको देखिन्छ।गाँउपालिकामा यातायातका विभिन्न साधनहरूको उपयोग भएको देखिन्छ।गाँउपालिकामा, टेक्टर, मोटरसाइकल, साना तथा ठुला बसहरू को समेत सञ्चालन देखिन्छ।गाँउपालिकाका सडकमार्ग राम्रो भएका रुटहरूमा बस सेवा चालु रहेको छ।यस उत्खनन् / सङ्कलन सम्म जानको लागी पहुच मार्गको रुपमा नदी किनारका बाटो रहेका छन् ।

# अध्याय ६: प्रस्ताव कार्यान्वयनका विकल्पहरू

## ६.१ प्रस्तावको विकल्प विश्लेषण

विकल्प विश्लेषण वातावरणीय प्रभाव अध्ययनको महत्वपूर्ण अंगको रुपमा लिईएको छ। ढुङ्गा, गिट्टी तथा बालुवा आदि सङ्कलन / उत्खनन् गर्दा वन क्षेत्रका साथै संकलन क्षेत्रमा कुनै किसिमको हानी नोक्सानी नपारी तथा बाताबरणीय अबस्थामा कुनै प्रभाब नपर्ने गरी संकलन गर्ने व्यबस्था गरिनेछ। यसको लागि नियमानुसार सङ्कलन/उत्खनन् इजाजत दिईने र कर्मचारीहरुले नियमित अनुगमन गर्ने व्यवस्था गरिनेछ। ढुङ्गा, गिट्टी तथा बालुवा आदिको लागि आश्विन देखि जेष्ठ मसान्त सम्म (नदी/नदीहरुमा बाढी नआएको बखत) सङ्कलन / उत्खनन् गर्ने समय दिईनेछ। सङ्कलन कार्यबाट वातावरणमा असर नपर्ने परम्परागत तथा आधुनिक साधनको मात्र प्रयोग गरिनेछ। जैविक विविधताको संरक्षणलाई ध्यानमा राखी निर्धारित स्थानमा मात्र प्रस्ताव कार्यान्वयन हुने र यो प्रस्तावले वातावरणलाई क्षति नपुऱ्याई प्रस्तावमा उल्लेखित श्रोत सर्भेक्षण बाट निर्धारित भए बमोजिमको परिमाण मात्र सङ्कलन/उत्खनन् गर्ने व्यबस्था मिलाइने छ।

*विकल्प १ प्रस्ताव कार्यान्वयन नै नगर्ने ।*

*विकल्प २ परम्परागत विधि द्वारा प्रस्ताव कार्यान्वयन गर्ने ।*

*विकल्प ३ वैज्ञानिक व्यबस्थापन प्रणाली अनुसार प्रस्ताव कार्यान्वयन गर्ने* ।

## ६.२ प्रस्तावका विकल्पहरु

### विकल्प १ प्रस्ताव कार्यान्वयन नगर्ने

यस प्रकारको बिकल्पलाई रोज्दा प्रस्तावित क्षेत्रमा भएका ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन / उत्खनन् नै नगर्ने, र सो क्षेत्रलाई पूर्ण रुपमा निषेधित / संरक्षित क्षेत्रको ] (Restricted/Protected Area) रुपमा विकास गर्ने हुनजान्छ। गैर कानूनी रुपमा सङ्कलन / उत्खनन् गरेमा विगो जफत गरी प्रचलित ऐन कानून बमोजिम दण्ड सजाय गर्नुपर्ने र क्षेत्रको पूर्ण रेखदेख गाँउपालिका र आवश्यक परे जि.स.स. गर्नुपर्ने हुन्छ। यस विकल्पले भौतिक संरचना निर्माणमा आवश्यक निर्माण सामाग्री (ढुङ्गा, गिट्टी, बालुवा आदि) सङ्कलन / उत्खनन् लागी नदीको बगर क्षेत्र भन्दा जमिनमा गरिने उत्खनन् लाई प्रोत्साहन गर्दछ। यसरी वैकल्पिक उत्खनन् लाई प्रोत्साहन गर्दा नदीको बगरमा रहेको प्राकृतिक सम्पदा खेर जानुका साथै नदीको पानी बहाव सतह बढ्नाले खेतीयोग्य जमिनमा बाढी पस्ने, भू-क्षय जस्ता प्राकृतिक प्रकोपका घटनामा वृद्धी हुन सक्छ। खानीजन्य उत्खनन् ले वातावरणमा पनि अधिक नकारात्मक प्रभाव पार्ने तथा तत्काल खानीको विकास पनि नभैसकेको अवस्थामा यस विकल्पलाई अस्वीकृत गरिन्छ। ढुङ्गा, गिट्टी, बालुवा आदि सङ्कलन / उत्खनन् नगर्दा नदीको सतह बढन गई बाढीको पानी, बस्ती र खेतमा पसी धनजनको नोक्सानी हुने, नदीको सतह बढी, बाँध र पुलहरुलाई बर्षातको समयमा क्षति पुग्ने, कच्चा पदार्थको आपूर्ती नहुदा उद्योग व्यवसाय बन्द हुने वा अर्को देशको भरपर्नु पर्ने तथा

स्थानीय विकास निमार्ण कार्यमा प्रतिकूल असर पर्ने देखिन्छ। साथै यस क्षेत्रमा हाईड्रो पावरका आयोजना निर्माण चरणमा छन्। नदीजन्य पदार्थको उत्खनन् नहुदाँ आयोजनाले वन क्षेत्रबाट उत्खनन् गर्ने जोखिम हुनसक्छ।

**विकल्प २ परम्परागत विधि द्वारा प्रस्ताव कार्यान्वयन गर्ने**

परम्परागत बिधि द्वारा ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन / उत्खनन् गर्ने कार्य राम्रो भएपनि श्रोतहरुको अवैज्ञानिक र अनियन्त्रित रुपबाट सङ्कलन / उत्खनन् तथा बिक्री वितरण हुने, अदक्ष मानिसहरु बाट समय सिमा नराखी कुनै पनि बखत श्रोत संकलन गर्ने र व्यवसायिक रुपमा काम गर्ने व्यक्तिहरु लाई बिक्री गर्ने कार्यलाई बढावा दिने हुन्छ। श्रोत संलकन गर्ने मानिसहरु लाई सो को महत्व, मुल्य, संकलन विधि लगायतका कुनै कुराको पनि जानकारी नहुने र जथाभाबि कुनै ज्ञान बिना श्रोत संकलन गर्दा यसबाट पर्यावरण तथा पारिस्थितिकीय प्रणालीमा नराम्रो प्रभाव पुग्नुका साथै स्थानीय राजश्व तथा जनताको आर्थिक उन्नति समेतमा वाधा पुग्ने हुन्छ।

**विकल्प ३ वैज्ञानिक ब्यबस्थापन प्रणाली अनुसार प्रस्ताव कार्यान्वयन गर्ने**

अबैज्ञानिक र अब्यवस्थित विधिद्वारा ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन / उत्खनन् गर्दा त्यस्ता श्रोतहरुको निरन्तरता नहुने, हैसियतमा ह्रास आउने भएकोले त्यसको बैज्ञानिक व्यबस्थापनका साथै सङ्कलन / उत्खनन् विधिमा सुधार ल्याई यस्ता श्रोतको दिगो विकास गर्न यो प्रस्ताव प्रस्तुत गरिएको हो। ढुंङ्गा, गिट्टी तथा बालुवा आदिको विगतमा भएको सङ्कलन / उत्खनन् विधिमा छलफल गर्दा अव्यवस्थित किसिमबाट संकलन तथा उत्खनन् गरिएको जानकारी आएकोले आगामी दिनहरुमा संकलन गर्दा जहापायो त्यही संकलन नगरी तोकिएको क्षेत्रबाट मात्र सङ्कलन / उत्खनन् कार्य गर्न/गराइनेछ।

यर्सथ ढुङ्गा, गिट्टी तथा बालुवा आदि सङ्कलन/उत्खनन् गर्दा वन क्षेत्रका साथै सङ्कलन / उत्खनन् क्षेत्रमा कुनै किसिमको हानी नोक्सानी नपारी तथा बाताबरणीय अबस्थामा कुनै प्रभाब नपर्ने गरी संकलन गर्ने व्यबस्था गरिनेछ। यसको लागि नियमानुसार सङ्कलन / उत्खनन् इजाजत दिईने र गाँउ अनुगमन समितिले नियमित अनुगमन गर्ने व्यवस्था गरिनेछ। ढुङ्गा, गिट्टी तथा बालुवा आदिको लागी आश्विन देखि जेष्ठ मसान्त सम्म (नदीमा बाढी नआएको बखत) संकलन गर्ने समय दिईनेछ। सङ्कलन / उत्खनन् कार्यबाट वातावरणमा असर नपर्ने परम्परागत तथा आधुनिक साधनको मात्रप्रयोग गरिनेछ। जैविक विविधताको संरक्षणलाई ध्यानमा राखी निर्धारित स्थानमा मात्र प्रस्ताव कार्यान्वयन हुने र यो प्रस्तावले वातावरणलाई क्षति नपुऱ्याई प्रस्तावमा उल्लेखित श्रोत सर्भेक्षण बाट निर्धारित भए बमोजिमको परिमाण मात्र सङ्कलन / उत्खनन् गर्ने व्यबस्था मिलाउदा श्रोतहरुको उचित व्यवस्थापन भई दिगो हुनेहुदा यो विकल्पलाई रोजिएको छ।

## ६.३ विभिन्न विकल्पहरुको वातावरणीय तुलनात्मक प्रभावहरुको विश्लेषण

प्रस्ताव कार्यान्वयनका तीनवटा विकल्पहरुलाई तालिकाः ६.१ मा तुलनात्मक रुपमा अनूकूल र प्रतिकूल वातावरणीय प्रभावको छोटो तथा संक्षिप्तमा Qualitative approach वाट विश्लेषण गरिएको छ। Qualitative approach विकल्प छनौट गर्ने पूरानो र सहज उपाए हो।

*तालिका नं. ६.१ अनुकूल र प्रतिकूल प्रभावहरुको विवरण*

| सि. न. | विकल्पहरु | अनुकूल वातावरणीय प्रभाव | प्रतिकूल वातावरणीय प्रभाव |
|---|---|---|---|
| १ | विकल्पः १ प्रस्ताव कार्यान्वयन नगर्ने | भुक्षयमा कमी | स्थानीय स्तरमा गरिवी निवारणका लागि निजी क्षेत्रको संलग्नतामा कमी आउने। |
| | | वातावरणमा सन्तुलन | औद्योगिक विकासमा टेवा नपुग्ने। |
| | | प्राकृतिक रुपमा रहेका श्रोतहरुको संरक्षण र वृद्धि | यस कार्यमा संलग्न स्थानीय जनशक्ति विस्थापित हुने। |
| | | श्रोतको चोरीमा कमी | सङ्कलन / उत्खनन् नहुदा श्रोतको सदुपयोग नभई खेर जाने। |
| | | जलचर र उनीहरुको बासस्थानको संरक्षण | स्थानीय जनसमुदायबाट संरक्षण कार्यमा सहभागिताको कमीको कारण श्रोंतको दुरुपयोग हुने। |
| | | बंशाणु स्रोत संरक्षण | स्थानीय विकास निर्माण कार्यमा प्रतिकूल असर पर्ने। |
| | | जैविक विविधता र पारिस्थितिकीय प्रणालीको संरक्षण | कच्चा पदार्थको आपून्िर्त नहुदा उद्योग बन्दहुने वा अर्को गाउँपालिकाको भर पर्नुपर्ने । |
| | | स्रोतको मौज्दातमा बृद्धि | राजश्व नउठ्दा अर्थतनत्रमा प्रतिकूल असर पर्ने, ढुङ्गा, गिट्टी तथा बालुवा आदी सङ्कलन / उत्खनन् नगर्दा नदीको सतह बढ्न गई बाढीको पानी बस्ती र खेतमा पसी धनजनको नोक्सानी हुने, नदीको सतह बढी बाध र पुलहरुलाई वर्षातको समय मा क्षतिपुग्ने । |

| | | | |
|---|---|---|---|
| २ | विकल्प: २ परम्परागत विधि द्वारा प्रस्ताव कार्यान्वयन गर्ने | दक्ष जनशक्ति आबश्यक नपर्ने | ढुङ्गा, गिट्टी तथा बालुवा जस्ता पैदावारको दुरुपयोग हुने |
| | | नीति नियमको परीधि भित्र नआउने | महत्वपूर्ण प्रजातिहरु लोप हुनगई जैविक विविधतामा ह्रास आउने र राजस्व समेत प्राप्त नहुने |
| | | अल्पकालीन रुपमा अत्याधिक परिमाण संकलन हुने | स्थानीय तहलाई प्राप्तहुने राजश्वमा कमी आउने र सरकारी जनशक्तिको बढी आवश्यकता पर्ने |
| | | संकलनको बैज्ञानीक प्रकृयाका वारेमा जानकारी आबश्यक नपर्ने | वातावरण विनासका प्रवाभहरु देखिने |
| | | कुनै सीप र प्रविधिको आवश्यक नपर्ने | स्थानीय उद्योगहरुलाई नियमित रुपमा कच्चा पदार्थ प्राप्तनहुने |
| | | स्वतन्त्र रुपमा जुनकुनै समयमा संकलन गर्न सकिने | संलग्न जनशक्ति विस्थापित हुने |
| | | कम लागतमा श्रोत संकल नहुने | रोजगारी र अन्य आयआर्जनका अवसरहरु घट्दै जाने |
| | | | स्थानीय स्तरमा गरिवी निवारणका लागी निजी क्षेत्रको संलग्नतामा कमी आउने |
| | | | वनश्रोतको अत्याधिक दोहन हुने |
| | | भौतिक संरचनाको लागी निर्माण सामाग्री प्राप्तहुने | अव्यवस्थित तरिकाले ढुङ्गा, गिट्टी तथा बालुवा आदि संकलन गर्दा नदीको सतह गहिरो भई किनार कटान हुने |
| | | | भौतिक संरचनाहरु पुल, बाँध आदिलाई क्षेतिपुग्न सक्ने |

| | | | |
|---|---|---|---|
| | विकल्पः ३ वैज्ञानिक व्यवस्थापन प्रणाली अनुसार प्रस्ताव कार्यान्वयन गर्ने | ढुङ्गा, गिटी तथा बालुवा जस्ता श्रोतको दिगो व्यबस्थापनहुने र लोपोन्मुख प्रजातिको संरक्षण र बिकासका साथै स्थानीय तहमा प्रविधि हस्तान्तरण हुने | प्रस्ताव कार्यान्वियन गर्दा दक्ष जनशक्तिको आवश्यकता पर्ने |
| | | स्थानीय तहमा कच्चा पदार्थ स्थायी र दिगो रुपमा प्राप्तहुने | बढी खर्चिलो हुने |
| | | स्थानीय स्तरमा थप रोजगारीका अबसर सिर्जना भई आर्थिक तथा सामाजिक बिकासमा थप टेवा पुग्ने | मानवीय गतिविधिका कारण भूक्षय बढ्न सक्ने |
| | | जन सहभागितामा बृद्धि भई स्थानीय जन समुदायबाट संरक्षण, सम्वर्धन कार्यमा सकारात्मक प्रभाव पर्ने | जलसंग सम्बन्धित जीवजन्तुहरु मानवीय प्रभावमा आउन सक्ने |
| | | जैविक विविधता र पारिस्थितिकीय प्रणालीको संरक्षण हुने | समय पालना र निश्चित नियम कानूनको पालना गर्नु पर्ने |
| | | जैविक वंशाणु श्रोत संरक्षणमा मद्दत मिल्ने | अन्य प्रजातीहरुको हानी नोक्सानी हुनसक्ने |
| | | वातावरणीय प्रतिकूल प्रभाव घट्न गई सकारात्मक प्रभाव बढ्दै जाने | नदी वरपर वस्ती विस्तार एवंम नदी अतिक्रमण हुनसक्ने |
| | | दिगो रुपमा राजश्व प्राप्त भई स्थानीय आयमा बृद्धि हुने | भौतिक संरचना जस्तै पुलको जगमा प्रत्यक्ष आच आउन सक्ने |
| | | अन्य विभिन्न उपयोगी प्रजातिको पहिचानहुने | |
| | | व्यवस्थित तरिकाले ढुङ्गा, गिट्टी, बालुवा आदि संकलन गर्दा किनार कटान नहुने र नदी बिच भागबाट बग्ने | |

| | | | |
|---|---|---|---|
| | | अनुसन्धान तथा अध्ययनमा मद्दत मिल्ने | |
| | | प्रस्ताव कार्यान्वयन क्षेत्र वरपरको भौतिक पूर्वाधारहरु पुल आदिको संरक्षण हुन | |
| | | माग र आपूर्तिको स्थिति विश्लेषण गरी सञ्चिती समेत गर्न सकिने | |

गुणात्मक दृष्टिकोण (Qualitative approach) का आधारमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अध्ययनको क्रममा फिल्ड निरीक्षण गर्दा स्थानीय बासी, प्रमुख सुचनादाता संगको छलफल, प्रत्यक्ष अवलोकन र गाँउपालिकासँगको छलफलका आधार प्रस्तावको विकल्पहरुको विश्लेषण गर्दा प्रस्ताव कार्यान्वयका विकल्पहरु मध्य विकल्प नं ३, बैज्ञानिक तरिकाले ढुङ्गा, गिट्टी तथ बालुवा उत्खनन् तथा संकलन गर्ने विकल्पबाट वातावरणमा सवैभन्दा कम असर पर्ने, सङ्कलन / उत्खनन् कार्य वातावरणमैत्री हुने, स्थानीय स्रोतको सहि सदुपयोग हुने, स्थानीय स्तरमा थप रोजगारीका अबसर सिर्जना भई आर्थिक तथा सामाजिक बिकासमा थप टेवापुग्ने, दिगो रुपमा राजश्व प्राप्तभई स्थानीय आयमा बृद्धि हुने, जन सहभागीता बढ्ने जस्ता विभिन्न कारणले गर्दा यो विकल्प नै उचित ठहरिएको कारणले यस गाँउपालिकालाई प्रस्ताव कार्यान्वयनका लागी **विकल्पः ३** सिफारीस गरिएको छ ।

# अध्याय ७: प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको रोकथामका विषयः

प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावहरुको पहिचान ढुङ्गा, गिट्टी तथा बालुवा आदि सङ्कलन / उत्खनन् कार्य संचालन रहदा र उक्त कार्यले भविष्यमा निम्ताउन सक्ने प्रभावहरुको पहिचान र विश्लेषण जैविक, भौतिक, रसायनिक, आर्थिक-सामाजिक तथा सांस्कृतिक वातावरणलाई ध्यानमा राखी गरिएको छ। प्रस्ताव कार्यान्वयनबाट मुख्य गरि सकारात्मक र नकारात्मक प्रभाबहरु हुने गर्दछन्। सामान्यतया सकारात्मक प्रभाबहरुलाई अधिकतम र नकारात्मक प्रभाबहरुलाई न्यून गर्दै ढुङ्गा, गिट्टी तथा बालुवा आदि सङ्कलन / उत्खनन् कार्य गर्नुपर्दछ। प्रस्ताव कार्यान्वयका वातावरणीय असरहरु वस्तुगत वातावरणीय अवस्थाको बयान र प्रस्ताव कार्यान्वयन विधिहरुको विश्लेषणको आधारमा पहिचान गरिएको छ। प्रभाबहरुलाई परिमाण, सिमा र अबधीको आधारमा अनुमान गरि उच्च मध्यम र न्यून सूचकहरुको आधारमा नम्बरीङ गरी त्यसको बिश्लेषण अध्याय आठको तालिका ८.१ मा गरिएको छ ।

## ७.१ प्रस्ताव कार्यान्वयन बाट पर्ने अनुकुल प्रभाबहरु

### ७.१.१. भौतिक वातावरण

- **बाढी एवं अन्य जल उत्पन्न प्रकोपको न्यूनीकरणः**

ढुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन / उत्खनन् कार्य दिगो र ब्यवस्थित एवं वातावरण मैत्री ढङ्गले गर्दा प्रस्तावित क्षेत्रमा हुने वा हुनसक्ने बाढी एवं अन्य जल उत्पन्न प्रकोपको न्यूनीकरण हुन्छ। यस प्रस्तावले नदीमा थुप्रिएर रहेका नदीजन्य पदार्थहरुको संकलन वातावरण मैत्री तवरले गर्ने योजना गरेको छ। स्रोत सङ्कलन / उत्खनन् तथा विक्रीका अतिरिक्त संरक्षण, सम्वर्द्धन र नदी नियन्त्रण सम्बन्धी योजना समेत कार्यान्वयन हुनेछ। नदी छेउमा थेग्रिएर बसेको ठाउँबाट सङ्कलन / उत्खनन् कार्य गरिने हुदा त्यसबाट नदी किनार सुरक्षित भइ वन तथा सो क्षेत्रको वर्तमान अवस्थामा समेत क्रमिक सुधार हुनेछ। यसले गर्दा घाँस एवं झाडीको वृद्धि भइ जमिनको संरक्षणका साथै भू-क्षय समेत नियन्त्रण र रोकथाम हुनेछ। यस सुधारको क्रममा नदीले आफ्नो बाहव परिवर्तन नगर्ने हुदा खेती योग्य जमीनमा पनि असर नगर्ने देखिन्छ। यो प्रभाव अप्रत्यक्ष, मध्यम, स्थानीय र लामो समय सम्म रहनेछ। त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव मध्यम रुपमा महत्वपूर्ण देखिन्छ।

- **स्रोतको बैज्ञानिक तथा दिगो ब्यबस्थापन हुने**

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको स्वीकृति लगत्तै प्रभाव न्यूनीकरणको ब्यवस्थापन कार्य योजना लागुगरिने भएकोले यसको सकारात्मक पक्ष भनेको बैज्ञानिक ब्यबस्थापन हो। स्रोतको वैज्ञानिक व्यवस्थापन भन्नाले तालिका २.३ मा उल्लेख घाटहरुको सङ्कलन / उत्खनन् योजना अनुसार सङ्कलन / उत्खनन् गरि प्रस्तावको दिगो कार्यान्वयन गर्नु हो। यसबाट हैसियत पहिचान, बार्षिक संकलन गर्न सकिने परिमाणको निर्धारण, संकलन बिधि आदि सबै कुराहरु बस्तुगत रुपमा निर्धारण

गरिएको हुँदा बैज्ञानिक तरीकाले ब्यबस्थापन हुन्छ। यो प्रभाव प्रत्यक्ष, उच्च, क्षेत्रिय र लामो समय सम्म रहनेछ त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव अति महत्वपूर्ण मानिएको छ ।

## ७.१.२. सामाजिक, आर्थिक एवं सांस्कृतिक वातावरण

- **आयश्रोत र जन सहभागीतामा वृद्धि**

प्रस्ताव कार्यान्वयन हुदा प्रस्तावमा उल्लेखित प्राय सबै कृयाकलापमा स्थानीय जनताको सहभागिता हुने र प्रस्ताव कार्यान्वयन भएपछि स्थानीय समुदायलाई प्रत्यक्ष रोजगारीको अबसरहरु प्राप्त भै आय आर्जनमा बृद्धि हुनेछ। यसबाट स्थानीय स्तरमा बजारको बिकास हुनगै उद्योग, व्यापार, कृषि आदि क्षेत्रमा प्रत्यक्ष योगदान पुग्ने र आर्थिक कृयाकलाप बढ्न गै आर्थिक गतिशिलता बढ्न जान्छ। स्थानीय जनताहरुलाई आय आर्जनका अबसरहरु प्राप्तहुने हुनाले जिबन स्तर उकास्न मद्दत पुग्नगई गरीबी न्युनिकरणमा समेत महत्वपूर्ण योगदान पुग्ने देखिन्छ। यो प्रभाव प्रत्यक्ष, उच्च, स्थानीय र छोटो समय सम्म रहनेछ तर आय आर्जनको सहि सदुपयोग र लगानी गर्नसके लामो समयसम्म यसको प्रभाव पर्नेछ त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव मध्यम रुपमा महत्वपूर्ण मानिएको छ।

- **रोजगारीको अवसर**

श्रोत सङ्कलन / उत्खनन् एवं ढुवानी कार्यमा दक्ष कामदार आवश्यक नपर्ने हुँदा नदी आसपासका कामदारहरुलाई नै संलग्न हुने अबसर प्रात हुन्छ। महिलाहरुको हकमा पनि उनीहरुले पनि पुरुष जतिकै श्रम गर्ने हुनाले त्यतिकै मात्रामा लाभान्वित हुनेछन्। यसले एक प्रकारले महिला र पुरुष विचको श्रम विभाजनमा विभेद गर्ने प्रणालीलाई निरुत्साहित पार्दछ। ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन / उत्खनन् कार्य नियमित हुने हुनाले यसबाट स्थानीय वासिन्दा लाभान्वित भइ रहन्छन्। यो प्रभाव प्रत्यक्ष, उच्च, स्थान विशेष र छोटो समयसम्म रहनेछ तर रोजगारीवाट आर्जेका आयको सहि सदुपयोग र लगानी गर्नसके लामो समय सम्म यसको प्रभाव पर्नेछ त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव मध्यम रुपमा महत्वपूर्ण मानिएको छ।

- **वाटो /सडक संजाल**

प्रस्ताव कार्यान्वयन हुने स्थानसम्म ढुवानीको लागी टयाक्टर, ट्रक, टिपर आवत-जावत गर्नको नयाँ ट्र्याक खोल्ने, स्तर उन्नती गर्नुपर्ने हुन्छ। अधिकतम समय विना-अवरोध सङ्कलन / उत्खनन् सामग्रीहरु ढुवानी गर्नका लागी सडक विस्तार र मर्मत सम्भार गर्नुपर्ने हुन्छ। यसले गर्दा गाँउपालिका तथा जिल्लाको सडक संजाल विस्तारमा टेवा पुग्दछ। यो प्रभाव प्रत्यक्ष, उच्च, स्थानीय र लामो समयसम्म रहनेछ त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव मध्यम रुपमा महत्वपूर्ण मानिएको छ।

- **गाँउपालिकाको आयश्रोत / राजश्व संकलन**

प्रस्ताव कार्यान्वयन गर्नका लागी गाँउपालिकाले नदीको खण्ड-खण्डमा घाटहरु तोकी ठेक्कावाट प्रस्ताव कार्यान्वयन गर्दा गाँउपालिकाको राजश्व संकलनको दायरा अलि फराकिलो हुनेछ। नदीमा खेर जाने सामग्रीको सहि तरिकाले सदुपयोग हुनगई यसको बिक्री बितरणबाट स्थानीय स्तरमा ठूलो परिमाणमा राजस्व संकलन हुनेछ। जसबाट संकलित रकम गाँउपालिकाकाले स्थानीय स्तरलाई टेवापुग्ने क्रियाकलापको लागी खर्च गर्न सक्नेछ जसले राष्ट्रिय अर्थतन्त्रमा समेत सकारात्मक प्रभाब पार्ने देखिन्छ। यो प्रभाव प्रत्यक्ष, उच्च, राष्ट्रिय र लामो समय सम्म रहनेछ त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव अति महत्वपूर्ण मानिएको छ।

- **विकास निर्माण सामाग्रीको उपलव्धता**

स्थानीय क्षेत्रमा रहेका ढुङ्गा, गिट्टी तथा बालुवा जस्ता पैदावारमा आधारित उद्योगहरुलाई आबश्यक पर्ने कच्चा पदार्थको सरल तरिकाले आपूर्ति गर्न यस योजनाले सहयोग पुऱ्याउने छ साथै स्थानीय स्तर तथा बाह्य आवश्यक पर्ने निर्माणका सामग्रीहरु (ढुङ्गा, गिट्टी तथा बालुवा आदि ) समेत उपलब्ध हुने हुँदा शहरीकरणमा समेत मद्दत हुनेछ। यो प्रभाव प्रत्यक्ष, उच्च, स्थानीय र लामो समय सम्म रहनेछ त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव मध्यम रुपमा महत्वपूर्ण मानिएको छ।

- **अनियमितता घट्ने**

प्रस्तावको कार्यान्वयन गर्ने सिलसिलामा अनुगमन समितिको नियमित संलग्नता रहने हुनाले सङ्कलन / उत्खनन् कार्यको कमी कमजोरीको समयमा नै समिक्षा गरी सर्तकर्ता अपनाउन सकिने भएकोले श्रोत उत्खनन् क्षेत्र वरपर अनियमितता कमहुने देखिन्छ। यो प्रभाव अप्रत्यक्ष, निम्न, स्थान विशेष र मध्यम समय सम्म रहनेछ त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यसको प्रभाव कम पर्नेछ।

- **प्रबिधी हस्तान्तरण हुने**

प्रस्तावको कार्यान्वयन स्थानीय समुदायको संलग्नतामा हुने भएकोले श्रोत ब्यबस्थापन सम्वन्धी सिप तथा प्रबिधीको हस्तान्तरण हुने देखिन्छ। ढुङ्गा, गिट्टी तथा बालुवा आदिको सङ्कलन / उत्खनन् गर्ने तरीकाबारे स्थानीय समुदायलाई जानकारी प्राप्तहुनेछ। यो प्रभाव अप्रत्यक्ष, मध्यम, स्थान विशेष र लामो समय सम्म रहनेछ त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यसको प्रभाव कम पर्नेछ।

- **खेती योग्य जमीन एवं कृषीजन्य सामाग्री**

नदीवाट प्रतिवेदन अनुसार ढुङ्गा, गिट्टी तथा बालुवा आदि सङ्कलन / उत्खनन् गर्दा नदीको वहाव यथावत रहने र श्रोत नजिक रहेका खेतीयोग्य जमीन वर्षा याममा आउने बाढी वाट वच्नेछ। यो प्रभाव अप्रत्यक्ष, मध्यम, स्थानीय र लामो समय सम्म रहनेछ त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव मध्यम रुपमा महत्वपूर्ण मानिएको छ।

### ७.१.३ जैविक प्रभाव

जैविक विविधता संरक्षण तथा प्रोहोत्साहनः वैज्ञानिक, दिर्घकालीन एवं वातावरणमैत्री विधी अपनाई नदिजन्य वस्तु सङ्कलन / उत्खनन् गर्न निश्चित मापदण्ड पनि तोकिने हुदा जैविक विविधता संरक्षण हुने तथा यसको संरक्षणको प्रोत्साहन हुने देखिन्छ। यो प्रभाव अप्रत्यक्ष, उच्च, राष्ट्रिय र लामो समयसम्म रहनेछ। त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव अति महत्वपूर्ण मानिएको छ ।

## ७.२ प्रस्ताव कार्यान्वयबाट पर्ने प्रतिकूल प्रभाबहरु

### ७.२.१ भौतिक वातावरण

- **भू उपयोगमा पर्ने प्रभाव**

ढुङ्गा, गिटी तथा बालुवा आदि सङ्कलन / उत्खनन् कार्य नहुँदा नदीको सतह (वेड लेभल) वढ्न गई वर्षातको समयमा नदीमा आउने वाढीका कारण पानी नदीवाट वाहिरी वस्ती तथा खेती गरिएको वरपरको क्षेत्रमा जान सक्नेछ जसका कारण जमिन डुवानमा पर्छ। तर प्रतिवेदनमा तोकए भन्दा बढी उत्खनन् कार्यगरे नदीकिनार कटानको जोखिम हुन्छ । यो प्रभाव अप्रत्यक्ष, मध्यम, स्थानीय र लामो समय सम्म रहनेछ त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव मध्यम रुपमा महत्वपूर्ण मानिएको छ ।

- **भौतिक संरचनामा हुने असर**

नदी/नदीहरुमा बनेका भौतिक संरचनाहरु जस्तै पुल नजिक सङ्कलन / उत्खनन् कार्य गरिएमा यी संरचनाको जगमा प्रत्यक्ष रुपले असर गर्दछ। त्यसैले भौतिक सरचनाहरु (पूल) को तल माथिदुबै तर्फ कम्तिमा ५०० मीटरको दूरीमा संकलन कार्य पूर्ण रुपले निषेधित गरिनु पर्दछ। यो प्रभाव अप्रत्यक्ष, उच्च, स्थान विशेष र लामो समयसम्म रहनेछ त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव मध्यम रुपमा महत्वपूर्ण मानिएको छ।

- **वायू (धूवा, धूलो) ध्वनी प्रदूषण**

ढुङ्गा, गिट्टी तथा बालुवा आदि संकलन तथा निकासी गरिदा वन क्षेत्र, नदीको किनार र सडकको छेउछाउमा धूवा र धूलोको मात्रा केही हद सम्म बढन जाने हुन्छ। सवारी साधनको आवागमनले ध्वनी प्रदूषण पुग्न सक्छ। यो प्रभाव प्रत्यक्ष, मध्यम, स्थानीय र लामो समय सम्म रहनेछ त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव न्यून रुपमा महत्वपूर्ण मानिएको छ ।

- **फोहर तथा जल प्रदुषण**

नदी किनार नजिकै सङ्कलन / उत्खनन् गर्दा पानी धमिलो हुने सम्भावाना हुन्छ । कामदारहरूबाट नदी छेउछाउ शौच गर्ने, खानेकुराहरु फाल्ने, पोखिने, प्लास्टिकहरु यत्रतत्र छरिने संभावना हुन्छ। यो प्रभाव प्रत्यक्ष, मध्यम, स्थानीय र लामो समय सम्म रहनेछ त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव न्यूनरुपमा महत्वपूर्ण मानिएको छ ।

### ७.२.२. सामाजिक आर्थिक एवं सांस्कृतिक वातावरण

- **पेशागत स्वास्थ्य एवं सुरक्षा**

ढुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन / उत्खनन् गर्दा विभिन्न प्रकृतिका औजारहरुको प्रयोगले कामदारहरुलाई चोटपटक लाग्न सक्छ। त्यसै गरि ढुङ्गा तथा गिट्टी उछिट्टिएर पनि जिउमा चोट लाग्न सक्छ। धुलोको कारणले स्वास-प्रस्वास र आंखा चिलाउने जस्ता स्वास्थ्य समन्धि समस्या देखा पर्न सक्छन्। ढुवानी साधनहरुको आवतजावतले आकस्मिक दुर्घटनाको संभावना पनि त्यतिकै रहन्छ। यो प्रभाव अप्रत्यक्ष, मध्यम, स्थान विशेष र लामो समय सम्म रहनेछ त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यसको कम प्रभाव पर्नेछ।

### ७.२.३. जैविक वातावरण

- **वन्यजन्तु एवं वन पैदावरको गैर कानुनी व्यापार**

ढुङ्गा, गिट्टी तथा बालुवा आदि सङ्कलन / उत्खनन् तथा ढुवानीमा संलग्न कामदारहरुले अबैध रुपले वन क्षेत्रको वरिपरि पाईने जीव-जन्तुहरु (माछा, चराचुरुङ्गी, घस्रने र स-साना स्तनधारी जनावरहरु आदि) शिकार गर्न सक्ने भएकोले सो गैर कानुनी कार्य गरेमा हुनसक्ने कार्वाहीको बारेमा सचेत गराउन गाँउपालिकाले होडिङ्ग वोर्डमा नदी छिर्ने सार्वजनिक स्थानमा यस सम्बन्धि वुदाँ राखी स्थापना गर्नुपर्नेछ। यो प्रभाव अप्रत्यक्ष, मध्यम, स्थान विशेष र लामो समय सम्म रहनेछ त्यसैले प्रभाव मूल्याङ्कन गर्दा यो प्रभाव मध्यम रुपमा महत्वपूर्ण मानिएको छ।

# अध्याय ८: प्रभाव बढोत्तीकरण एवं न्यूनीकरण गर्ने उपायहरु

प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावहरु निराकरण गने र वैज्ञानिक तरिकाले सङ्कलन / उत्खनन् गर्न गाँउपालिकाले प्रतिवेदन मा प्रस्तुत गरिएको सङ्कलन / उत्खनन् सम्वन्धि कार्यलाई कडाईका साथ कार्यान्वयन गराउनेछ र जसका कारण वातावरणमा कम असर पर्नेछ । अनुमानित गरिएका वातावरणीय प्रभावहरु प्रस्तावित निरोधात्मक निराकरणका उपायहरुको अवसरण गरिएमा अवश्य प्रभाव न्यूनीकरण हुनेछ। यी उपायहरु अवसरण गरिए पनि केहि मात्रामा प्रभावहरु पर्न सक्छ तर त्यो केवल स्थानीय विषेण र परिधि भित्र रहनेछ। प्रस्ताव कार्यान्वयनमा प्रभावहरु सकरात्मक र नकरात्मक दुवै हुन सक्छन् त्यसकारण यस प्रतिवेदनमा सकरात्मक प्रभावलाई बढोत्तीकरण गर्ने र नकरात्मक प्रभावहरुलाई न्यूनीकरण गर्ने उपायहरु उल्लेख गरिने छ जसले प्रस्ताव कार्यान्वयन बाट गाँउपालिका र स्थानीय जनताले धेरै भन्दा धेरै फाइदा महशुस गर्न सकून र न्यून मात्रामा नकारात्मक प्रभाव असर परोस्।

## ८.१ प्रस्तावको अनुकुल प्रभावहरु बढोत्तीरकरण

### ८.१.१ भौतिक वातावरण

- **नदी किनारको व्यवस्थापनः**

मित्याल सदाबहार नदी भएकाले यसले बाहै महिना नदी किनारमा क्षति पुऱ्याउने खतरा छ । त्यसैले ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन / उत्खनन् कार्य तोकिएको परिमाण तोकिएको स्थानबाट मात्र निकालिने व्यवस्था गर्नु जरुरी हुन्छ। जसले गर्दा बाढी एवं अन्य जलउत्पन्न प्रकोपको क्षतिबाट बच्न सकिनेछ। पहिरो वा भू-क्षय भएका स्थानमा तुरुन्तै बायो इञ्जिनियरिङ कार्य र River Training को प्रयोग गरी रोकथाम गरिनेछ।

- **पानीको प्राकृतिक वहाव-मार्ग कायमः**

विद्यमान नदीमार्गलाई सुरक्षित र सन्तुलित राखिने छ। नदीको भित्री किनारमा कम्तिमा १० मि. छोडेर मात्र ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन / उत्खनन् गरिने छ। सङ्कलन / उत्खनन् कार्य गर्दा नदीको बहावलाई बिचमा केन्द्रित गर्ने गरी व्यवस्था मिलाइने छ ।

- **फोहर तथा जल प्रदुषणः**

ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन/उत्खनन् कार्यमा संलग्न कामदारहरुद्वारा नदीमा फोहर पार्ने काम हुन्छ। खानेकुरा र प्लास्टिकका सामानहरु यत्रतत्र फाल्ने काम हुन्छ । यसको न्यूनीकरणको लागि कम्तिमा हप्तामा एक पटक त्यस्ता फोहरहरु संकलन गरी वातावरणमा असर नपर्ने गरी उपयुक्त स्थानमा विर्सजन गराइने छ।

- **वायु तथा ध्वनि प्रदुषणः**

ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन / उत्खनन् कार्यमा धुलोको कारण वायु प्रदुषण हुन्छ। त्यसै गरी ढुवानी साधनहरुको आवागमनले धुलो र ध्वनि उत्पन्न गराउछ। त्यसकारण वायु प्रदुषण कम गर्ने उपायहरुमा सडक विभागले तोकेको मापदण्डको सवारी साधनको प्रयोग र सडकमा पानीको प्रयोग गरिनेछ। ढुवानी साधनहरुमा बालुवा र गिट्टी लोड गरिसके पछि अनिवार्य त्रिपालद्वारा ढाकिने छ। त्यसै गरी ढुवानी साधनहरुमा प्रेशर हर्न निषेध गरिनेछ।

## ८.१.२. सामाजिक, आर्थिक एवं सांस्कृतिक वातावरण

- **आयश्रोत र जन सहभागीतामा वृद्धि**

स्थानीय समुदायलाई प्रत्यक्ष रोजगारीको अबसरहरुबाट आर्जन गरिएको रकम कामदारहरुले पैसाको सहि सदुपयोग गराउनको लागि उनीहरुलाई विभिन्न किसिमका समूहमा आवद्ध गराउने र खर्च वचत गर्ने वानीको विकास गर्न सामाजिक परिचालनका माध्यम सँग परिचित गराउने। स्थानीय स्तरमा वढ्दै गरेको बजारको बिकासको नियमन गर्ने ।

- **रोजगारीको अवसर**

स्थानीय स्तरको कामदारहरुलाई रोजगारीको अवसर मिल्नेछ तर उक्तकार्यमा विशेष गरि निम्नबर्गीय, एकल तथा पछाडि परेका महिलाहरुलाई अवसर दिनुपर्ने। यसले एक प्रकारले महिला र पुरुषविचको श्रम विभाजनमा विभेद गर्ने प्रणालीलाई निरुत्साहित पार्दछ।

- **वाटो / सडक संजाल**

प्रस्ताव कार्यान्वयन हुने स्थान नजिकै कुनै राष्ट्रिय स्तरको परियोजना संचालन भएको अवस्थामा उसलाई कच्चा साम्रगीहरु ढुवानीको लागी नयाँ ट्र्याक खोल्ने र भईरहेको बाटोको स्तर उन्नती गर्ने र योजना संचालन हुँदा सम्म मर्मत सम्भार गर्ने व्यवस्था गाँउपालिकाले लागू गर्न सक्नेछ । यसले गर्दा गाँउ तथा जिल्लाको सडक संजाल विस्तारमा टेवा पुग्दछ।

- **गाँउपालिकाको आयश्रोत/राजश्व संकलन**

गाँउपालिकाले नदीको खण्ड-खण्डमा घाटहरु तोकी ठेक्काबाट प्रस्ताव कार्यान्वयन गर्दा गाँउपालिकाको राजश्व संकलनको दायरा अलि फराकिलो हुनेछ। नदीमा खेरजाने सामग्रीको सहि तरिकाले सदुपयोग हुनगई यसको बिक्री बितरणबाट स्थानीय स्तरमा ठूलो परिमाणमा राजस्व सँकलन हुनेछ। जसबाट संकलित रकम गाँउपालिकाले स्थानीय स्तरलाई टेवा पुग्ने क्रियाकलापको लागी खर्चगर्न सक्नेछ जसले राष्ट्रिय अर्थतन्त्रमा समेत सकारात्मक प्रभाब पार्नेछ र गाँउपालिकाले तोकेको मापदण्ड, क्षमता भित्र रहेर सङ्कलन गर्दा श्रोतको दिगो व्यवस्थापन हुनेछ।

- **स्रोतको बैज्ञानिक तथा दिगो ब्यबस्थापन**

तोकिएका क्षेत्रहरूबाट मात्र श्रोतको सङ्कलन / उत्खनन् गरिने छ। तालिका २.२ र २.३ मा प्रस्तुत गरिएको सङ्कलन / उत्खनन् सम्वन्धि निश्चित मापदण्ड होडिङ्ग वोर्डमा लेखि नदीमा छिर्ने सार्वजनिक स्थानमा राखु पर्नेछ। साथै काठको चिन्ह अथवा कलरले संकलन गर्न मिल्ने क्षेत्र तोकिदिने, सङ्कलन / उत्खनन् समय विहान ८ देखि साझ ६ वजेसम्म तोकिदिए श्रोतको सहि सदुपयोग हुने देखिन्छ ।

- **अनियमितता घट्ने**

प्रस्तावको कार्यान्वयन गर्दा श्रोतको दिगो सङ्कलन / उत्खनन् गर्न स्थानीय समुदायवाट कोही एक व्यक्ति तथा संस्थालाई नदीको खण्ड अनुसार वाडेनको जिम्मा दिने र वाडेनको काम नदीबाट दैनिक संकलनको अभिलेख तयार गर्ने र गाँउपालिकामा प्रत्येक महिना विवरण वुझाउने हुनेछ। जसले गर्दा ठेकेदारले सम्झौतामा उल्लेख भए बमोजिम क्रियाकलाप गरे नगरेको थाहा हुन्छ र अनुगमन प्रभावकारी रहन्छ अथवा स्थानीय समुदायवाट नै संरक्षक तथा रेखदेख समिति भनेर गठन गर्न सकिनेछ जसको काम नदीको वाडेनका जस्तै हुनेछ। गाँउपालिकाको यो किसिमको प्रयासले नदीमा सङ्कलन / उत्खनन् कार्य वातावरणमैंत्री र दिगो हुनेछ र अनियमिततामा कमी आउने छ ।

### ८.१.३ जैविक वातावरण

- **वन तथा वनस्पतिः**

ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन/उत्खनन् कार्यमा संलग्न श्रमिकहरु र चालक दलका सदस्यहरुबाट अबैधानिक रुपमा रुख विरुवाहरुको हानी र चोरी हुन सक्ने संभावना छ। यसको न्यूनीकरण र रोकथामको लागि उनीहरुलाई कार्यशाला गोष्ठी आयोजना गरी चेतनाको विकास गराउनु अनिवार्य छ। गोष्ठीको मुख्य विषयमा वन, वातावरणको अन्तरसम्बन्ध र ऐन नियम बारे जानकारी गराइने छ

- **जैविक विविधता संरक्षण तथा प्रोत्साहनः**

तोकिएको क्षेत्रहरूबाट मात्र श्रोतको सङ्कलन / उत्खनन् गर्ने, कामदारहरुलाई तालिम, प्रचार प्रसार गराई संकलन तथा कम क्षतिको लागि उचित सङ्कलन / उत्खनन् समयको निर्धारण गरिनेछ। जैविक विविधताको संरक्षणका लागी प्रत्यक्ष संलग्न कामदारहरुका लागी जनचेतना मुलक क्रियाकलाप संचालन गर्राईने छ।

## ८.२ प्रतिकुल प्रभाबहरुको न्यूनीकरणका उपायहरु

प्रस्ताब कार्यान्वयबाट हाल सम्म भौतिक, जैविक, आर्थिक र साँस्कृतिक वातावरणमा उपचारात्मक तथा क्षतिपूर्ति दिनुपर्ने प्रभावहरु नदेखिएकोले यी वातावरणमा पर्नसक्ने प्रतिकुल प्रभाव न्यूनीकरणका लागि निरोधात्मक विधिहरु विस्तृत रुपमा प्रभाव अनुरुप प्रस्तुत गरिएको छ।

### ८.२.१ भौतिक वातावरण

- **भू उपयोगमा पर्ने प्रभाव**

वर्षाको समयमा नदीमा आउने वाढीका कारण पानी नदीबाट बाहिरी बस्ती तथा खेती गरिएको वरपरको क्षेत्रमा जान सक्ने भएकाले ढुङ्गा, गिट्टी तथा बालुवा आदि संकलन कार्यले Flood Plain बाट मात्र परीमाण निकालिने व्यवस्था गर्नु जरुरी देखिन्छ। जसले गर्दा बाढी एवं अन्य जलउत्पन्न प्रकोपको क्षतीबाट वच्न सकिने छ। त्ससका लागी निम्न वमोजिमका क्रियाकलाप गर्नु पर्नेछ ।

१. प्रतिवेदनमा उल्लेख गरे अनुसार नदी तथा नदीको पानीको सतहदेखि दुवै किनारको न्यूनतम लम्वाई र चौडाई कम्तिमा छाडेर मात्र सङ्कलन / उत्खनन् कार्य गर्ने।

२. वर्षातको समयमा (आषाढ-भाद्र) नदीमा वाढी आउने हुँदा सङ्कलन / उत्खनन् कार्य नगर्ने।

- **भौतिक संरचनामा हुने असर**

भौतिक सरचनाहरु जस्तै पूल को तल माथि दुबै तर्फ कम्तिमा ५०० मीटर को दूरीमा सङ्कलन / उत्खनन् कार्य पूर्ण रुपले निषेधित गरिनु पर्दछ। स्थानान्तरणको लागी गाँउपालिकाले तोकिदिएको (संकलन कर्ता संग ठेक्का संझौता समावेश गर्ने) सडकहरुबाट मात्र ढुवानी गरिनु पर्दछ। संकलित ढुङ्गा, गिट्टी तथा बालुवा आदि जिल्ला तथा गाँउको स्थानीय बिकास कार्यमा प्रयोग गरिने हुँदा ढुवानीबाट हुने सडकको क्षतिको मर्मत तथा संभार कार्यका लागी गाँउपालिकाले आवश्यक बजेट विनियोजन गर्ने छ। यस्तै नदीको किनारमा बनेका मन्दिर, पादुका मन्दिरहरु नजिक पनि सङ्कलन / उत्खनन् कार्य निरुत्साहित गरि तोकिएको क्षेत्रबाट मात्र सङ्कलन / उत्खनन् गर्नुपर्दछ।

- **वायू (धूवा, धूलो) ध्वनी प्रदूषण**

ढुङ्गा, गिट्टी तथा बालुवा आदि सङ्कलन / उत्खनन् तथा निकासी गरिदा वन क्षेत्र, नदीको किनार र सडकको छेउ छाउमा धूवा र धूलोको मात्रा केहीहद सम्म बढ्ने र सवारी साधनको आवागमनले ध्वनी प्रदूषण हुन सक्छ। ढुवानी गर्दा प्रयोग गर्ने कच्चि बाटो दैनिक रुपमा पानीले भिजाउने, सकेसम्म हर्न नबजाउने र ढुवानी गर्दा पैदावारहरुलाई पूर्ण रुपले त्रिपालले छोपेर मात्र ढुवानी गर्न निर्देशन दिइनेछ। बायूमण्डलमा धूलोको मात्रालाई कम गराउन हावा नचलेको बेलामा मात्र सङ्कलन / उत्खनन् एबं लोड गर्न निर्देशन दिइनेछ।

## ८.२.२. सामाजिक आर्थिक एवं सांस्कृतिक वातावरण

- **पेशागत स्वास्थ्य एवं सुरक्षा**

ढुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन / उत्खनन् गर्दा विभिन्न प्रकृतिका औजारहरुको प्रयोगले कामदारहरुलाई चोटपटक लाग्न सक्छ। त्यसैले चोट पटक र धुलोको कारणले स्वास्थ्यमा हुने प्रतिकूल असर न्यूनीकरण गर्न कामदारहरुलाई स्वास्थ्य तथा सुरक्षा सामग्रीहरु (PPEs) जस्तै मास्क, वुट, पञ्जा, हेलमेटहरु ढुवानी गर्ने गाडी साहुले व्यवस्था गर्नुपर्नेछ।

- **नदीको वरपर वस्ती विस्तार एवं नदी अतिक्रमण**

स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार गाँउपालिकाले आफ्नो क्षेत्रभित्र गर्ने प्राकृतिक स्रातको निश्चिक रकम तोकि विक्रि गर्नसक्ने हुनाले नदीको वरपर खेतीयोग्य जमीन भएका व्यक्तिहरुले आफ्नो जमिन अगाडी मैजात रहेको श्रोतलाई शूल्क लिएर वेच्ने कामलाई निरुत्साहित गर्न गाँउपालिकाले तोकेको स्थानवाट मात्र ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन / उत्खनन् गर्ने । गाँउपालिकाको प्रस्ताव कार्यान्वयन गर्नु अगाडी श्रोतको सङ्कलन / उत्खनन् सम्बन्धि विधि, क्षेत्र, विवरण भएको होडिङ्ग वोर्ड नदी छिर्ने ठाउँमा राख्नुपर्नेछ र साथै काठका पेगहरु गाडेर संकलन गर्न सक्ने क्षेत्र छुट्टाउने अथवा कलर गर्नु पर्दछ ।

### ८.२.३. जैविक वातावरण

- **वन्यजन्तु एवं वन पैदावरको गैरकानुनी व्यापार**

ढुङ्गा, गिट्टी तथा बालुवा आदि सङ्कलन / उत्खनन् मा संलग्न कामदारहरुले अबैध रुपले ढुवानी गर्दा वन क्षेत्रको वरिपरि पाईने जीव-जन्तुहरु शिकार गर्न सक्ने भएकोले सो गैर कानूनी कार्य गरेमा हुनसक्ने कार्वाहीको बारेमा होडिङ्ग वोर्डमा यस सम्बन्धि थप एक वुँदा लेखि संकलन गर्न जाने सार्वजनिक स्थानमा राखि दिनु पर्नेछ । गैर कानूनी कार्य हुन नदीन समय-समयमा अनुगमनको कार्य पनि गरिनु पर्छ । जीव-जन्तुहरु (बिशेष गरी स्तनधारी) साँझको समयमा बाहिर हिडडुल गर्ने हुदा विहानको ८ देखि साझ ६ वजे सम्म मात्र सङ्कलन / उत्खनन् एवं ढुवानी गर्ने व्यवस्था लागू गरिनेछ ।

## ८.३ वातावरणीय प्रभाबहरु र निराकरणका उपायहरु

ढुङ्गा, गिट्टी तथा बालुवा आदि संकलन कार्यबाट विभिन्न क्षेत्रहरूमा (जैविक, भौतिक, रसायनिक, आर्थिक,सामाजिक तथा सांस्कृतिक) कस्तो असर पर्छ भनी 'म्याट्रिक्स' (Matrix) विधि बाट वातावरणमा पर्न सक्ने प्रभावहरुको प्रकृति, मात्रा, सिमा र अवधिको आधारमा अनुकूल (सकारात्मक) र प्रतिकूल (नकारात्मक) प्रभाव र त्यसका निकाकरणका उपायहरु तालिका ८.१ र तालिका ८.२ मा विश्लेषण गरिएको छ । राष्ट्रिय वातावरणीय प्रभाव मूल्यांकन निर्देशिका २०५० बमोजिम प्रभावलाई प्रकृति, मात्रा, सिमा, र समायावधि मा बर्गीकरण गरिए बमोजिम प्रकृतिलाई प्रत्यक्ष र अप्रत्यक्ष, मात्रालाइ उच्च, मध्यम र निम्न, सिमालाई स्थानीय, स्थान विशेष र क्षेत्रीय र अवधि लाई दीर्घकालिन, मध्यम र अल्पकालिन गरी ३ भागमा विभाजन गरि विश्लेषण गरिएको छ । ढुङ्गा, गिट्टी तथा बालुवा आदि सङ्कलन / उत्खनन् कार्यवाट वातावरणमा पर्न सक्ने संभावित प्रभावहरु र सुझावहरू दिईएका निरोधात्मक निराकरणका उपायहरुलाई निम्न अनुसारको समिक्षा 'म्याट्रिक्स' मा प्रस्तुत गरिएको छ ।

*तालिका नः ८.१ प्रभावको बढोत्तरीकरण गर्ने उपायहरुको समीक्षा म्याट्रिक्स*

| क्रियाप कलाव | सकारात्मक प्रभावहरू | सम्वन्धित सकारात्मक असरहरु | प्रभावको प्रकार | | | | | प्रभाव बढाउने उपाय | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रकृति | मात्रा | सीमा | अवधी | कति महत्वपूण | | |
| उत्खनन / संकलन | आयश्रोत र जनसहभागाता मा वृद्धि | सहकारी समूहहरुको विकास | प्रत्यक्ष | उच्च | स्थानीय | छोटो समय | मध्यम रूपमा महत्वपूर्ण | स्थानीय स्तरमा बढ्दै गरेको बजारको बिकासको नियमन गर्ने, कामदारको दक्षता अभिबृद्धि गर्ने | गाँउपालिका र ठेकेदार |
| | रोजगारीको अवसर | महिला र पुरुष विचको श्रम विभाजनको विभेदमा कमी | प्रत्यक्ष | उच्च | स्थानीय | छोटो समय | मध्यम रूपमा महत्वपूर्ण | गरिव, वन्चितिमा परेका महिलाहरूलाई अवसर दिने | गाँउपालिका र ठेकेदार |
| | वाटो/सडक संजाल | स्थानीय समुदायलाई आवत जावतमा सहज, पटके कर उठाउन सक्ने | प्रत्यक्ष | उच्च | स्थानीय | लामो समय | मध्यम रूपमा महत्वपूर्ण | स्थानीय स्तरबाट असुली भएको प्रभावित क्षेत्रको बाटो मर्मत सम्भारमा खर्च गर्ने | गाँउपालिका र ठेकेदार |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | गाँउपालिकाको आयश्रोत/राजश्व संकलन | गाँउपालिकाको कूल वजेट वृद्धि हुने | प्रत्यक्ष | उच्च | राष्ट्रिय | लामो समय | उच्च महत्वपूर्ण | घाट अनुसार ठेक्का दिने र कार्यन्वयन चरण नियमित अनुगमन गर्ने | गाँउपालिका र ठेकेदार |
| | प्रविधी हस्तान्तरण हुने | वातावरण संरक्षणमा स्थानीय समुदायको चासो बढ्ने | अप्रत्यक्ष | मध्यम | स्थान विशेष | लामो समय | कम प्रभाव | स्थानीय समुदायको सहभागिता जुटाउने | गाँउपालिका र ठेकेदार |
| | खेतीयोग्य जमीन एवं कृषीजन्य सामाग्री | नदी वहाव परिवर्तन बाट खेतीयोग्य जमीनमा पर्न सक्ने अवसरवाट जोगीने | अप्रत्यक्ष | मध्यम | स्थानीय | लामो समय | मध्यम रूपमा महत्वपूर्ण | तालिका २.२ र २.३ मा तोकिए अनुसार नदीको स्थान वाट मात्र संकलन गर्ने, र यी विवरणहरु भएको होडिङ्ग वोर्ड राख्ने | गाँउपालिका र ठेकेदार |
| | स्रोतको बैज्ञानिक तथा दिगो ब्यबस्थापन हुने | स्रोतको बैज्ञानिक तथा दिगो ब्यबस्थापन हुने | अप्रत्यक्ष | उच्च | क्षेत्रीय | लामो समय | अति महत्वपूर्ण | तोकिएका क्षेत्रबाट मात्र श्रोतको संकलन गर्ने, संकलन लागि संकलन विहान ८ देखी साँझ ६ वजेको समय निर्धारण गर्ने | गाँउपालिका र ठेकेदार |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अनियमितता घट्ने | श्रोत संरक्षण स्थानीय समुदायवाटै हुने | अप्रत्यक्ष | निम्न | स्थान विशेष | मध्यम समय | कम प्रभाव | श्रोतको दिगो उत्खनन् गर्न स्थानीय समुदायवाट नदीको खण्डको वाडेनको जिम्मा दिने र वाडेनको दैनिक संकलनको विवरण राख्ने, अथवा स्थानीय समुदायवाट संरक्षक तथा रेखदेख समिति गठन गर्ने | गाँउपालिका र ठेकेदार |

*तालिका ८.२ नकारात्मक प्रभावको निराकरण गर्ने उपायहरुको समिक्षा 'म्याट्रिक्स'*

| क्रियापक लाव | नकारात्मक प्रभाबहरू | सम्वन्धित नकारात्मक प्रभावहरू | प्रभावको प्रकार | | | | | प्रस्ताबित न्यनिकरणका उपाएहरू | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रकृति | आकार | विस्तार | अवधी | कती महत्वपूर्ण | | |
| उत्खनन / संकलन | भू उपयोगमा पर्ने प्रभाव | सिचाई क्षेत्र डुवानमा पर्न सक्ने, खेतीयोग्य जमिन वग्ने | अप्रत्यक्ष | मध्यम | स्थानीय | लामो समय | मध्यम रूपमा महत्वपूर्ण | तालिका २.३ अनुसार नदीको निश्चित सिमा भित्रवाट संकलन तथा उत्खनन् कार्य गर्ने, वर्षातको समयमा (आषाढ, साउन र भाद्र) मा संकलन कार्य नगर्ने | गाँउपालिका र ठेकेदार |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | भौतिक संरचनामा हुने असर | संरचना भत्कनगई मूख्य सडक अवरोध हुन सक्ने, धनजनको क्षतिहुन सक्ने | अप्रत्यक्ष | मध्यम | स्थानीय | लामो समय | मध्यम रूपमा महत्वपूर्ण | भौतिक सरचनाहरु को तल माथि दुबै तर्फकम्तिमा ५०० मीटरको दूरीमा संकलन कार्य पूर्ण रुपले निषेधित गर्ने, स्थानान्तरणको लागि गाँउपालिका ले तोकि दिएको (संकलन कर्तासंग ठेक्का संझौता समावेश गर्ने) सडकहरुबाट मात्र ढुवानी गर्ने | गाँउपालिका र ठेकेदार |
| | वायू (धूवा), धूलो ध्वनी प्रदूषण | सरसफाई नहुनाका कारण व्यक्तिगत र नदीफाहोर हुन सक्छ | अप्रत्यक्ष | मध्यम | स्थानीय | लामो समय | मध्यम रूपमा महत्वपूर्ण | ढुवानी गर्दा प्रयोग गर्ने कच्चि बाटो दैनिक रुपमा पानीले भिजाउने, सकेसम्म हर्न नबजाउने र ढुवानी गर्दा पैदावारहरुलाई पूर्णरुपले त्रिपालले छोपेर मात्र ढुवानी गर्ने | गाँउपालिका र ठेकेदार |
| | पेशागत स्वास्थ्य एवं सुरक्षा | दिउँसोको समयमा लेवरहरु घाममा काम गर्दा sun burn हुने | अप्रत्यक्ष | मध्यम | स्थान विषेश | लामो समय | कम प्रभाव | कामदारहरुलाई स्वास्थ्य तथा सुरक्षाका सामग्रीहरु (PPEs) जस्तै मास्क, वुट, पञ्जा, हेलमेट उपलब्ध गराउनेरहरुलाई पूर्णरूपले त्रिपालले छोपेर मात्र ढुवानी गर्ने | गाँउपालिका र ठेकेदार / ढुवानी साधनको मालिक |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | नदीको वरपर वस्ती विस्तार एवं नदी अतिक्रमण | दोहोरो रकम असुली र आफ्नो खेत अगाडी भनेर नदी भित्रवाट ढुङ्गा, छेउका गिटि, वालुवा झिकेर वेच्नाले नदी कटान, नदीको वहाव परिवर्तन, अव्यवस्थित उत्खनन् हुन सक्ने | अप्रत्यक्ष | मध्यम | स्थान विषेश | लामो समय | मध्यम रूपमा महत्वपूर्ण | गाँउपालिकाले तोकेको स्थानवाट मात्र ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन / उत्खनन्, होडिङ्ग वोर्ड नदी छिर्ने ठाउँमा राख्ने र साथै काठका पेगहरु पेगहरू संकलन गर्न सक्ने क्षेत्र छुट्टाउने अथवा कलर गर्ने | गाँउपालिका र ठेकेदार |
| | वन्यजन्तु एवं वन पैदावरको गैरकानुनी यापार | रातको समयमा ढुवानी गर्दा बाटोमा पर्ने वनहरुवाट चोरी निकासी हुनसक्ने | अप्रत्यक्ष | मध्यम | स्थान विषेश | लामो समय | मध्यम रूपमा महत्वपूर्ण | होडिङ्ग वोर्डमा कार्वाही सम्बन्धिथप एक वुँदा लेखि संकलन गर्न जाने सार्वजनिक स्थानमा राख्ने, समय-समयमा अनुगमन गर्ने, विहान ८ देखी साँझ ६ वजेको समयमा मात्र संकलन एवं ढुवानी गर्ने व्यवस्था लागू गर्ने | गाँउपालिका र ठेकेदार |

## ८.४ न्यूनीकरण गर्न लाग्ने अनुमानित वजेट विवरण

प्रस्ताब कार्यान्वयन बाट हुने अनुकुल प्रभाबहरुलाई अधिकतम गरी वातावरण सँरक्षणको उपायहरुको तालिका ८.१ र ८.२ मा प्रस्तुत गरिए अनुसार अबलम्बन गर्नका लागि तालिका ८.३ मा प्रस्तुत गरिए अनुसारको कार्यक्रम संचालन गरिने र सोको लागि कूल रु ४,३०,००० वजेट अनुमान गरिएको छ र सो वजेट ठेक्का रकमबाट सङ्कलन गरिने राजश्व वाट व्यवस्था गर्ने वा आ. व. को वार्षिक योजनामा समावेश गरी प्राथमिकता क्रममा पहिलो प्राथमिकता दिने। यो बजेटको व्यवस्था गाँउपालिकाको नियमित बजेट र संकलन कर्ताले व्यहोर्नु पर्ने भएकोले नेपाल सरकार तथा प्रदेश सरकारमा थप दायित्व पर्ने छैन ।

*तालिकाः ८.३ अनुमानित बजेट विवरण*

| क्र. स. | अनुकुल प्रभाव बढाउने उपाएहरू | कार्यन्वयन हुने स्थान | समय | अनुमानित लागत (ने.रू.) | कार्यन्वयन हुने | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नदीको सुपिरवेक्षक / वाडेन राख्ने | सम्पूण घाटहरू | संकलन पूर्व र संकलन चरणमा | ५०००० | गाँउपालिका | |
| २ | सरोकारवाला र कामदारलाई दक्षता बृद्धि तथा सीपमुलक तालिम | सम्बन्धित स्थान | संकलन पूर्व | ३०००० | गाँउपालिका | |
| ३ | बाटोघाटो मर्मत | सम्वन्धित स्थान | वार्षिक रूपमा | १००००० | गाँउपालिका | गाँउपालिकाको वार्षिक कार्यक्रममा समावेश गर्न सकिने र प्राथमिकता दिने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | जैविक तथा भौतिक तटवन्धन | आवश्यक स्थानमा | नियमित | २००००० | गाँउपालिका र ठेकेदार | गाँउपालिका र सरोकारवाला निकायहरू संग समन्वयमा स्थान निर्धारण र रकम का लागी समन्वय |
| ५ | होडिङ्ग वोर्ड | सम्वन्धित स्थान | संकलन पूर्व | १०००० | गाँउपालिका र ठेकेदार | ढुङ्गा, गिट्टी र वालुवा संकलन तथा उत्खनन् सम्बन्धि क्षेत्र निर्धारण, कामदारहरु बाट गर्न नहुने क्रियाकलाप र संरक्षण सम्बन्धि विवरण युक्त वोर्ड वनाएर संकलन गर्न नदीमा छिर्ने वाटोको किनारमा राख्ने |
| ६ | सङ्कलन / उत्खनन् सम्बन्धि क्षेत्र निर्धारणको (Bench marking)] लागि | सम्वन्धित स्थान | संकलन पूर्व | १०००० | गाँउपालिका र ठेकेदार | हरेक खण्डमा उत्खनन् तथा संकलनको निश्चित क्षेत्र निर्धारणको लागि लामो लामो दुरीमा काठका पेगहरु गाड्ने |
| ७ | चेतनामुलक कार्यक्रमहरु | सम्वन्धित स्थान | नियमित | १०००० | गाँउपालिका र ठेकेदार | |
| ८ | बृक्षरोपण कार्यक्रम | प्रताव कार्यान्वयन क्षेत्र वरीपरी | नियमित | २०००० | गाँउपालिका र सरोकारवाला निकायहरु | सरोकारवाला निकायहरु सँग सहकार्यमा लगानी थप गर्ने |
| | | जम्मा रू. | | ४,३०,००० | (चार लाख तीस हजार रुपैया मात्र) | |

## अध्याय ९: वातावरणीय व्यवस्थापन योजना

वातावरण व्यवस्थापन योजना कुनै पनि योजना निर्माण वा संचालन गर्दा यसका गतिविधिहरु वाट वातावरणमा पर्न सक्ने असर / प्रभाव पर्न सक्ने प्रभावहरुको पहिचान गरी त्यसलाई न्यूनीकरण गर्न गरिने प्रस्तावित एकिकृत प्रयासहरुको योजना हो। वातावरण व्यवस्थापन योजन विशेष गरी प्रभाव मूल्याङ्कन गर्दा अति महत्वपूर्ण प्रभावहरु भनी पहिचान गरिएका प्रभावहरुको हकमा निर्माण गरिने छ। आयोजना निर्माण पुर्व, निर्माण तथा संचालन चरणमा पर्न सक्ने विभिन्न वातावरणीय असरहरु तथा ती चरणहरुमा ध्यान पुऱ्याउनु पर्ने वातावरणीय सवाल, आयोजना लाभ वृद्धिका उपायहरु, नकरात्मक प्रभाव न्यूनीकरणका उपायहरु, त्यसका कार्यान्वयन तथा वातावरणीय अनुगमनका लागि संस्थागत जिम्मेवारी, वातावरणीय सम्बन्धन तथा नकरात्मक प्रभाव न्यूनीकरण लागत समेत समावेश हुने गरि वातावणीय व्यवस्थापन योजना तयार पारिएको छ।

यस प्रस्ताव अन्तर्गत नदीको बगर क्षेत्रहरूबाट ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन/उत्खनन् गर्ने कार्यको वातावरण व्यवस्थापन योजनाले व्यवस्थापनको सामान्य धारणा अनुसरण गरेको छ। यस धारणले योजना निर्माण, सांगठनिक संरचना, मानविय श्रोत, निश्चित निर्देशन, समन्वय, प्रतिवेदन र वजेट विनियोजनको समिश्रण नै व्यवस्थापन योजना भन्छ। वातावरणीय व्यवस्थापन योजनाले वातावरण संरक्षणका उपायहरु उपयुक्त रुपमा कार्यान्वय नभएको छ कि छैन, यसको प्रभावकारी अनुगमन तथा मूल्यांकन भएको छ कि छैन भन्ने कुराको निर्देश गर्छ। यस प्रतिवेदनमा प्रस्ताव कार्यान्वयन गर्दा यसबाट हुन सक्ने सकारात्मक प्रभाबलाई अधिकतम गर्न तथा नकारात्मक प्रभाबलाई न्यूनीकरण गर्न त्यस्ता उपायहरुको पहिचान गरी तिनीहरुको प्रभाबकारी कार्यान्वयनको लागि आबश्यक मानविय श्रोत र बजेट समेतको ब्यबस्था गर्न सिफारिस गरिएको छ।

### ९.१ वातावरणीय अनुगमन

वातावरण संरक्षणका लागि प्रस्ताव गरिएको कुराहरुको कार्यान्वयन तथा पालना भए नभएका सम्बन्धमा र प्रभाव न्यूनीकरणका उपायहरु अवलम्बन गरिएको नगरिएको सम्बन्धमा अनुगमन गर्ने उद्देश्यले राष्ट्रिय वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका २०५० र वातावरण संरक्षण नियमावली २०७७ ले पनि वातावरणीय अनुगमनलाई अनिवार्य गरेको छ र सो कार्यका लागी प्रस्तावक नै जिम्मेवार रहने छ। वातावरण मैत्री कृयाकलापहरुको कार्यान्वयनले मात्र वातावरणीय प्रतिकूल प्रभावहरुलाई न्यूनीकरण गर्न सकिन्छ। अनुगमन नियमित र कडाईका साथ भएन भने कार्यान्वयन पक्ष फितलो र अप्रभावकारी हुन्छ।

त्यसैले प्रस्तावमा उल्लेखित न्यूनीकरणका उपायहरुको प्रभावकारी कार्यान्वयनका लागि प्रस्तावकले मासिक अभिलेख अनुगमन तथा अर्धबार्षिक स्थलगत प्राविधिक अनुगमन गर्नेछ ।

### ९.१.१ वातावरणीय व्यवस्थापनका लागि जिम्मेवार निकायहरु

### क) स्थानीय स्तरका निकाय, समिति तथा संघ संस्थाहरु

- गैह्र सरकारी तथा समुदायमा आधारित संस्थाहरु

गाँउपालिकाका वडा कार्यालयहरु तथा विभिन्न स्थानीय क्लवहरु, गैह्सरकारी संस्थाहरु, सामुदायिक वन उपभोक्ता समूहहरु आदि संघ संस्थाहरुले ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन/उत्खनन्, ढुवानी कार्य र वातावरण संरक्षणमा अगुवाका रुपमा भूमिका खेल्न सक्नेछन् ।

- जिल्ला समन्वय समिति

नदी तथा नदीहरूवाट ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन/उत्खनन्, भण्डारण तथा विक्रि कार्यको अनुगमन गर्ने जिल्ला समन्वय समिति जिल्ला कै सबै भन्दा उच्च संस्था हो। ढुङ्गा, गट्टी तथा बालुवा सङ्कलन/उत्खनन्, विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को दफा ९ ले यस कार्यको लागि जिल्ला स्तरिय अनुगमनको लागी जि.स.स.को संयोजक को अध्यक्षता हुनेगरि अनुगमन समिति तोकेको छ।

- डिभिजन वन कार्यलय

डिभिजन तथा जिल्ला वन कार्यालयको वनक्षेत्र भित्र पर्ने नदी/नदीहरुवाट ढुङ्गा, गिट्टी, वालुवा संकलन/उत्खनन् कार्यको स्वीकृत दिन सक्ने आधिकारीक संस्था वन कार्यालय पनि हो । गाँउपालिका भित्रवाट बग्ने नदी/नदीहरुको किनारबाट, वन क्षेत्र भित्र पर्ने घाटहरुवाट ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन/उत्खनन् कार्य डिभिजन वन कार्यालय अनुमतिमा गर्न पाईन्छ ।

- जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय

नदी/नदीहरुवाट उत्पन्न प्रकोपसंग सम्बन्धित यस कार्यालयसंग प्रस्ताव कार्यान्वयन गर्दा समन्वय हुन जरुरी छ। जल उत्पन्न प्रकोप नियन्त्रण विशेषज्ञहरुको राय सुझावहरू र प्राविधिक ज्ञान निकै उपयोगी हुन सक्छ।

- जिल्ला/प्रदेश सिंचाइ कार्यालय

नदी/नदीहरुबाट त्यसै खेर गइरहेको पानीको सदुपयोग गरी सिंचाइ गर्न सकिन्छ। प्रस्ताव कार्यान्वयनबाट सिंचाइ कुलो तथा नहरहरुमा प्रभाव पर्ने संभावनालाई ख्याल गरी गाँउपालिका तथा जिल्लामा स्थित अधिकारिक संस्था, जिल्ला सिंचाइ कार्यालय संग समन्वय गर्नु उपलब्धिमुलक हुनेछ।

- गाँउ कार्यपालिकाको कार्यालय

यस सङ्कलन/उत्खनन् कार्यको प्रस्तावक गाँउ कार्यपालिकाको कार्यालय हो। नदीजन्य पदार्थको विक्री बाट संकलन ⁄ उत्खनन् राजस्व स्थानीय तह लाई ६० प्रतिशत र प्रदेश सरकार लाई ४० प्रतिशत उपलब्ध हुने व्यवस्था छ। साथै नदीजन्य पदार्थको विक्रीका लागी ठेक्का बन्दोबस्त गर्ने अधिकार गाँउ कार्यपालिकाको कार्यालयलाई हुन्छ।

- गाँउ कार्यपालिका

नदीजन्य पदार्थ सङ्कलन ⁄ उत्खनन् तथा निकासी सम्वन्धी प्रारम्भिक वातावरणिय परिक्षण स्वीकृतको अधिकार स्थानीय कानूनले तोकेको निकायलाई वातावरण संरक्षण नियावली २०७७ ले अधिकार दिएको छ। स्थानीय कार्यविधि अनुसार नदीजन्य पदार्थ सङ्कलन/उत्खनन् कार्यका लागी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने निकाय गाँउ कार्यपालिका हो। निस्दी गाउँपालिकाको तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७९ अनुसार गाँउ कार्यापालिका कार्यालयको प्राविधिक समिति (पुनरावोलोकन समिति) बाट सिफारिस प्रतिवेदन लाई कार्यपालिकाले अन्तिम स्वीकृत प्रधान गर्छ साथै यस गाँउ कार्यपालिकाले संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार सम्वन्धी कार्यविधि बनाउने सक्ने अधिकार सम्पन्न निकाय हो।

- पालिका अनुगमन समिति

वातावरणीय अध्ययन प्रतिवेदनले औल्याएका विषयहरू तथा कार्यहरू प्रतिवेदन सम्वत भए नभएको नियमित अनुगमन गर्ने कार्य पालिका अनुगमन समितिले गर्छ। गाँउपालिकाले गाँउपालिका उपप्रमुखको संयोजत्वमा तथा नेतृत्वमा गाँउ अनुगमन समिति गठन गर्नेछ। उक्त समितिमा सम्वन्धित विषय प्राविधिक, स्थानीय प्रहरी र विभिन्न सरोकारवाला संघसंस्थाबाट प्रतिनिधित्व हुने गरि गठन गरिने छ। गाँउ अनुगमन समितिले यस प्रतिवेदनको **अनुसुची २** बमोजिम चेकलिष्ट तयार गरि अनुगमन प्रतिवेदन गाँउ कार्यपालिकामा पेश गर्नु पर्दछ।

**ख) केन्द्रिय तथा प्रदेश स्तरका संघ संस्थाहरु**

- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

स्थानीय तहलाई सहयोग, समन्वय तथा निर्देशित गर्ने केन्दिय निकाय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय हुंदा यस कार्यका लागी मन्त्रालयले नेपाल सरकारका नीति नियमहरुको कार्यान्वयन बारेमा मन्त्रालयले स्थानीय तहलाई निर्देशन दिन्छ र त्यसको अनुगमन गर्दछ ।

- <u>वन तथा वातावरणा मन्त्रालय</u>

वनजंगल क्षेत्र भित्र पर्ने सवै प्रकारका नदी/नदीहरु वन तथा भू संरक्षण मन्त्रालयको कार्य क्षेत्र भित्र पर्छन र तिनीहरुको व्यवस्थापनको लागि जिल्ला स्तरमा जिल्ला वन कार्यालय हुन्छ। त्यसकारण नदी/नदीहरुबाट ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन/उत्खनन् कार्यमा यी दुई मन्त्रालयको अहं भूमिका भएको हुनाले यिनीहरुको समन्वय अति आवश्यक हुन्छ।

- <u>प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय</u>

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १ बाट जारी गरिएको ढुङ्गा, गिटी तथा बालुवा सङ्कलन/उत्खनन्, क्रसिङ्ग र विक्रि वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधी, २०७५ जारी गरिएको छ भने नेपाल संविधान २०७२ मा प्राकृतिक श्रोत साधनलाई साझा अधिकारको सुचीमा उल्लेख गरिएको छ ।

### ९.१.२ अनुगमन प्रगति अभिलेखिकरण

प्रत्येक कृयाकलापको अनुगमन गरेपछि त्यसबाट प्राप्त सूचनाहरुको अभिलेखीकरण गर्नु पर्दछ। अनुगमनवाट प्राप्त सूचनाहरुको आधारमा गाँउपालिकाले भविष्यको योजना तर्जुमा गर्दछ। सुधार गर्नुपर्ने पक्षहरुलाई ध्यान दिंदै नयाँ र प्रभावकारी योजना तर्जुमा गर्न अनुगमन अभिलेखीकरणबाट सूचनाहरुले ठूलो सघाउ पुर्‍याउने छन्। सामान्यतया प्रस्ताव कार्यान्वयन हुने आयोजनामा आधार रेखा अनुगमन (Baseline Monitoring), नियम पालन अनुगमन (Compliance Monitoring) र प्रभाव अनुगमन (Impact Monitoring) गरिन्छ ।

### क) आधार रेखा अनुगमन

आधार-रेखा अनुगमन आयोजना कार्यान्वयन भन्दा अगाडि गरिने अनुगमन विधि हो। आयोजना कार्यान्वयन हुने क्षेत्रको विद्यमान भौतिक, सामाजिक-आर्थिक तथा सांस्कृतिक, जैविक आदि सूचनाहरुको अभिलेखीकरण गर्नु पर्दछ। यो किसिमको आधार रेखाले पछि कार्यान्वयन हुने आयोजनामा देखा परेका परिवर्तनहरु तुलना गर्न मद्धत पुग्दछ। यस गाँउपालिकाको निस्दी खोला, अरुण खोला र कालीगण्डकी नदीको बगरवाट ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन/उत्खनन् गर्ने क्षेत्रको प्रारम्भिक वातावरणीय प्रतिवेदन तयार गर्दा एक किसिमको वातावरणीय आधार रेखा विवरण तयार गरिएको छ ।

### ख) नियम पालन अनुगमन

यसमा प्रस्तावकले पेश गरेको प्रस्ताव एवं मौजुदा ऐन नियम अनुसार वातावरणीय प्रभावहरुको न्यूनीकरण कार्यहरु भएन भएको वारेमा अनुगमन गरिने छ ।यस अनुगमनमा निम्न कार्यहरु पर्ने छन् ।

- ढुङ्गा, गिट्टी तथा बालुवा आदि सङ्कलन/उत्खनन् गर्ने व्यक्ति वा संघसंस्था, कम्पनीहरुले गाँउपालिका संग गर्ने सङ्कलन/उत्खनन् सम्वन्धी संझौता अनुरुप कार्य भईरहेको वा नभएको ।
- सङ्कलन/उत्खनन् को परिमाण सम्झौता अनुसार भए वा नभएको ।
- प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख गरिएका अनुकूल प्रभावहरुलाई बढोत्तीकरण गर्ने कार्यहरु तथा प्रतिकूल प्रभाव न्यूनीकरण गर्ने उपायहरु कार्यान्वयन गर्न वजेट व्यबस्था तथा कार्यक्रम कार्यान्वयन भईरहेको वा नभएको ।

### ग) प्रभाव अनुगमन

जुनसुकै प्रस्ताव कार्यान्वयन गर्दा पनि वातावरणीय स्थितिमा केही परिवर्तन हुन्छ। प्रस्ताव कार्यान्वयन (न्यूनीकरणका उपाय कार्यान्वयन समेत) ले भौतिक, जैवीक र सामाजिक तथा आर्थिक स्थितिमा पार्ने प्रभाव मुल्याङ्कन गर्न नियमित अनुगमन गरिन्छ। यसबाट प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भएका अनुकूल प्रभावलाई बढाउने र प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्ने उपायहरु संचालनको लागि प्रभावकारीता जाँच गर्न मद्दत मिल्छ। ढुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन् कार्य पश्चात त्यसबाट उत्पन्न प्रभावहरुको अध्ययन दुई वर्षभित्र गरिनेछ। यस अर्न्तगत निम्न किसिमका प्रभावहरुको अनुगमन गरिने छ।

- सतह, भू-क्षय र गल्छीको अबस्था ।
- पहिचान वा आँकलन गरिएको प्रभावको वास्तविकता को अध्ययन ।
- सामाजिक र आर्थिक अबस्थामा आएको परिवर्तन ।
- नदीको दुवै किनार तर्फ संरक्षित क्षेत्र, नदीको सतहको उचाई, नदीको धार बग्ने क्षेत्र ।
- नदी नजिकैको भौतिक संरचनातल माथिको संरक्षित क्षेत्र, नदीको दुवै किनारमा कायम गर्नु पर्ने संरक्षित क्षेत्रको अध्ययन ।

## ९.२ अनुगमन तथा वातावरणीय व्यवस्थापन योजना र समय तालिका

प्रस्ताव कार्यान्वयन पछि यसका प्रतिकूल प्रभाव न्यूनीकरण गर्न र अनुकूल प्रभावलाई अधिकतम गर्नका लागी स्थान, समय र कार्यक्रमको भौतिक, जैविक, सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरणका प्रभावको सूचक निर्धारण गरी न्यूनतम महिना र बार्षिक रुपले वातावरणीय अनुगमनको व्यबस्था गरिएको

छ। अनुगमन कार्यक्रमको कार्यान्वयन सम्वन्धी विवरण निम्न बमोजिम तालिका ९.१ मा प्रस्तुत गरिएको छ।

*तालीका ९.१ अनुगमन तथा वातावरणीय योजना र समय तालिका*

| सि. नः | अनुगमन को प्रकार | विषयबस्तु | सुचक | विधि | समय तालिका | जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| १ | आधार रेखा अनुगमन | नदीको किनारको अवस्था | नदी किनारको सङ्कलन/उत्खनन् स्थानहरू | स्थलगत निरीक्षण | प्रत्येक महिनामा | गाँउ अनुगमन समिति |
| २ | | नदीको भिर, धार अवस्था | नदीको धार परिवर्तन | स्थलगत निरीक्षण, स्थानीय बासी संग छलफल | प्रत्येक महिनामा | गाँउ अनुगमन समिति |
| ३ | नियम पालन अनुगमन | सिफारिस गरिएका न्यूनीकरणका कार्य भए नभएको | सङ्कलन/उत्खनन् कार्य तोकिएको स्थान र मापदण्ड र मात्रामा संकलन गरेको हेर्ने | स्थलगत निरीक्षण | प्रत्येक महिना | जिल्ला अनुगमन समिति र गाँउ अनुगमन समिति |
| ४ | | सङ्कलन/उत्खनन् सम्वन्धी तालिम भए वा नभएको | सङ्कलन/उत्खनन् सम्वन्धि तरिका हेर्ने | स्थलगत निरीक्षण | प्रत्येक महिना | जिल्ला अनुगमन समिति र गाँउ अनुगमन समिति |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | | सङ्कलन/उत्खनन् इजाजत अनुसार काम भए नभएको | परिचय पत्र, चलानी पूर्जी आीद | स्थलगत निरीक्षण र चलानी पूर्जी निरिक्षण | प्रत्येक महिना | गाँउ अनुगमन समिति |
| ६ | | जनचेतना अभिवृद्धी कार्य भए नभएको | स्थानीयहरूमा भएको जानकारी | छलफल | प्रत्येक महिना | गाँउ अनुगमन समिति |
| ७ | | सुरक्षा, स्वास्थ | आधुनिक औजारको प्रयोग, बिरामी रेकड र सोधपुछ | स्थलगत निरीक्षण | प्रत्येक महिना | गाँउ अनुगमन समिति |
| ८ | | तोकिएको परिमाण वा वढी संकलन गरेको वा नगरेको | सङ्कलन/उत्खनन् भएको पैदावारको निरिक्षण | सङ्कलन/उत्खनन् श्रोत जाच र स्थलगत निरीक्षण | प्रत्येक महिना | गाँउ अनुगमन समिति |
| ९ | | संवेदनशील स्थानमा सङ्कलन/उत्खनन् कार्य भए नभएको | संवेलनशील क्षेत्रको विवरण | स्थलगत निरीक्षण | प्रत्येक ६ महिना | जिल्ला अनुगमन समिति र गाँउपालिका |
| १० | | भू संरक्षण कार्य गरे नगरेका | गल्छी निर्माण ,छेकवाध,वाटो | स्थलगत निरीक्षण | प्रत्येक ६ महिना | जिल्ला अनुगमन समिति र गाँउ अनुगमन समिति |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | | भौतिक संरचनाको संरक्षण भए नभएको | नदी किनारको संरक्षित क्षेत्र, भौतिक संरचना तल माथिको क्षेत्र,नदीको बहाव आदि | स्थलगत निरीक्षण | प्रत्येक ६ महिना | जिल्ला अनुगमन समिति र गाँउ अनुगमन समिति |
| १२ | | वायु, धुवा, ध्वनीको प्रदुषण | सङ्कलन/उत्खनन् गर्ने तरिका तथा ढुवानीमा प्रयोग हुने सवारी साधनको जाच | स्थलगत निरीक्षण, स्थानीय मानिस सँग सोधपुछ | प्रत्येक महिना | गाँउ अनुगमन समिति |
| १३ | | जैविक विविधता तथा वासस्थानमा असर परे नपरेको | जन्तु, जनावर का पथ चिन्ह | स्थलगत निरीक्षण र गणना | वार्षिक | जिल्ला अनुगमन समिति र गाँउ अनुगमन समिति |
| १४ | | स्थानीय रोजगार | कामदारको नाम ठेगाना आीद | स्थलगत निरीक्षण, छड्के जाँच | प्रत्येक महिना | गाँउ अनुगमन समिति |
| १५ | प्रभाव अनुगमन | सामाजिक, आर्थिक र सास्कृतिक सर्वेक्षण | घरधुरी र जनसंख्या | पी. आर. ए | प्रत्येक महिना | गाँउ अनुगमन समिति |
| १६ | | बालबालिका र असक्तलाई काममा प्रयोग गरे नगरेको | कामदारको नाम ठेगाना आदि | स्थलगत निरीक्षण | काम शुरू भएको २ महिनाभित्र | गाँउ अनुगमन समिति |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | | बसाई सराई | घरधुरी र जनसंख्या | पी. आर. ए | वार्षिक | गाँउ अनुगमन समिति |

**९.३.अनुगमनको खर्चको विवरणः**

आयोजना कार्यान्वयन पूर्व, कार्यान्वयन भइरहेको समयमा र कार्यान्वयन पश्चात नियमित अनुगमन गरिने हुदा त्यसको लागि रु १५०,००० / लागि छुट्याईनेछ।

*तालिका ९.२ वातावरण अनुगमन कार्ययोजना*

| सि.न. | अनुगमन गरिने कृयाकलाप | अनुमानित रकम | अनुगमन गर्ने निकाय | समय तालिका | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रतिवेदनले औल्याएका विषयहरू तथा कार्यहरू | ९०,००० | गाँउ अनुगमन समिति | मासिक | बर्षको ९ मैना मात्र संकलन/उत्खनन् गर्न सकिने भएकाले मासिक दश हजार |
| २ | प्रतिवेदन लेखन (गाँउ अनुगमन समिति) | १०,००० | | मासिक | |
| ३ | सङ्कलन / उत्खनन् तथा विक्री कार्य | ५०,००० | जल्ला अनुगमन समिति | अर्धबार्षिक | |
| | जम्मा | **१५००००** | | | |

जम्मा एक लाख पचास हजार रूपैया मात्र

## ९.४ बातावरणीय व्यबस्थान योजनाको लागी जिम्मेवार निकायहरु




## १०.१ निष्कर्ष

वातावरण संरक्षण दिगो विकासको मुल मान्यता हो। विकास निर्माण वा प्राकृतिक स्रोतसाधनको उपभोग तथा प्रयोग गर्दा वातावरणमा प्रतिकूल असर पर्नसक्ने हुनाले यस्ता कार्यहरु गर्दा प्रतिकूल प्रभावलाई यथाशक्य कम गरी स्वच्छ तथा स्वस्थ्य वातावरण कायम गर्न र प्राकृतिक श्रोतको समुचित उपयोग गर्नका लागि वातावरण संरक्षण ऐन २०७६, वातावरण संरक्षण नियमावली २०७७ बमोजिम कार्यान्वयनका लागि प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने हुन्छ।

निस्दी गाउँपालिकाको भएर बग्ने निस्दी खोला, अरुण खोला र कालीगण्डकी नदीको बगर क्षेत्रहरूबाट दिगो र वातावरणमैत्री रुपमा नदीजन्य पदार्थको सङ्कलन/उत्खनन् गर्ने कार्यसँग यो प्रस्ताव सम्बन्धित छ। नदीजन्य बस्तुको सङ्कलन/उत्खनन् को योजना बनाई कार्य संचालन गर्दा प्राकृतिक श्रोतको उचित उपभोग मात्र नभई नदी व्यवस्थापनमा पनि ठूलो सहयोग पुग्नेछ। निर्माणका लागि आवश्यक पर्ने ढुङ्गा, गिट्टी तथा बालुवा आदि समयमै वैज्ञानिक तरिका द्वारा सङ्कलन/उत्खनन् हुंदा श्रोतमा आधारित उद्योगहरु र निर्माणका योजनाहरु सञ्चालनमा रही स्थानीय स्तर देखि राष्ट्रिय स्तर सम्म आपूर्ति व्यवस्था हुन सक्छ। ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन/उत्खनन् गर्ने नदीको बगर क्षेत्रहरू कुनै विशेष संवेदनशिल क्षेत्रमा पर्दैन साथै यस प्रस्तावित क्षेत्र संरक्षित क्षेत्र, निकुन्ज, चुरे क्षेत्र जस्ता वातावरणीय दृष्टीकोणले सम्वेदनसिल क्षेत्रहरू भित्र पर्दैन। यस प्रस्ताव कार्यान्वयन गरिदा ठुलो क्षति हुने वा अपेक्षाकृत धेरै प्रतिकूल प्रभावहरु पर्ने स्थिति

देखिदैन। यस प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनमा पहिचान भएका सम्पूर्ण वातावरणीय असरहरुलाई न्यूनीकरण गरी स्वीकार्य तहसम्म ल्याउन प्रभाव न्यूनीकरणका कम खर्चिला तथा सहज उपायहरु अपनाइएको छ। प्रतिवेदनमा संलग्न वातावरणीय असर न्यूनीकरणका उपायहरुले असर गर्ने क्षेत्रको गुणस्तर सुधारमा सहयोग पुऱ्याइ जीवनस्तरको गुणस्तर कायम गर्न सहयोग गर्नेछ।

यस प्रस्तावको कार्यान्वयनबाट स्थानीय स्तरमा रोजगारीको श्रृजना हुनुका साथै गाँउपालिकालाई प्रत्यक्ष रुपमा राजश्व प्राप्त हुनेछ। प्रस्तावको कार्यान्वयन हुने नदी धेरै जनघनत्व भएको वस्ती, सांस्कृतिक सम्पदा क्षेत्र, संरक्षित क्षेत्र, सिमसार क्षेत्र तथा चुरे क्षेत्रमा पर्दैन। यस योजनाले कुनैपनि क्षेत्रलाई उल्लेख्य असर पार्दैन, बाढीको कारण बन्दैन, हावा तथा पानीलाई सामान्य रुपमा धुवाँ, धुलोले प्रदुषण भने गर्नेछ साथै जथाभावी नदीजन्य वस्तुको सङ्कलन/उत्खनन् ले किनारको भागको कटानी तथा सामान्य पहिरो जान सक्छ।

यस कार्यको स्वीकृतिको लागि प्रारम्भिक वातावरणीय परीक्षण पर्याप्त रहेको छ। प्रभावहरुको न्यूनीकरण र संलग्न वातावरणीय अनुगमन योजना कार्यान्वयन गरी तोकिएको स्थान र परिमाण भित्र रहने गरी स्वीकृत भएको मितिबाट लागूहुने गरी २ बर्ष अवधि भित्र ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन/उत्खनन् तथा ढुवानी गर्ने सर्तमा प्रस्तावित आयोजना कार्यान्वयन गर्ने निष्कर्ष निकालिन्छ। यो प्रस्तावना वातावरण संरक्षण नियमावली २०७७ को अनुसूची २ को दायरा भित्र पर्ने हुनाले प्रारम्भिक वातावरणीय परीक्षण नै पर्याप्त हुने देखिन्छ। प्रारम्भिक वातावरणिय परिक्षणवाट तोकिए वमोजिमका स्थानहरु विभिन्न वहाव क्षेत्रहरुमा ३८,११०.०० घ. मी. नदीजन्य पदार्थहरु रहेता पनि वार्षिक ३०,४८८.०० घ. मी. तथा दैनिक ११२.९२ घ. मी. मात्र उत्खनन् तथा संकलन/उत्खनन् का लागि सिफारिस गरिएको छ।

## १०.२ निस्दी गाउँपालिकाको प्रतिवद्धता

नदीजन्य प्राकृतिक पदार्थहरु ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन/उत्खनन् कार्यलाई व्यवस्थित र वातावरण मैत्री बनाउन निम्न प्रतिवद्धताहरु दिइएका छन्।

- अनुगमन योजनामा दिइएका न्यूनीकरणका उपायहरुको अनिवार्य कार्यान्वयन र त्यसको नियमित अनुगमन गरिनेछ।
- स्थानीय स्तरमा पर्यावरण, सामाजिक, सास्कृतिक विषयवस्तुहरुलाई महत्वका साथ उचित व्यवस्थापन गरिने छ। स्थानीय वासीहरुसँग नियमित रुपमा उनीहरुको राय सुझाव लिइनेछ।
- रोजगारीको लागि स्थानीयलाई प्राथमिकता दिइनेछ।
- प्रत्येक वर्ष बर्षायाम सकिए पछि थुप्रिएको ढुङ्गा, गिट्टी तथा बालुवाको परिमाण नापजाँच अभिलेख राखिनेछ।

- ❖ सङ्कलन/उत्खनन् कार्य नदी च्यानल देखि गरिने छैन।
- ❖ कामदारहरुको लागि व्यवसायिक स्वास्थ्य र सुरक्षाको उपायहरु अपनाइने छ।
- ❖ बालबालिकालाई कामदारको रुपमा प्रयोग गरिने छैन।
- ❖ ठेक्का सम्झौतामा उल्लेख भएको परिमाण, स्थान आदिको नियमित अनुगमन गरिनेछ ।
- ❖ प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनका शर्त बाहिर गई निमार्ण व्यवसायी (ठेकेदार) ले नदीजन्य पदार्थ सङ्कलन/उत्खनन्, भण्डारण तथा निकासी गरेमा गाँउपालिकाले नियमानुसार कारवाही गरी ठेक्का सम्झौता रद्दगर्न सक्नेछ।
- ❖ वनसंग समन्वय गरी राजस्व संकलनमा ऐक्यवद्धता प्रणालीको पहल गरिनेछ। सामुदायिक वनसँग समन्वय गरि सिमा एकिन गरि नदीजन्य पदार्थ उत्खनन् गर्ने व्यवस्थाको अनुगमन गरिने छ।
- ❖ नदीजन्य पदार्थको सङ्कलन/उत्खनन् र भण्डारणको अनुगमन जिल्ला अनुगमन समितिले गर्नेछ।
- ❖ समग्र क्रियाकलापको अनुगमनको लागि गाँउपालिकाको उपप्रमुख ज्यू को संयोजत्वमा गाँउ अनुगमन समिति गठन गरि नियमित अनुगमन गरिने छ।

## सन्दर्भ सामाग्रीहरु


- नेपाल सरकार, वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७
- नेपाल सरकार, स्थानीय सरकार संचालन ऐन, २०७४
- नेपाल सरकार, वन ऐन, २०७६ तथा वन नियमावली, २०५१
- नेपाल सरकार, राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कक निर्देशिका, २०५०
- ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७
- ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी (पहिलो संशोधन), २०७९
- निस्दी गाउँपालिका गाँउ पार्श्वचित, २०७४
- वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका, २०७२
- सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय वातावरण शाखा २०७७/०४/२१ को च.नं. २७
- निस्दी गाउँपालिका आर्थिक ऐन, २०७५
- निस्दी गाउँपालिका, संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७९

# अनुसूचीहरु

# अनुसूची १: नदीजन्य पदार्थ सङ्कलन / उत्खनन् गुगल नक्साहरू


भोटाहा घाट
वडा नं. १, निस्दी गाउँपालिका
Legend
उत्खन्न स्थल
भोटाहा घाट
Kali Gandaki Polytechnic Institute
Bhattarai kirana Pasal
Farm Rd
School Rd
भोटाहा घाट
Ghat St
Malebagar
Google Earth
Image © 2022 CNES / Airbus
2000 ft
N


जलुक्के घाट
वडा नं. ४ , निस्दी गाउँपालिका
Legend
उत्खन्न स्थल
जलुक्के घाट
जलुक्के घाट
Google Earth
Image © 2022 CNES / Airbus
1000 ft
N


रिपाहा घाट साइट १ र २
वडा नं. ४ , निस्दी गाउँपालिका
Legend
रिपाहा घाट साइट १ र २
रिपाहा घाट १ र २ उत्खनन स्थल
Rakachuli Sadak
रिपाहा घाट साईट १
रिपाहा घाट साईट २
Google Earth
Image © 2022 CNES / Airbus
900 ft
N


ढुङ्गाना बेसि
वडा नं. ५, निस्दी गाउँपालिका
Legend
उत्खनन स्थल
ढुङ्गाना बेसि घाट
ढुङ्गाना बेसि घाट
Google Earth
Image © 2022 CNES / Airbus
400 ft
N


गल्था घाट
वडा नं. ५, निस्दी गाउँपालिका
Legend
उत्खन्न स्थल
गल्था घाट
गल्था फाट घाट
Google Earth
Image © 2022 CNES / Airbus
500 ft
N


डुम्रे घाट
वडा नं. ६, निस्दी गाउँपालिका
Legend
ward 1 kaligandaki path
डुम्रे घाट
डुम्रे घाट
Google Earth
Image © 2022 CNES / Airbus
300 ft
N


भोगट्टे घाट
वडा नं. ६, निस्दी गाउँपालिका
Legend
उत्खन्न स्थल
भोगट्टे घाट
भोगट्टे घाट
Google Earth
Image © 2022 CNES / Airbus
300 ft
N


रानीटार घाट
वडा नं. ७ , निस्दी गाउँपालिका
Legend
रानीटार घाट
रानीटार घाट उत्खन्न स्थल
रानीटार घाट
Google Earth
Image © 2022 CNES / Airbus
1000 ft
N


शेराटार घाट
वडा नं. ७ , निस्दी गाउँपालिका
Legend
शेराटार घाट
शेराटार घाट उत्खन्न स्थल
शेराटार घाट
New soniya hotel nisdi 7 sathimure Palpa
Google Earth
Image © 2022 CNES / Airbus
600 ft
N


कलबेरी घाट साइट १ र २
वडा नं. ७ , निस्दी गाउँपालिका
Legend
कलबेरी घाट साइट १ र २
कलबेरी घाट उत्खन्न स्थल
कलबेरी घाट साइट १
कलबेरी घाट साइट 2
Google Earth
Image © 2022 CNES / Airbus
700 ft
N

## अनुसूची २ः नदीहरूको वातावरणीय अवस्था निरीक्षण चेक लिष्ट

| क्र.सं. | विवरण | छ वा छैन | कैफियत |
|---|---|---|---|
| १ | वातावरणीय अध्ययन प्रतिवेदन औल्याएका विषयहरू अनुसारको व्यवस्था | | |
| २ | वातावरयीय अध्ययन प्रतिवेदनले संकलन तथा उत्खनन्को लागी तोकेका क्षेत्रहरू परिवर्तन भएको | | |
| ३ | ढुङ्गा, गिट्टी, वालुवा जस्ता पदार्थको अवस्था परिवर्तन | | |
| ४ | संकलन, उत्खनन् र ढुवानीका लागी नयाँ प्रावधान आवश्यकता | | |
| ५ | नदीले वहाव परिवर्तन गरेको | | |
| ६ | वातावरणीय उध्ययन प्रतिवेदनले औल्याएका पहिलेको अवस्था | | |
| ७ | अघिल्लो वातावरणीय प्रतिवेदनले औल्याए अनुसार संकलन तथा उत्खनन् गर्न मिल्ने अवस्था | | |
| ८ | नदीले नया पदार्थ थुपारेको वा बगाएको अवस्था | | |
| ९ | उत्खनन् गरिने परीमाण चौकिल्ला रेखांकन सहितको नाप नक्शा राखेको क्षेत्रको अवस्था यथावत रहेको | | |
| १० | अन्य | | |

# अनुसूची ३: सार्वजनिक सुनुवाईको सुचना र माईनुट

सूचना नं. -०५

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यलय
मित्याल, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

मितिः२०७९/०५/१३

## वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी सार्वजनिक सुनुवाई हुने बारे सुचना

पाल्पा जिल्लाको निस्दी गाउँपालिकाको सिमाना भएर बग्ने निस्दी खोला, कालिगण्डकी र अरुण नदीको बगर क्षेत्रबाट ढुंगा, गिट्टि, बालुवा र माटोको दिगो संकलन तथा निकासी कार्य गर्न प्रारम्भिक वातावरणिय परीक्षण भई रहेको जानकारी गराईन्छ। प्रस्ताव कार्यान्वयन हुने नदी र अध्ययन गर्दा प्रभावित हुन सक्ने क्षेत्रहरु निम्नानुसार रहेका छन्।

| क्र.स. | IEE गर्ने नदी तथा खोला | अध्ययन गर्ने क्षेत्र | प्रभावित हुन सक्ने क्षेत्रहरु |
|---|---|---|---|
| १. | निस्दी खोला, अरुण खोला र कालिगण्डकी नदी | निस्दी खोला, कालिगण्डकी र अरुण नदी खिनारा तथा बगर क्षेत्र। | निस्दी गाउँपालिका अन्तरगतका सम्पुर्ण वडा का नदी तथा सहायक खोला किनार छेउका बस्ति तथा सम्पदाहरु। |

"वातावरण संरक्षण ऐन, २०७६", "वातावरण संरक्षण नियमावली, २०७७", यस निस्दी गाउँपालिकाको " निस्दी गाउँपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७९" बमोजिम वातावरण परीक्षण गर्नुपर्नेछ। यो प्रस्ताव गर्नु अघि यो प्रस्तावको कार्यन्वयनबाट स्थानीय क्षेत्रको जैविक, सामाजिक तथा सास्कृतिक प्रणालिहरु र यिनका अवयहरु बीचको अन्तरक्रिया र अन्तरसम्बन्धमा पर्न सक्ने प्रभावहरु एकिन गरि प्रारम्भिक वातावरणिय परीक्षण गर्नु पर्ने भएकाले सम्पुर्ण सरोकारवाला व्यक्ति तथा संस्थालाई निम्न स्थान र समयमा हुने सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थितिको लागि अनुरोध गरिन्छ।

<u>तपसिल</u>

| मिति | स्थान | समयः |
|---|---|---|
| २०७९/०५/१८ | रेचे बजार, वडा नं. ६ | १०:०० बजे बिहान |
| २०७९/०५/१८ | सात मुरे, वडा नं. ७ | २:०० बजे दिउँसो |
| २०७९/०५/१९ | रिपाहा गाउँ, वडा नं. ४ | ११:०० बजे बिहान |
| २०७९/०५/२० | ढुङ्गाना बेसि, वडा नं. ५ | ८:०० बजे बिहान |
| २०७९/०५/२० | भोटाहा घाट, वडा नं. १ | १२:०० बजे बिहान |

२०७९/०५/१३
अर्जुन खनाल
नि.प्रमुख प्रशासकीय अधिकृत

मिति : २०६८/०५/१८

"सार्वजनिक सुनुवाई कार्यक्रम"

तिरुदी गाउँपालिकामा पर्ने अरुण खोला, तिरुदी खोला र कालीगण्डकी नदीको विभिन्न बगर क्षेत्रबाट दिगो रुपमा नदीजन्य पदार्थको संकलन तथा निकासी कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक, भौतिक, जैविक, सामाजिक, आर्थिक, सांस्कृतिक प्रणालीमा के-कस्तो प्रभाव पर्दछ भनि राय सुझाव लिनाको लागि निम्न मिति, स्थान र समयमा सार्वजनिक सुनुवाई कार्यक्रम राखी निम्न लिखित उपस्थितिमा देहाय बमोजिमको राय सुझाव संकलन गरीयो ।

मिति :- २०६८-०५-१८
स्थान :- रेव्दी बजार, वडा नं. ६
समय :- १०: बजे

उपस्थितिहरु

| क्र.स | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भैरव बहादुर सुनारी | वडाअध्यक्ष | भैरबहु |
| २. | कृष्ण बहादुर सुनारी | स्थानीय | [signature] |
| ३. | खेम बहादुर वि.क | ,, | [signature] |
| ४. | बोम बहादुर थापा | ,, | [signature] |
| ५. | लिमी माया बयम्बु | ,, | लिमी |
| ६ | दाम बहादुर दर्लामी | ,, | दम |
| ७. | लोल बहादुर सोमै | ,, | |
| ८. | महेन्द्र बयम्बु | ,, | [signature] |
| ९ | अर्जुन ,, | ,, | Arjul |
| १० | अरुणा दर्लामी | ,, | अरुणा |
| ११ | श्याम बहादुर बयम्बु | ,, | [signature] |
| १२. | होम बहादुर राई (स्थानीय पत्रकार) | | [signature] |

राय/सुझावहरू:

१. डोजर मेसिनहरू प्रयोग गरेर नदीजन्य पदार्थ उत्खनन गर्न नहुने।

२. स्थानिय बासी प्रत्यक्ष रूपमा लाभान्वित हुने गरी नदिजन्य पदार्थ उत्खनन /संकलन गर्नुपर्ने।

३. रोजगारीको अवसर पाउनुपर्ने।

४. नदीको सतहभन्दा तल नदीजन्य पदार्थ उत्खनन गर्न नपाउने।

५. नदीको धार परिवर्तन हुने गरी उत्खनन गर्न नहुने।

६. पहिरो, भूक्षय नगराई, बाढी भूसंरक्षणलाई अतिनै ख्याल राखी उत्खनन गर्ने

लिमी

मिति: 2069/05/18

## सार्वजनिक सुनुवाई कार्यक्रम

सिम्दी गाउँपालिकामा पर्ने अरुणखोला, सिम्दी खोला र कालीगण्डकी नदिको विभिन्न भागमा, बगर क्षेत्र बाट ढुंगा रुपमा नदिजन्य पदार्थको संकलन तथा बिक्री कार्य प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनका लागी सार्वजनीक ~~सुन~~ सुनवाई कार्यक्रम गर्दै क्रममा यस क्षेत्रको प्राकृतिक भौतीक, जैविक, सामाजिक ~~व~~ आर्थिक सांस्कृतिक प्रणालीमा के-कस्तो प्रभाव पर्दछ भनि राय सुझाव लिनको लागी निम्न मिती स्थान र समयमा सार्वजनीक सुनवाई कार्यक्रम राखी निम्न लिखीत उपस्थीमा देहाय बमोजीमको राय सुझाव संकलन गरियो

मिती = 2069/05/18
स्थान = सात मुरे, वडा नं. 7
समय = 2 बजे दिउसो

उपस्थितिहरु

| क.स | नाम | पद | हस्ताक्षर |
| --- | --- | --- | --- |
| १ | मुकु ब थापा | वडा अध्यक्ष | |
| २ | होम ब चौहान | (वडा सदस्य) | [signature] |
| ३ | धम ब थलामी | (स्थानिय) | [signature] |
| ४ | पुर्ण ब राणा | स्थानिय | [signature] |
| ५ | भिम्चु ब. राणा | " | [signature] |
| ६ | रिविन थापा राना | स्थानिय | [signature] |
| ७. | दिवस कठायत | वातावरण इ. | [signature] |
| ८ | दरिम राना | स्थानिय | [signature] |

सुझावहरू :

१. नदीको धार परिवर्तन हुने गरी उत्खनन /संकलन गर्न नहुने।
२. नदीको सतहभन्दा तल नदीजन्य पदार्थ उत्खनन गर्न नपाइने।
३. हेभि मेसिनहरू प्रयोग गर्दा स्थानियको निरिक्षण मा गर्नु पर्ने।
४. स्थानियलाई रोजगारीमा प्राथमिकता दिनु पर्ने।

बिष्णु
रिश्मी

मिति २०७९।०५।१६

"सार्वजनिक सुनुवाई कार्यक्रम"

निस्दी गाउँपालिकामा पर्ने अरुण खोला, निस्दी खोला र कालीगण्डकी नदीको विभिन्न बगर क्षेत्रबाट दिगो रुपमा नदीजन्य पदार्थको संकलन तथा निकासी कार्य प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक, भौतिक, जैविक, सामाजिक आर्थिक सांस्कृतिक प्रणालीमा कुन-कस्तो प्रभाव पर्दछ भनि राय सुझाव लिनको लागि निम्न मिति स्थान र समयमा सार्वजनिक सुनुवाई कार्यक्रम मार्फत निम्न लिखित उपस्थितिमा देहाय बमोजिमको राय सुझाव संकलन गरियो।

मिति = २०७९।०५।१६
स्थान = रिपाहा गाउँ, वडा नं. ४
समय = ११ बजे

उपस्थितिहरु:

| क्र.स | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | सन्तविर सुनारी | वडा अध्यक्ष | [signature] |
| २. | हिम कुमारी सुनारी | गा.पा. सदस्य | [signature] |
| ३. | विक्रम साउद | वडा सदस्य | [signature] |
| ४. | भिम बहादुर साउद | समाज सेवी | [signature] |
| ५. | ओम बहादुर साउद | ,, ,, | [signature] |
| ६. | भागी राम सुनारी | ,, ,, | [signature] |
| ७. | यम बहादुर साउद | ,, ,, | [signature] |
| ८. | वीर बहादुर साउद | ,, ,, | [signature] |
| ९. | दल बहादुर सार्की | ,, ,, | दल |
| १०. | यानी सरा सुनारी | ,, ,, | यानी |
| ११ | कुम बहादुर सुनारी | ,, ,, | कुम |
| १२ | दिपक कठायत | परामर्शदाता (वातावरण इ.) | [signature] |

राय/सुझावहरू

१. डोजो मेसिन प्रयोग गर्दा पालिका र स्थानियको
निरिक्षणमा गर्नु पर्ने।
२. नदीको धार परिवर्तन गर्ने गरी नदीजन्य पदार्थको
उत्खनन र सङ्कलन गर्न नपाउने।
३. नदीको सतह भन्दा तल हुने गरी नदीजन्य पदार्थको
उत्खनन र सङ्कलन गर्न नहुने।
४. स्थानियलाई रोजगारीको अवसर प्रदान गर्नुपर्ने।
५. पहिरो, भू-क्षयको जोखिम क्षेत्रमा उत्खनन र
सङ्कलन गर्न नमिल्ने।
६. स्थानियको गुनासो समयमा नै सम्बोधन गर्नु पर्ने।

माली

मिति : २०६३/०५/२०

"सार्वजनिक सुनुवाई कार्यक्रम"

निस्दी गाउँपालिकाको क्षेत्र अधिकारमा पर्ने निस्दी खोला, अकणा खोला र काली गण्डकी नदीको विभिन्न बगर क्षेत्रबाट दिगो रुपमा नदीजन्य पदार्थको संकलन तथा निकासी कार्यको वातावरणीय अध्ययन प्रतिवेदनको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक, भौतिक, सांस्कृतिक, जैविक, सामाजिक, भौतिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनि राय सुझाव लिनको लागि निम्न मिति, स्थान र समयमा सार्वजनिक सुनुवाई कार्यक्रम राखी निम्न लिखित उपस्थितिमा देहाय बमोजिमको राय सुझाव संकलन गरीयो ।

मिति :- २०६३/०५/२०
स्थान :- ओराघाट, वडा.न.१
समय :- १२ बजे दिउँसो

उपस्थितिहरु :

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १, | ज्ञान ब राना | समाजसेवि | ज्ञान |
| २, | लाल ब० ठेगा | समाज सेवि | लाल |
| ३, | कृष्ण ब घर्ती | समाज सेवि | कृष्ण |
| ४, | भीमा घर्ती | समाज सेवी | भिमा |
| ५, | पदु राना | समाज सेवी | [illegible] |
| ६, | इन्द्र ब राना | समाज सेवी | इन्द्र राना |
| ७, | प्रताप ~~[illegible]~~ थापा | जील्ला गं स पाल्पा | [illegible] |
| ८, | रुक ब कि.क. | निस्दी गा.पा.सदस्य | [illegible] |
| ९, | खुम ब घर्ती | स्थानीय बासी | खुमबहादुर |
| १०, | हर्क ब नेपाली ठका | स्थानीय बासी | |
| ११, | मोहन राना | स्थानीय बासी | [illegible] |
| १२ | नेत्र ब ओली | स्थानीय बासी | नेत्र |
| १३. | ऋद्धि ब अंधाल | समाज सेवी | [illegible] |

राय / सुझावहरू:

१. नदीका खोलाको धार परिवर्तन हुने गरि उत्खनन सङ्कलन गर्न नहुने।
२. हेभि मेसिनहरू प्रयोग गर्दा पालिकाको र स्थानियको प्रत्यक्ष निगरानीमा गर्नु पर्ने।
३. पहिरो, भू क्षय र बाढी जोखिम क्षेत्रमा उत्खनन र सङ्कलन गर्न नपाउने।
४. नदीको सतहभन्दा तल्ल हुने गरी उत्खनन गर्न नहुने।
५. नदीजन्य पदार्थको बेच बिखनबाट उठ्ने राजश्व स्थानिय क्षेत्रको विकासको लागि उपयोग गर्नु पर्ने।
६. स्थानियलाई रोजगारीको अवसर प्रदान गर्नु पर्ने।
७. धार नखुल्दा निर्माण सामाग्री अभाव भएको र ढाढा बाट नदीजन्य पदार्थ ल्याउन पर्दा उपभोक्ता मारमा पर्न गयको।

गिरमान
मोहन
थम बहादुर
भिमा
कृष्णा
लाल
इन्द्र राना

मिति: २०७६/०५/२०

"सार्वजनिक सुनुवाई कार्यक्रम"

निस्दी गाउँपालिकाको क्षेत्र अधिकार भित्र पर्ने निस्दी खोला, अरूणा खोला र कालीगण्डकी नदीको विभिन्न बगर क्षेत्रबाट दिगो रूपमा नदीजन्य पदार्थको संकलन तथा निकासी कार्यको वातावरणीय अध्ययन प्रतिवेदनको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने क्रममा यस क्षेत्रको भौतिक, प्राकृतिक, जैविक, सामाजिक, आर्थिक, सांस्कृतिक प्रणालीमा क-कस्तो प्रभाव पर्दछ भनि यस राय सुझाव लिनको लागि निम्न मिति, स्थान र समयमा सार्वजनिक सुनुवाई कार्यक्रम बारको निम्न लिखित उपस्थितिमा देहाय बमोजिमको राय सुझाव संकलन गरियो।

मिति: २०७६/०५/२०
स्थान: कुडाना बौले
समय: ९:८ बजे बिहान

उपस्थितिहरू:

| क्र.स | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | मेहर सिं खडलुक | जेष्ठनागरीक | [signature] |
| २ | बिक्रम बहादुर अधारी | समाजसेवी | [signature] |
| ३ | वेद बहादुर खंडलुक | ,, | [signature] |
| ४ | प्रदिप रावाली | ,, | [signature] |
| ५ | तकबहादुर पेमरु | शिक्षक | [signature] |
| ६ | खेम बहादुर शाही | समाजसेवी | [signature] |
| ७ | यो बहादुर खांचा | ,, | [signature] |
| ८ | पुरखो सिं सोती | ,, | [signature] |
| ९ | पूर्ण बहादुर सिजाली | ,, | [signature] |
| १० | जुन बहादुर सोती | ,, | [signature] |
| ११ | कृष्ण प्रसाद रावाली | वडा सदस्य | [signature] |
| १२ | चन्द्र बहादुर खवडलुक | समाजसेवी | [signature] |
| १३ | राम बहादुर पाल मगर | ,, | [signature] |

राय सुझावहरु

१. ठेक्काको दर निर्धारण गर्दा स्थानियसँग सहकार्य गरेर निर्धारण गर्नु पर्ने।
२. खोलाको धार परिवर्तन हुने गरि उत्खनन र सङ्कलन गर्न नहुने।
३. स्थानियको हक सलहोले राजश्व उठेको पैसाले विकासमा खर्च गर्नु पर्ने।
४. पहिरो, भूक्षय र जोखिम क्षेत्रमा उत्खनन सङ्कलन गर्न नहुने।
५. हेभि मेसिन प्रयोग गर्दा पालिकाको र स्थानियको प्रत्यक्ष निगरानीमा मात्र प्रयोग गर्न पाउने।
६. अनुगमन टोलीमा प्रभाव क्षेत्रका स्थानियलाई समावेश गर्नु पर्ने।

# अनुसूची ४: सार्वजनिक सुचना र विषयगत कार्यालयको सिफारीस पत्र

दैनिक लुम्बिनी रु.जि.हु.द.नं.१३/०६३/०६४ २०७९ भदौ २८ गते मंगलबार Tuesday Sep 13, 2022 न.प.जि.प्र.का.द.नं.४/०४५/०४६ 3

# निस्दी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मित्याल, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

## वातावरणीय अध्ययन प्रतिवेदन तयारीसम्वन्धि सार्वजनिक सूचना

प्रकाशित मिति :-२०७९/०५२८

पाल्पा जिल्लाको निस्दी गाउँपालिकाको सिमाना भएर बग्ने निस्दी खोला, कालिगण्डकी र अरुण नदीको बगर क्षेत्रबाट ढुंगा, गिट्टि, बालुवा र माटोको दिगो संकलन तथा निकासी कार्य गर्न प्रारम्भिक बातावरणिय परिक्षण भई रहेको जानकारी गराईन्छ।प्रस्ताव कार्यान्वियन हुने नदी र अध्ययन गर्दा प्रभाबित हुन सक्ने क्षेत्रहरु निम्नानुसार रहेका छन्।

| क्र.स. | **IEE** गर्ने नदी तथा खोला | अध्ययन गर्ने क्षेत्र | प्रभाबित हुन सक्ने क्षेत्रहरु |
|---|---|---|---|
| ॠ. | निस्दी खोला, अरुण खोला र कालिगण्डकी नदी | निस्दी खोला, कालिगण्डकी र अरुण नदी खिनारा तथा बगर क्षेत्र। | निस्दी गाउँपालिका बडा नं. १, ४, ५, ६ र ७ का नदीकिनार छेउका बस्ति तथा सम्पदाहरु। |

'बातावरण संरक्षण ऐन, २०७६.' 'बातावरण संरक्षण नियमाबली, २०७७', यस निस्दी गाउँपालिकाको 'निस्दी गाउँपालिका संक्षिप्त बातावरणीय अध्ययन तथा प्रारम्भिक बातावरणीय परिक्षण कार्यबिधि, २०७९' बमोजिम बातावरण परिक्षण गर्नुपर्नेछ। यो प्रस्ताब गर्नु अघि यो प्रस्ताबको कार्यान्बियनबाट स्थानीय क्षेत्रको जैबिक, सामाजिक तथा सास्कृतिक प्रणालिहरु र यिनका अबयहरु बिचको अन्तरक्रिया र अन्तरसम्बन्धमा पर्न सक्ने प्रभाबहरु एकिन गरि प्रारम्भिक बाताबरणिय परिक्षण गर्नु पर्ने भएका छ। तसर्थ यो सुचना प्रकाशित भएको मितिले ७ दिनभित्र सम्बन्धित सरोकारबालाहरुले आफ्नो राय सुझाब यस गाउँपालिकाको कार्यालयमा लिखित एबम् ईमेल मार्फत पठाई सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावको लागिपत्राचार गर्ने ठेगानाः**

निस्दी गाउँपालिकाको कार्यालय, मित्याल, पाल्पा

फोनः९८५७०७९२१५

ईमेलः **nisdi2007@gmail.com, info@nisdimun.gov.np**

# निस्दीगाउँपालिका

## ७ नं. वडा कार्यालय

## Nisdi Rural Municipality

## 7 No. Ward Office

ज्यामिरे,पाल्पा
Jyamire, Palpa
५ नं. प्रदेश, नेपाल
5 N0 Provin, Nepal

च. नं. (Despatch.):३०१

पत्र संख्या:(Ref No.)०७९/८०

मिति:२०७९/०५/२८

विषय :सुचना टाँस गरी मुचुल्का गरिएको बारे ।

श्री :निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यलय
मित्याल, पाल्पा ।

उपरोक्त सम्बन्धमा मिति २०७९/०५/२८ गतेका दिन जिल्ला स्तरीय दैनिक लुम्बिनी समाचार दैनिक पत्रिकामा प्रकाशित निस्दी गाउँपालिकाको अधिकार क्षेत्र भएर बग्ने निस्दी खोला, अरुण खोला,र कालिगण्डकी नदी बगर क्षेत्रबाट नदीजन्य पदार्थको दिगो संकलन तथा उत्खन्न कार्यको लागि वातावरणिय अध्ययन प्रतिवेदन तयारी सम्बन्धि प्रस्तावकले प्रमाणित गरेको सार्वजनिक सुचना यस निस्दी गाउँपालिकाको वडा नं.७ को कार्यमुलक सुचना पाटीमा टाँस गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

मुक्त बेहादुर पाटा
वडा अध्यक्ष

# निस्दीगाउँपालिका

## ७ नं. वडा कार्यालय

ज्यामिरे,पाल्पा

## Nisdi Rural Municipality

## 7 No Ward Office

Jyamire, Palpa
५ नं. प्रदेश, नेपाल
5 N0 Provin, Nepal

च. नं. (Despatch.):३०१

पत्र संख्या:(Ref No.)०७९/८०

मिति:२०७९/०५/२८

निस्दी गाउँपालिका ७ नं. वडा कार्यालय ज्यामिरे, पाल्पा लुम्बिनी प्रदेश, नेपाल

विषय :सुचना टाँस गरी मुचुल्का गरिएको बारे ।

श्री :निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यलय
मित्याल, पाल्पा ।

उपरोक्त सम्बन्धमा मिति २०७९/०५/२८ गतेका दिन जिल्ला स्तरीय दैनिक लुम्बिनी समाचार दैनिक पत्रिकामा प्रकाशित निस्दी गाउँपालिकाको अधिकार क्षेत्र भएर बग्ने निस्दी खोला, अरुण खोला,र कालिगण्डकी नदी बगर क्षेत्रबाट नदीजन्य पदार्थको दिगो संकलन तथा उत्खन्न कार्यको लागि वातावरणिय अध्ययन प्रतिवेदन तयारी सम्बन्धि प्रस्तावकले प्रमाणित गरेको सार्वजनिक सुचना यस निस्दी गाउँपालिकाको वडा नं.७ को कार्यमुलक सुचना पाटीमा टाँस गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

मुक्ति बहादुर पाटा
वडा अध्यक्ष

निस्दी गाउँपालिका
६ नं. वडा कार्यालय
Nisdi Rural Municipality
6 No. Ward office

अर्चले,पाल्पा
Archale,palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

च.न.(Despatch) ९०६
पत्र संख्या(Ref.No.): २०७९/०८०

मिति(Date): २०७९।०६।०९

श्री (Shree) : निस्दी गाउँपालिका कार्यापालिकाको कार्यालय
मित्याल,पाल्पा

विषय (Subject) : राय/सुझाव सहित सिफारिस गरिएको ।

उपरोक्त सम्बन्धमा निस्दी गाउँपालिका वडा नं ६ अर्चलेमा रहेको निस्दी खोलाको भोगोटेघाट र डुम्रीघाट क्षेत्रमा नदीजन्य पदार्थ को उत्खनन् तथा संकलनका लागि प्रारम्भिक वातावरणीय प्रभाव मुल्यांकन (IEE) गरी सोको सुचना मिति २०७९/०५/२८ गतेको लुम्बिनी दैनिक समाचारमा प्रकाशीत सुचना यस वडा कार्यालयको सुचना पाटीमा टाँस गरिएकोमा तपशील उल्लेखित राय,सुझाव सहित सिफारिस साथ अनुरोध छ ।

(क) सकरात्मक प्रभाव
- स्थानीय श्रोत साधनको प्रयोग
- स्थानीय रोजगारीको अवसर र प्राथमिकता
- स्थानीय सडक निर्माण तथा स्तोरन्नति
- विकास आयोजनामा आवश्यक पर्ने नदीजन्य पदार्थ उपलब्धता
- राजस्व सङ्कलन

(ख) नकारत्मक प्रभाव
- वायु ध्वनि जल प्रदुषण
- कामदार सिविरबाट निष्कासन हुने फोहरमैला तथा व्यवस्थापन
- प्राकृतिक प्रकोपको सम्भावना जस्तै भु-क्षय
- बढी नदीजन्य पदार्थको उत्खनन गरी नदीको स्वरुप परिवर्तन हुनेसम्भावना

उल्लेखित प्रभावहरुको आधारमा सकारत्मक प्रभाव अभिवृद्धी गर्ने र नकारात्मक प्रभाव न्युन गर्ने वातावरणीय व्यवस्थापन योजना कार्यान्वयन गर्दा उल्लेखित प्रस्तावको सकारात्मक प्रभावको बढी हुने देखिएको उल्लेखित प्रस्ताव कार्यान्वयन गर्न सकिने व्यहोरा सिफारिस गरिएको छ ।
- आयोजनालाई वातावरणमैत्री तरिकाले संचालन गर्नुपर्ने ।
- हेभी मेसिनहरु व औजार वा प्रयोग गरेर नदीजन्य पदार्थ उत्खनन् तथा सङकलन गर्न नपाइने
- स्थानीय बासीले नदीजन्य पदार्थ प्रयोग गर्दा करको दायरा छुट हुने पर्ने ।
- राजस्व सङकलन भएको पैसा वडाको विकासको लागि प्रयोग गर्नु पर्ने ।

वडा अध्यक्ष

निस्दी गाउँपालीका
५ नं. को वडा कार्यालय
गल्धा पाल्पा
लुम्बिनि प्रदेश नेपाल

पत्र सं २०७८/०८०
चलानी नं १०६

मिति :२०७९/०५/२८

श्री (Shree) : निस्दी गाउँपालिका कार्यपालिकाको कार्यलय,
मित्याल पाल्पा ।

विषय (Subject); सूचना टाँस गरि मुचुल्का तयार गरिएको सम्वन्धमा ।

उपरोक्त सम्बन्धमा मिती २०७९/०५/२८ गतेका दिन जिल्ला स्तरिय लुम्विनि समाचार दैनिक पत्रिकामा प्रकाशित निस्दी गाउँपालिकाको अधिकार क्षेत्र भएर बग्ने निस्दी खोला , अरुण खोला र कालिगण्डकी नदी बगर क्षेत्रबाट नदिजन्य पदार्थको दिगो संकलन तथा उत्खन्न कार्यको लागि वातावरणिय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी प्रस्तावकले प्रमाणित गरेको सार्वजानिक सूचना यस निस्दी गाउँपालिकाको बडा नं. ५ को कार्यलयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

दुर्गा बहादुर सोमै
वडा अध्यक्ष

दुर्गा बहादुर सोमै
वडा अध्यक्ष
निस्दी-५, गल्धा, पाल्पा

निस्दी गाउँपालीका
५ नं. को वडा कार्यालय
गल्धा पाल्पा
लुम्बिनि प्रदेश नेपाल

पत्र सं २०७९/०८०
चलानी नं १९०

मिति :२०७९/०६/०२

श्री (Shree) : निस्दी गाउंपालिका कार्यपालिकाको कार्यलय,
मित्याल पाल्पा ।

विषय (Subject); राय/सुझाव सहित सिफारिस गरिएको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा मिती २०७९/०५/२८ गतेका दिन जिल्ला स्तरिय लुम्बिनि समाचार दैनिक सुचनालाई सम्बोधन गरि राय/सुझाव दिदाँ निस्दी गाउँपालिकाको अधिकार क्षेत्र भएर बग्ने निस्दी खोला , अरुण खोला र कालिगण्डकी नदी बगर क्षेत्रबाट नदिजन्य पदार्थको दिगो संकलन तथा उत्खन्न विषयको प्रस्तावबाट यस क्षेत्रमा निम्नानुसारको वातावरणिय प्रभाव पर्न जाने देखिन्छ :

निस्दी नदीबाट नदीजन्य पदार्थ संकलन तथा उत्खन्न गर्ने प्रस्तावको यस क्षेत्रमा निम्नानुसार प्रभाव पर्न जाने देखिन्छ :

- सकारात्मक प्रभाव
  - स्थानिय श्रोत साधनको प्रयोग
  - स्थानिय रोजगारीको अवसर र प्राथमिकता
  - स्थानिय सडक निर्माण तथा स्तोरन्नति
  - विकास आयोजनामा आवश्यक पर्ने नदिजन्य पदार्थको उपलब्धता
  - राजश्व संकलन

- नकारात्मक प्रभाव
  - वायु ,ध्वनि ,जल प्रदुषण
  - कामदार सिविरबाट निष्कासन हुने फोहोरमैला तथा व्यवस्थापन
  - प्राकृतिक प्रकोपको सम्भावना जस्तै भुक्षय
  - बढि नदिजन्य पदार्थको उत्खन्न गरी नदिको स्वरुप परिवर्तन हुने सम्भावना

उल्लेखित प्रभावहरुको आधारमा सकारात्मक प्रभाव अभिवृद्दि गर्ने र नकारात्मक प्रभाव न्यून गर्ने वातावरणीय व्यवस्थापन योजना कार्यन्वयन गर्दा उल्लेखित प्रस्तावको सकारात्मक प्रभाव बढी हुने देखिएकाले उल्लेखित प्रस्ताव कार्यन्वयन गर्न सकिने व्यहोरा सिफारिस गरिएको छ ।

शर्त

- आयोजनालाई वातावरणमैत्री तरिकाले संचालन गर्नुपर्ने
- हेभी मेसिनहरु वा औजार प्रयोग गरेर नदिजन्य पदार्थ उत्खनन् तथा संकलन
- स्थानिय वासीले नदिजन्य पदार्थ प्रयोग गर्दा करको दायरा छुट हुनुपर्ने
- राजश्व संकलन भएको पैसा वडाको विकासको लागि प्रयोग गर्नुपर्ने

निस्दी गाउँपालिकाको कार्यालय
दर्ता मिति :- २०७९।०६।११
दर्ता नं :- ४४६

दुर्गा बहादुर सोमै
वडा अध्यक्ष

दुर्गा बहादुर सोमै
वडा अध्यक्ष
निस्दी-५ गल्धा, पाल्पा

निस्दीगाउँपालिका
४ नं. वडा कार्यालय
Nisdi Rural Municipality
4 No Ward Office

मित्याल,पाल्पा
Mityal, Palpa
लुम्बिनीप्रदेश, नेपाल
LumbiniProvin, Nepal

च. नं. (Despatch.) ९६६ ख
पत्र संख्या:(Ref No.)०७९।८०

मिति Date २०७९।५।२८

विषय : जनकारी गरिएको सम्बन्धमा ।

श्री निस्दी गाउँकार्यपालिकाको कार्यालय
मित्याल, पाल्पा ।

प्रस्तुत विषयमा मिति २०७९।५।२८ गतेको दिन जिल्ला स्तरीय सामाचार दैनिक प्रत्रिका प्रकाशित निस्दी गाउँपालिकाको अधिकार क्षेत्र भएर बग्ने अरुण खोलाको नादी जन्य पदार्थको दिगो संकलन तथा उत्खानन कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी प्रस्तावकले प्रमाणित गरेको सार्वजनिक सुचना १ थान सूचना यस निस्दी गाउँपालिका ४ नं. वडा कार्यालयको सूचना पाटीमा मिति २०७९।५।२८ गते टाँस गरिएको व्यहोरा जनकारी साथ अनुरोध छ ।

सन्त बिर सुनारी
वडा अध्यक्ष
निस्दी-४, मित्याल

निस्दी गाउँपालिकाको कार्यालय
दर्ता मिति :- २०७९।६।९
दर्ता नं :- ४८९

निस्दीगाउँपालिका
४ नं. वडा कार्यालय
Nisdi Rural Municipality
4 No Ward Office
मित्याल,पाल्पा
Mityal, Palpa
लुम्बिनीप्रदेश, नेपाल
LumbiniProvin, Nepal

च. नं. (Despatch.) २३०
पत्र संख्या(Ref No.)०७९/८०
मिति(Date) २०७९।६।९

विषय : जनकारी गरिएको सम्बन्धमा ।

श्री निस्दी गाउँकार्यपालिकाको कार्यालय
मित्याल, पाल्पा ।

प्रस्तुत विषयमा मिति २०७९।५।२८ गतेको दिन जिल्ला स्तरीय सामाचार दैनिक प्रत्रिका प्रकाशित निस्दी गाउँपालिकाको अधिकार क्षेत्र भएर बग्ने अरुण खोलाको नादी जन्य पदार्थको दिगो संकलन तथा उत्खानन कार्यको लागि वातावरणीण अध्ययन प्रतिवेदन तयारी सम्बन्धी प्रस्तावकले प्रमाणित गरेको सार्बजनिक सुचना १ थान सूचना यस निस्दी गाउँपालिका ४ नं. वडा कार्यालयको सूचना पाटीमा मिति २०७९।५।२८ गते टाँस गरिएकोमा सुचना टाँस गरिएको समय अवधि पछिको ७ दिन भित्र कसैको राय सुझाव यस कार्यलयमा नआएको ब्यँहोरा जनकारी साथ अनुरोध छ ।

सन्त बिर सुनारी
वडा अध्यक्ष
निस्दी-४, मित्याल

निस्दी गाउँपालिकाको कार्यालय
दर्ता मिति :- २०७९।६।९
दर्ता नं :- ४४०

ph no.075620034, E-mail : nisdi04mityal@gmail.com

मिति : २०७९।०५।२८

श्री निस्दी गाउँपालिका कार्यपालिकाको कार्यालय
मित्याल पाल्पा

विषय : सुचना टाँस गरि मुचुल्का तयार गरिएको बारे ।

उपरोक्त सम्बनधमा , मिति २०७९।०५।२८ गतेका दिन जिल्ला स्तरीय दैनिक लुम्बिनी समाचार दैनिक पत्रिकामा प्रकाशित निस्दी गाउँपालिकाको अधिकार क्षेत्र भएर बग्ने कालीगण्डकी नदी बगर क्षेत्रबाट नदीजन्य पदार्थको दिगो संकलन तथा उत्खन्न कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धि प्रस्तावले प्रमाणित गरेको सार्वजनिक सूचना यस निस्दी गाउँपालिकाको वडा नं. १ को कार्यालयको सूचना पाटीमा टाँस गरिएको ब्यहोरा जानकारीको लागि अनुरोध छ ।

यम बहादुर राना
वडा अध्यक्ष
निस्दी गाउँपालिका
१ नं. वडा कार्यालय
[illegible], पाल्पा

मिति : २०७९।०६।११

श्री निस्दी गाउँपालिका कार्यपालिकाको कार्यालय,
मित्याल ,पाल्पा

विषय : राय/सुझाव सहित सिफारिस गरिएको बारे ।

प्रस्तुत विषयमा गाउँपालिका कार्यपालिकाकमे मिति २०७९।०५।२८ गतेका दिन प्रकाशित जिल्ला स्तरीय दैनिक लुम्बिनी समाचार दैनिकको सुचनालाई सम्बोधन गरी राय/सुझाव दिदाँ निस्दी, गाउँपालिका भएर बग्ने कालीगण्डकी नदी बगर क्षेत्रबाट नदीजन्य पदार्थ सङ्लन, उत्खनन विषयको प्रस्तावबाट यस क्षेत्रमा निम्नानुसारको प्रभाव पर्न जाने देखिन्छ ।
कालीगण्डकी नदीबाट नदीजन्य पदार्थ सङ्लन तथा उत्खन्न गर्ने प्रस्तावको यस क्षेत्रमा निम्नानुसारको प्रभाव पर्न जाने देखिन्छ ।

क) सकरात्मक प्रभाव

- ✓ स्थानीय श्रोत साधनको प्रयोग
- ✓ स्थानीय रोजगारीको अवसर र प्राथमिकता
- ✓ स्थानीय सडक निर्माण तथा स्तोरउन्नती
- ✓ विकास आयोजनामा आवश्यक पर्ने नदीजन्य पदार्थको उपलब्धता
- ✓ राजश्व संकलन

ख) नकारातमक प्रभाव

- ✓ वायु, ध्वनी,जल प्रदुषण
- ✓ कामदार सिसवरबाट निष्कासन हुने फोहोरमैला तथा व्यवस्थापन
- ✓ प्राकृतिक प्रकोपको समभावना जस्तै भुकम्प
- ✓ बढी नदीजन्य पदार्थको उत्खन्न गरी नदीको स्वरुप परिवर्तन हुने सम्भावना

उल्लेखित प्रभावहरुको आधारमा सकारात्मक प्रभाव अभिवृद्धि गर्ने र नकारात्मक प्रभाव न्यून गर्ने वातवरणीय व्यस्थापन योजना कार्यान्वयन गर्दा उल्लेखित प्रस्तावको सकारात्मक प्रभाव बढी हुने देखिएकोले उल्लेखित प्रस्ताव कार्यान्वयन गर्न सकिने ब्यहोरा सिफारिस गरिएको छ ।

<u>शर्त</u>

- ✓ आयोजनालाई वातावरणीय तरिकाले संचालन गर्नुपर्ने ।
- ✓ हेभी मेसिनहरु वा अउजारहरु प्रयोय गरेर नदीजन्य पदार्थ उत्खन्न तथा संचालन गर्न नपाइने
- ✓ स्थानीय बासीले नदीजन्य पदार्थ प्रयोग गर्दा करको दायरा छुट हुनुपर्ने
- ✓ राजश्व संकलन भएको पैसा वडाको विकासको लागि प्रयोग गर्नुपर्ने ।

निस्दी गाउँपालिकाको कार्यालय
दर्ता मिति :- २०७९।०६।११
दर्ता नं :- ४६०

यम बहादुर राना
वडा अध्यक्ष
निस्दी गाउँपालिका
१ नं. वडा कार्यालय
ताकामसलाङ्ग, पाल्पा

# अनुसुची ५: सङ्कलन/ उत्खनन् क्षेत्रका फोटोहरू




चित्र — भोटाहा घाट साईट




चित्र — भोटाहा घाट साईट अवलकन तथा नाप




चित्रः सार्वजनिक सुनुवाई




चित्रः सार्वजनिक सुनुवाई




चित्रः रिपा घाट साईट




चित्रः जलुके घाट साईट




चित्रः सार्वजनिक सुनुवाई वडा नं. ४




चित्रः सार्वजनिक सुनुवाई वडा नं. ४




चित्रः ढुङ्गाना बेसी घाट वडा न. ५




चित्रः गल्था घाट वडा नं. ५




चित्रः सार्वजनिक सुनुवाई वडा नं. ५




चित्रः वडा न. ६ साईट




चित्रः डुम्बरे घाट वडा नं. ६




चित्रः भोगट्टे घाट वडा नं. ६




चित्रः शेरा घाट वडा नं. ७




चित्रः रानीटार घाट वडा नं. ७

# अनुसूचि ६: ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड

## ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७

**प्रस्तावनाः** विकास निर्माण कार्यमा ढुङ्गा, गिट्टी, वालुवा लगायतका नदीजन्य तथा खानीजन्य पदार्थको अभाव हुन नदिई सहज आपूर्ति गर्न, यस्ता निर्माण सामग्रीको अनियन्त्रित दोहनलाई निरुत्साहित गरी दीगो उपयोग गर्न र यस क्षेत्रबाट प्राप्त हुने राजस्व सङ्कलनलाई व्यवस्थित गर्न, तथा

गाउँपालिका वा नगरपालिकालाई ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य बस्तुको बिक्री गर्ने अधिकारको उपयोग गर्ने व्यवहारिक प्रकृया निर्धारण गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकार (मन्त्रिपरिषद्) ले देहायको मापदण्ड जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस मापदण्डको नाम "**ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७**" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u>(१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "अनुगमन समिति" भन्नाले दफा ९ बमोजिम गठन हुने समिति सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(ग) "खानीजन्य पदार्थ" भन्नाले खानीबाट उत्खनन् गरिएको चट्टान, स्लेट, ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थलाई सम्झनु पर्छ ।

(घ) "ढुङ्गा र माटोजन्य पदार्थ" भन्नाले उत्खनन् गर्न अनुमती भएको नदी, बगर वा खानी क्षेत्रबाट सङ्कलन र उत्खनन् गर्दा निस्कने रोडा, ढुङ्गा, गिट्टी, वालुवा, मिस्कट, पाँगो, भरुवा सम्झनु पर्छ ।

(ङ) "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम स्थापना भएको नगरपालिका सम्झनु पर्छ र सो शव्दले महानगरपालिका र उपमहानगरपालिकालाई समेत जनाउँछ ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(च) "नदी किनारा" भन्नाले नदी वहाव क्षेत्रबाट दाँया र बाँया एक किलोमिटर सम्मको क्षेत्र सम्झनु पर्छ ।

(छ) "नदीजन्य पदार्थ" भन्नाले नदी वा नदी किनारबाट उत्खनन् गरिएको ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थलाई सम्झनु पर्छ।

(ज) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले वातावरण संरक्षण ऐन, २०७६ को दफा २ (ड) बमोजिमको अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ ।

(झ) "वातावरणीय अध्ययन प्रतिवेदन" भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ ।

(ञ) "वातावरणीय प्रभाव मूल्याङ्कन" भन्नाले वातावरण संरक्षण ऐन, २०७६ को दफा २ (फ) बमोजिमको अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ ।

(ट) "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ।

(ठ) "संक्षिप्त वातावरणीय अध्ययन" भन्नाले वातावरण संरक्षण ऐन, २०७६ को दफा २ (म) बमोजिमको अध्ययन सम्झनु पर्छ ।

३. <u>उत्खनन् वा सङ्कलनको लागि क्षेत्र निर्धारणः</u> (१) गाउँपालिका वा नगरपालिकाले नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन गरिने क्षेत्र निर्धारण देहायको आधारमा गर्नेछः-

(क) नदीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन गर्ने गरी स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनले तोकेका स्थान तथा क्षेत्रहरु,

(ख) नदी, खोला र खहरेमा बाढी पहिरोका कारणले ढुङ्गा, गिट्टी र माटोजन्य पदार्थ थुप्रिन गई सोको कारणले बस्ती तथा भौतिक संरचनामा जोखिम उत्पन्न भएको वा हुनसक्ने अवस्था सिर्जना भै प्राविधिक टोलीको सिफारिशका आधारमा जिल्ला विपद् व्यवस्थापन समितिद्वारा त्यस्ता पदार्थ हटाउनु पर्ने भनी विस्तृत विवरण तथा सीमाङ्कन सहित तोकेका स्थलहरु,



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(ग) निजी जग्गाबाट उत्खनन् गरी ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ निकाल्न प्रचलित कानून बमोजिम अनुमती प्रदान गरिएको क्षेत्र ।

(घ) प्रचलित कानून बमोजिम खानी तथा क्रसर उद्योग सञ्चालन र निर्माण सामग्री आपूर्तिको लागि तोकिएको क्षेत्र ।

(२) उपदफा (१) बमोजिमको कुनै क्षेत्रमा यस मापदण्ड बमोजिम नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, सङ्कलन तथा बिक्री वितरणको व्यवस्था सम्बन्धित गाउँपालिका वा नगरपालिकाले मिलाउनेछ ।

४. **नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्रीः** (१) गाउँपालिका वा नगरपालिकाले नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्री गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) उत्खनन् र सङ्कलन सम्बन्धी कार्ययोजना तयार गरी गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत गर्ने,

(ख) प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी अधिकार प्राप्त निकायबाट स्वीकृत गर्ने, गराउने,

(ग) प्रत्येक वर्ष ठेक्का वन्दोवस्त गर्नुपूर्व स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परीमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अध्यावधिक गरी पुनः यकिन गर्ने,

(घ) गाउँसभा वा नगरसभाद्वारा स्वीकृत दरमा उत्खनन्, सङ्कलनको अनुमती र बिक्रीको लागि ठेक्का व्यवस्था मिलाउने ।

(२) नदीजन्य पदार्थको सङ्कलन र उत्खनन् गरिने क्षेत्र दुई वा दुईभन्दा बढी गाउँपालिका वा नगरपालिकाको क्षेत्रभित्र पर्ने अवस्थामा संयुक्त समिति बनाई सङ्कलन, उत्खनन् र बिक्रीको व्यवस्था मिलाउन सकिनेछ ।

(३) नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्री कार्यको लागि ठेक्का व्यवस्था गर्नु पूर्व अनुसूची-१ बमोजिमको चेकलिष्ट तयार गरी प्राविधिकबाट स्थलगत अनुगमन गराई ठेक्का बन्दोवस्त गर्नुपर्नेछ ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(४) नदीजन्य पदार्थ उत्खनन् गर्दा सामान्यतया श्रममूलक प्रविधिको प्रयोग गर्नुपर्नेछ।

तर, मेशिनको प्रयोग गर्नुपर्ने भएमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित शर्त र सीमा भित्र रही गर्नुपर्नेछ साथै विपद् जोखिम संवेदनशील क्षेत्रमा मेशिनको प्रयोग गर्नुपर्ने भएमा जिल्ला विपद् व्यवस्थापन समितिको अनुमती लिनुपर्नेछ ।

(५) नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री वितरणको ठेक्का बन्दोबस्त सम्बन्धी सूचना अनुसूची-२क बमोजिमको ढाँचामा प्रकाशन गर्नुपर्नेछ । त्यस्तो सूचना बमोजिम ठेक्का प्राप्त गर्ने व्यक्तिसँग अनुसूची-२ख बमोजिमको ढाँचामा ठेक्का सम्झौता गरी अनुसूची-२ग बमोजिमको ढाँचामा पट्टा फाराम दिनु पर्नेछ ।

(६) उत्खनन् तथा सङ्कलन स्थलसम्म जाने र फर्कने मार्ग गाउँपालिका वा नगरपालिकाले तोक्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम तोकिएको मार्गमा उत्खनन् तथा सङ्कलनका लागि साधनसहित प्रवेश गर्दाका बखत अनुसूची-३ बमोजिम प्रवेश आदेश लिएर मात्र प्रवेश गर्ने व्यवस्था मिलाई सोको अभिलेख समेत राख्नुपर्नेछ ।

(८) उत्खनन् गरी सकेपछि छनौट गरी छाडिएको काम नलाग्ने वस्तु जुन स्थानबाट निकालिएको हो सोही स्थानमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम तह मिलाई खाडल नहुने गरी सम्याई राख्नुपर्नेछ ।

(९) उत्खनन् र सङ्कलन कार्य गर्दा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएका शर्त, ठेक्का शर्त, अनुगमन समितिले दिएका निर्देशनहरु समेतको पालना गर्नु पर्नेछ।

(१०) घना बस्ती र वन क्षेत्रको दुई किलोमिटर, राजमार्गको पाँचसय मिटर दूरी भित्रको नदी, सडक पुल तथा झोलुङ्गे पुलको एक किलोमिटर तल र पाँचसय मिटर माथिको नदीजन्य पदार्थ उत्खनन् र सङ्कलन गर्न पाईने छैन ।

तर, दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(११) उत्खनन्, सङ्कलन तथा ढुवानी कार्यमा संलग्न कामदारका लागि खानेपानी, शौचालय, सुरक्षा, स्वास्थ र दुर्घटना बीमा आदिको प्रबन्ध सम्बन्धित उत्खनन्, सङ्कलन र ढुवानीकर्तोले मिलाउने गरी ठेक्का वन्दोवस्त गर्नु पर्नेछ ।

(१२) नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, बिक्री तथा ढुवानी ठेक्का बन्दोबस्त गर्दा परीमाणको आधारमा वार्षिक रुपमा गर्नु पर्नेछ ।

(१३) गाउँपालिका वा नगरपालिकाले वर्षाको समयमा बगेर आउने वालुवालाई वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा नदीमा बाँध बनाई जमाउने तथा निश्चित मात्रामा वालुवा हार्भेस्टिङ् गरेर बेच्ने व्यवस्था गर्न सक्नेछ ।

(१४) यस मापदण्ड बमोजिम ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् र सङ्कलन गर्ने क्रममा विपद्का दृष्टिले थप जोखिम निम्तिन सक्ने अवस्था सिर्जना भएमा जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिशको आधारमा जिल्ला अनुगमन समितिले उत्खनन् र सङ्कलन कार्यमा निश्चित समय तोकी रोक लगाउन सक्नेछ ।

(१५) यस दफा बमोजिम सङ्कलन र उत्खनन् कार्य गर्दा नदीको वहाव परिवर्तन नहुने साथै सिंचाई प्रणाली लगायतका संरचनालाई समेत असर नपर्ने गरी गर्नु पर्नेछ।

५. <u>खानीजन्य पदार्थ उत्खनन् सम्बन्धी व्यवस्था:</u> (१) खानीबाट ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन् तथा सङ्कलन गर्ने कार्य प्रचलित कानून बमोजिम तोकिएको निकायबाट अनुमती लिई गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतीको लागि पेश गर्दा स्थानीय तहमा गठित प्राविधिक समितिको सिफारिस बमोजिम स्थानीय तहको कार्यपालिकाबाट निर्णय गरी पेश गर्नु पर्नेछ ।

(३) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन तथा उपदफा (१) बमोजिम खानी सञ्चालनको अनुमती प्राप्त भएपछि सम्बन्धित गाउँपालिका वा नगरपालिकाले खानी उद्योगको दर्ता गर्नेछ ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(४) यस दफा बमोजिम खानी उद्योग दर्ता गरी सञ्चालन गर्ने ठाउँमा कम्तीमा बीस रोपनी वा सो बरावर क्षेत्रफल भएको निजी वा लिजमा लिएको जग्गा आवश्यक पर्नेछ ।

(५) यस दफा बमोजिम दर्ता भै सञ्चालन भएका उद्योगहरुबाट उत्पादन हुने ढुङ्गा, गिट्टी, वालुवाको परीमाणको आधारमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले दर्ता तथा वार्षिक नवीकरण शुल्क लगाउन सक्नेछ ।

(६) यस दफा बमोजिम सञ्चालित खानी उद्योगहरुले स्वीकृत परीमाण र तोकिएका शर्त बमोजिम खानी सञ्चालन गरे नगरेको विषयमा नियमित रुपमा अनुगमन तथा नियमन गर्न सम्बन्धित गाउँपालिका वा नगरपालिकाले आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

(७) खानीबाट उत्पादित ढुङ्गा, वालुवा, स्लेट र गिट्टी जस्ता साधारण निर्माणमुखी पदार्थको उत्पादनमा प्रचलित कानून बमोजिम रोयल्टी लाग्ने भएमा सो उठाउने व्यवस्था सोही कानूनमा तोकिए बमोजिम हुनेछ ।

६. <u>वन तथा चुरेक्षेत्र सम्बन्धी व्यवस्थाः</u> (१) वन तथा चुरेक्षेत्रबाट सामान्यतया ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् गरिने छैन ।

(२) उपदफा (१) बमोजिमका क्षेत्रहरुबाट सो कार्य गर्नुपर्ने भएमा सम्बन्धित निकायको सहमतिमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित विधि अनुसार सम्बन्धित गाउँपालिका वा नगरपालिकाले ढुङ्गा, गिट्टी तथा वालुवा उत्खनन्, सङ्कलन र बिक्री गर्न सक्नेछ।

(३) वन क्षेत्रको ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थको सङ्कलन, उत्खननका लागि मेशिनरी औजार प्रयोग गर्दा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित शर्त र मापदण्ड भित्र रही गर्नु पर्नेछ ।

(४) चुरे क्षेत्रमा ढुङ्गा, गिट्टी, वालुवाको उत्खनन् गर्ने सम्बन्धमा राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको सहमति तथा स्वीकृत मापदण्डको आधारमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले प्रचलित कानून तथा मापदण्ड बमोजिम ठेक्का बन्दोबस्त गर्नु पर्नेछ ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

तर चुरे क्षेत्र भित्रका नदी, खोला तथा बगरमा बाढी, पहिरो आदि कारणले थुप्रिन गएको ढुङ्गा, गिट्टी, वालुवा आदि नहटाउँदा गम्भीर जोखिम हुने देखिएमा प्राविधिक टोलीबाट गरिएको सिफारिसका आधारमा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयानुसार हटाउन सकिनेछ ।

(५) उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांश र दफा ४ को उपदफा (१०) बमोजिम हटाइने ढुङ्गा, गिट्टी, वालुवा आदिको सङ्कलन, स्थानान्तरण तथा बिक्री सम्बन्धी कार्य सम्बन्धित गाउँपालिका वा नगरपालिकाले ठेक्का बन्दोबस्त वा अन्य उपयुक्त व्यवस्था गरी गर्न सक्नेछ ।

(६) यस दफा बमोजिमको ठेक्का बन्दोवस्त गर्दा अपनाउनु पर्ने कार्यविधि दफा ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

(७) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रको ढुङ्गा, गिट्टी, वालुवा तथा माटोजन्य पदार्थको उत्खनन् तथा सङ्कलन सम्बन्धी व्यवस्था प्रचलित सङ्घीय कानून बमोजिम हुनेछ ।

७. **उत्खनन् वा सङ्कलनको परीमाण नियन्त्रणः** (१) सम्बन्धित गाउँपालिका वा नगरपालिकाले उत्खनन् वा सङ्कलन गर्न तोकिएको स्थलमा स्वीकृत परीमाणभन्दा बढी उत्खनन् र सङ्कलन हुन नदिन सङ्कलन तथा उत्खनन् आदेश दिनुपूर्व प्राविधिकबाट गरिएको नाप जाँच तथा रेखाङ्कनका आधारमा उत्खनन् वा सङ्कलनको क्षेत्र निर्धारण गरी लाईन लेभल समेत दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उत्खनन् वा सङ्कलन गर्ने स्वीकृति दिइएको क्षेत्रको सम्बन्धित गाउँपालिका वा नगरपालिकाले नियमित अनुगमन गर्नु पर्नेछ ।

(३) अनुगमनको क्रममा कुनै नदीमा वातावरणीय अध्ययन प्रतिवेदन र ठेक्का सम्झौतामा उल्लेख भए बमोजिमको उत्खननयोग्य परीमाण र क्षेत्रको उत्खनन् भैसकेको पाईएमा अनुगमन समितिले थप सङ्कलन वा उत्खनन् कार्य बन्द गर्ने निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम निर्देशन प्राप्त भएको अवस्थामा ठेक्का अवधि बाँकी रहे पनि उत्खनन् वा सङ्कलनकर्ताले उत्खनन् वा सङ्कलन गर्ने कार्य तुरुन्त बन्द गर्नु पर्नेछ ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(५) गाउँपालिका वा नगरपालिकाले लगाएको ठेक्का अन्तर्गत आर्थिक बर्षको अन्त्यमा नदी किनारा तथा वन क्षेत्रमा भण्डारण गरी राखिएको नदीजन्य पदार्थ जफत गरी लिलाम बिक्री गर्ने व्यवस्था सम्बन्धित गाउँपालिका वा नगरपालिकाले मिलाउनु पर्नेछ ।

(६) उत्खनन्, सङ्कलन वा ढुवानीकर्ताले उत्खनन्, सङ्कलन वा ढुवानी गरेको परीमाणको दैनिक अभिलेख अनुसूची-४क बमोजिमको र दैनिक पटके बिक्री वा ढुवानी अभिलेख तेरिज अनुसूची-४ख बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(७) यस दफा बमोजिमका प्रावधानहरुलाई सम्बन्धित गाउँपालिका वा नगरपालिकाले ठेक्का सम्झौता गर्दा अनिवार्य रुपमा समाबेश गर्नु पर्नेछ ।

८. <u>नदीजन्य तथा खानीजन्य पदार्थको ओसार पसारः</u> (१) उत्खनन् स्थलमा प्रवेश गर्ने ढुवानी साधनको क्षमता वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम हुनुपर्नेछ र गाउँपालिका वा नगरपालिकाले त्यस्तो अध्ययन प्रतिवेदनमा उल्लिखित क्षमताभन्दा बढी क्षमता भएका ढुवानी साधनलाई नदी वा खानी प्रवेशमा रोक लगाउनु पर्नेछ ।

(२) ढुवानी गर्ने सवारी साधनले सङ्कलन वा उत्खनन् स्थलदेखि अन्तिम गन्तव्यसम्म नदीजन्य र खानीजन्य पदार्थबाट धुलो उड्न नदिने गरी ढुवानी गरिएको सामाग्रीलाई छोप्ने, गति चालिस किलोमिटर प्रति घण्टा भन्दा बढी नगर्ने, पिच सडकमा पानी चुहिन नदिने र प्रेसर हर्न प्रयोग गर्न निषेध गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम भए नभएको सम्बन्धमा स्थानीय प्रहरी तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले नियमित अनुगमनको प्रबन्ध मिलाउनु पर्नेछ।

(४) मूल बाटोबाट सङ्कलन तथा उत्खनन् स्थलतर्फ सवारी साधन प्रवेश हुने मार्गमा धुलो उड्न नदिन नियमित पानी छर्कने प्रबन्ध उत्खननकर्ता र ढुवानीकर्ताले मिलाउनु पर्नेछ।

(५) कुनै एक गाउँपालिका वा नगरपलिकामा नियमानुसार शुल्क वा दस्तुर तिरी अर्को कुनै गाउँपालिका वा नगरपलिका वा प्रदेशमा ओसार पसार र ढुवानी गर्दा कुनै पनि किसिमको थप कर, शुल्क वा दस्तुर लिन वा ढाट राखी अतिरिक्त शुल्क असुल गर्न पाइनेछैन ।



मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

९. <u>अनुगमन सम्बन्धी व्यवस्थाः</u> (१) नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री सम्बन्धी प्रक्रियाको अनुगमन गर्न देहाय बमोजिमको नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति रहनेछ:-

| | |
|---|---|
| (क) जिल्ला समन्वय समितिको प्रमुख | संयोजक |
| (ख) सम्बन्धित स्थानीय तहको प्रमुख/अध्यक्ष | सदस्य |
| (ग) प्रमुख जिल्ला अधिकारी | सदस्य |
| (घ) जिल्ला प्रहरी कार्यालयको प्रमुख | सदस्य |
| (ङ) जिल्ला स्थित सशस्त्र प्रहरी बल प्रमुख | सदस्य |
| (च) डिभिजन वन कार्यालयको प्रमुख | सदस्य |
| (छ) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह अन्तर्गत जिल्लामा कार्यरत मध्येबाट समितिले तोकेको इञ्जिनियर | सदस्य |
| (ज) आन्तरिक राजश्व कार्यालय वा करदाता सेवा कार्यालय वा सो नभएको जिल्लाको हकमा कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख | सदस्य |
| (झ) जिल्ला समन्वय अधिकारी | सदस्य सचिव |

(२) जिल्ला अनुगमन समितिले आवश्यकता अनुसार अन्य सम्बन्धित क्षेत्रका विज्ञ वा पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) जिल्ला अनुगमन समितिले ढुङ्गा, गिट्टी, वालुवा व्यवस्थापन सम्बन्धमा देहायका विषयमा जुनसुकै बेला अनुगमन गरी सम्बन्धित उत्खनन् वा सङ्कलनकर्तालाई आवश्यक निर्देशन दिन वा सो सम्बन्धमा सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई देहाय बमोजिम कारबाहीको लागि लेखि पठाउन सक्नेछः

(क) वातावरणीय अध्ययन प्रतिवेदनका शर्तको पालना,

(ख) उत्खनन् र सङ्कलनको लागि स्वीकृत विधि, प्रकृया र परीमाण सम्बन्धी व्यवस्थाको पालना,

(ग) राजश्व चुहावट तथा चोरी निकासी,

९

नेपाल सरकार मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(घ) ढुवानी गर्ने सवारी साधनले पालना गर्नुपर्ने गति सिमा, प्रदुषण नियन्त्रण, सडक सुरक्षा सम्बन्धी व्यवस्थाको पालना,

(ङ) ठेक्का सम्झौताको परिपालना,

(च) नदीजन्य तथा खानीजन्य पदार्थको बजार मूल्य नियन्त्रण,

(छ) सञ्चालित क्रसर उद्योगहरुले तोकिएको मापदण्ड पूरा गरे नगरेको,

(ज) नेपाल सरकारले समय समयमा तोकेका अन्य विषयहरु, प्रचलित कानुनमा तोकिएका विषयहरु तथा समितिले आवश्यक देखेका अन्य विषयहरु ।

(४) अनुगमन समितिले अनुगमनको क्रममा देखेका विषयहरुमा आवश्यक सुधारका लागि दिएको निर्देशन सम्बन्धित उत्खननकर्ता वा सङ्कलनकर्ताले अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

(५) अनुगमन समितिले दिएको निर्देशन पालना नगर्ने उत्खनन्, सङ्कलन वा ढुवानीकर्तालाई समितिको निर्देशन पालना नगरेसम्म उत्खनन्, सङ्कलन वा ढुवानी कार्यमा रोक लगाउन सकिनेछ ।

(६) उपदफा (५) बमोजिम रोक लगाईएकोमा सम्बन्धित उत्खनन्, सङ्कलन वा ढुवानीकर्ताले अनुगमन समितिको निर्देशन बमोजिमको शर्त पुरा गरेको अवस्थामा रोक्का फुकुवा गर्न सकिनेछ ।

(७) सम्बन्धित गाउँपालिका वा नगरपालिकाले ढुङ्गा, गिट्टी, वालुवाको उत्खनन् कार्य यस मापदण्ड र वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम भए नभएको नियमित अनुगमन गर्न कार्यदल गठन गर्नु पर्नेछ र सो कार्यदलले अनुसूची-५ बमोजिम चेकलिष्ट बनाई नियमित अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(८) अनुगमन समितिले माग गरे बमोजिमको सूचना, तथ्याङ्क तथा अन्य प्राविधिक सहयोग गाउँपालिका वा नगरपालिकाले उपलब्ध गराउनु पर्नेछ ।

(९) अनुगमनका क्रममा ठेक्काका शर्त उल्लङ्घन गरेको वा राजश्व छली गरी उत्खनन् तथा ओसार पसार गरेको पाईएमा त्यस्तो सङ्कलनकर्ता, उत्खननकर्ता र ढुवानीकर्तालाई



नेपाल सरकार मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

अनुगमन समितिले त्यस्तो कार्य तत्काल रोक्ने निर्देशन दिन, सचेत गराउन वा अवैध मालवस्तु जफत गर्न सक्नेछ ।

(१०) उपदफा (९) बमोजिम जफत गरिएको मालवस्तु सम्वन्धित गाउँपालिका वा नगरपालिकाले प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी स्थानीय सञ्चित कोषमा आम्दानी जनाउनु पर्नेछ ।

(११) अनुगमन समितिले प्रत्येक बर्षको भाद्र मसान्तपछि नदीको स्थलगत अनुगमन गरी जम्मा भएको नदीजन्य पदार्थको अवस्था अनुसार वातावरणीय अध्ययन प्रतिवेदन संशोधन वा परिमार्जन गर्नुपर्ने भए सोही बमोजिम गर्न सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई लेखी पठाउन सक्नेछ ।

(१२) अनुगमन समितिले सम्बन्धित ठेकेदार, उत्खननकर्ता, खानी र क्रसर उद्योगलाई समितिको बैठकमा उत्खनन् तथा बिक्रीको वार्षिक कार्ययोजना प्रस्तुत गर्न लगाउन सक्नेछ।

(१३) प्रदेश तथा स्थानीय तहले समेत यस दफा बमोजिमको व्यवस्थामा प्रतिकूल असर नपर्ने गरी आ-आफ्नो क्षेत्र भित्र हुने ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थको उत्खनन्, सङ्कलन र बिक्री कार्यको अनुगमनका लागि आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

(१४) जिल्ला अनुगमन समितिलाई अनुगमन कार्यका लागि आवश्यक पर्ने प्रशासनिक खर्च सम्वन्धित गाउँपालिका वा नगरपालिकाले उपलब्ध गराउनु पर्नेछ ।

१०. <u>नदीजन्य र खानीजन्य पदार्थको बजारमूल्य नियमन सम्बन्धी व्यवस्थाः</u> (१) अनुगमन समितिले ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य र खानीजन्य पदार्थको उत्खनन् लागत, गाउँपालिका वा नगरपालिकालाई तिरेको विक्रि वा शुल्क बापतको रकम, वजारको दूरी र निश्चित मुनाफा समेतका आधारमा बजार मूल्य निर्धारण गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बजार मूल्य निर्धारण गरिएकोमा निर्धारित बजार मूल्यभन्दा बढी मूल्य लिएको पाईएमा त्यस्तो विक्रेतालाई अनुगमन समितिको निर्णय बमोजिम बिक्री वितरण कार्यमा रोक लगाउन सकिनेछ ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

११. <u>क्रसर उद्योग सञ्चालनका लागि दूरी सम्बन्धी मापदण्ड:</u> (१) क्रसर उद्योग सञ्चालन गर्दा देहाय बमोजिमको दूरी सम्बन्धी मापदण्ड पालना गर्नुपर्नेछ:

| क्र.सं | विवरण | कायम दूरीको मापदण्ड |
|---|---|---|
| १ | राजमार्गको राईट अफ वे बाट | ५०० मिटर |
| २ | खोला वा नदी किनारबाट | ५०० मिटर |
| ३ | शिक्षण संस्था, स्वास्थ संस्था, धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकायबाट | २ किलोमिटर |
| ४ | पक्की पुलबाट | ५०० मिटर |
| ५ | अन्तर्राष्ट्रिय सिमाबाट | २किलोमिटर |
| ६ | वन, निकुञ्ज तथा आरक्षबाट | २ किलोमिटर |
| ७ | घना बस्तीबाट | २ किलोमिटर |
| ९ | हाईटेन्सन लाईनबाट | २०० मिटर |
| १० | ऐतिहासिक ताल, तलैया, जलाशय र पोखरीबाट | ५०० मिटर |
| ११ | चुरे पहाडको फेदीबाट | १५०० मिटर |

(२) नयाँ स्थापना हुने क्रसर उद्योगहरुले वातावरणीय अध्ययन प्रतिवेदनमा सङ्कलन, उत्खनन् गर्ने कच्चा पदार्थको स्थान, क्षेत्रफल, परीमाण, समयावधि र स्रोतको विवरण तथा त्यस्तो क्षेत्रको रेखाङ्कन सहितको नाप नक्शा अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रकृया पुरा गरी नयाँ क्रसर उद्योग सञ्चालनको लागि वन तथा वातावरण मन्त्रालय वा सो मातहतका निकायहरुको सहमति लिई दर्ताका लागि निवेदन दिने व्यक्ति वा फर्मले उपदफा (१) बमोजिमको मापदण्ड समेत पालना गरेको अवस्थामा औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानूनले गरेको वर्गीकरण बमोजिम अधिकार प्राप्त निकायले क्रसर उद्योग सञ्चालनको अनुमती प्रदान गर्नेछ ।

(४) क्रसर उद्योग लगायतका वालुवा पाँगो धुने र प्रशोधन गर्ने मेशीन (फिरफिरे) तथा ढुङ्गा प्रशोधन उद्योग स्थापना गर्दा साईड ड्रेन, हिलो थिग्रने पोखरी, फोहोर पानी प्रशोधनको व्यवस्था र वायु प्रदुषण नियन्त्रणको लागि समेत आवश्यक व्यवस्था गर्ने दायित्व सम्बन्धित व्यवसायीको हुनेछ ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(५) अनुगमन समितिले अन्य विषयका अतिरिक्त उपदफा (४) बमोजिमका शर्तहरुको पालना भए नभएको नियमित अनुगमन गर्ने र शर्त पालना नगर्ने उद्योगहरुलाई समितिको निर्णय बमोजिम शर्त पुरा नभएसम्म उद्योग सञ्चालनमा रोक लगाउन सक्नेछ ।

(६) प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका खानी, क्रसर तथा प्रशोधन उद्योगले आफ्नो उद्योगको वार्षिक क्षमताको अधीनमा रही सङ्कलन तथा उत्खनन् गर्ने कच्चा पदार्थको स्रोत सहितको विवरण खुलाई प्रत्येक वर्षको भाद्र महिनाभित्र अनुगमन समिति र सम्बन्धित गाउँपालिका वा नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(७) यस मापदण्ड बमोजिम स्थापना तथा सञ्चालन हुने उद्योगले प्रत्येक आर्थिक वर्षको लागि असार मसान्तभित्र आफ्नो उत्पादनको वार्षिक मौज्दात तथा खरिद बिक्रीको परीमाण सार्वजनिक गरी सोको जानकारी सम्बन्धित गाउँपालिका वा नगरपालिका र अनुगमन समितिलाई दिनु पर्नेछ ।

(८) उपदफा (६) र (७) बमोजिमको व्यवस्था पालना नगर्ने उद्योगलाई अनुगमन समितिको सिफारिसमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले बन्द गर्न सक्नेछ ।

(९) उपदफा (१) को दूरी सम्बन्धी मापदण्ड पूरा नहुने गरी सञ्चालनमा रहेका क्रसर उद्योगलाई सम्बन्धित गाउँपालिका वा नगरपालिकाले एक वर्षभित्र वातावरणीय अध्ययन गराई स्थानान्तरण गर्न लगाउनु पर्नेछ र यसरी स्थानान्तरण हुन नमान्ने उद्योगको हकमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले दर्ता खारेजीको लागि सम्बन्धित निकाय समक्ष सिफारिस गर्नेछ ।

(१०) नयाँ दर्ता हुने वालुवा प्रशोधन उद्योगको हकमा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनको आधारमा उत्पादनमूलक उद्योगको रुपमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले दर्ता गर्ने व्यवस्था मिलाउनेछ ।

(११) क्रसर उद्योगले आफुलाई चाहिने कच्चा पदार्थ सिधै नदी वा वन क्षेत्रबाट उत्खनन् वा सङ्कलन गरी प्रशोधन गर्न पाउनेछैन ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(१२) उपदफा (६) बमोजिम क्रसर उद्योगका लागि आवश्यक पर्ने कच्चा पदार्थको आपूर्ती गर्दा लाग्ने बिक्री मूल्य वा शुल्क गाउँपालिका वा नगरपालिकालाई बुझाएपछि मात्र त्यस्तो कच्चा पदार्थ आपूर्ती गर्न पाइनेछ ।

(१३) क्रसर उद्योगलाई गाउँपालिका वा नगरपालिकाले सभाद्वारा निर्धारित दरमा उत्पादित परीमाणको आधारमा व्यवसाय कर लगाउन सक्नेछ ।

१२. <u>ठूला, रुपान्तरणकारी, राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाको लागि विशेष व्यवस्था:</u> (१) ठूला, रुपान्तरणकारी, राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाहरुका लागि नदीजन्य पदार्थको अभाव हुन नदिन नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र विकास साझेदारबाट सञ्चालित त्यस्ता आयोजनाहरुलाई आवश्यक पर्ने ढुङ्गा, गिट्टी, वालुवाको वातावरणीय अध्ययन प्रतिवेदनको पालना हुने गरी सम्बन्धित गाउँपालिका वा नगरपालिकाले नियमानुसारको शुल्क वा दस्तुर लिई आयोजना कार्यालयको सिफारिसमा तोकिएको स्थानबाट निर्माण सामग्री सङ्कलनको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नदीजन्य पदार्थ उपलब्ध गराउनु पर्दा सम्बन्धित आयोजना कार्यालयको आवश्यक परीमाण खुल्ने व्यहोराको सिफारिस, सम्बन्धित निकायले स्वीकृत गरेको वातावरणीय अध्ययन प्रतिवेदन, शुल्क वा दस्तुर तिर्ने प्रतिवद्धता, आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन र आयोजना सञ्चालन गर्ने गरी भएको सम्झौता लगायतका कागजातको आधारमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले शुल्क वा दस्तुर लिई त्यस्तो नदीजन्य पदार्थ उपलब्ध गराउनु पर्नेछ ।

(३) यस दफा बमोजिम प्राप्त गरेको ढुङ्गा, गिट्टी, वालुवा आयोजनाको लागि मात्र प्रयोग गर्ने व्यवस्था सम्बन्धित आयोजना प्रमुखले मिलाउनु पर्नेछ र अन्यत्र प्रयोग भएको पाइएमा अनुगमन समितिले त्यस्तो आयोजना प्रमुखलाई सम्बन्धित निकायमा आवश्यक कारबाहीको लागि लेखी पठाउनु पर्नेछ ।

(४) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा विकास साझेदारहरुबाट सञ्चालित आयोजनाहरुको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्दा आयोजनालाई चाहिने ढुङ्गा, गिट्टी, वालुवाको परीमाणका साथै उत्खनन् स्थल निर्धारण गरी प्रतिवेदनमा समावेश गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।



नेपाल सरकार मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(५) उपदफा (४) बमोजिम सञ्चालित आयोजनाहरुको लागि आवश्यक पर्ने ढुङ्गा, गिट्टी, वालुवाको ओसार पसार र ढुवानी गर्दा समेत यस मापदण्डमा उल्लिखित प्रकृया पूरा गर्नु पर्नेछ ।

(६) गाउँपालिका वा नगरपालिका आफैंले सञ्चालन गर्ने आयोजनाका लागि आवश्यक पर्ने साधारण निर्माणमुखी नदीजन्य पदार्थको हकमा सम्बन्धित सभाको स्विकृतीमा बिक्री मूल्य वा शुल्क नलाग्ने व्यवस्था मिलाउन सक्नेछ ।

तर यस्तो व्यवस्था गर्दा आयोजनाको लागत अनुमान स्वीकृत गर्दा नै नदीजन्य पदार्थको मूल्य र शुल्क समायोजन गरेको हुनु पर्नेछ ।

(७) सडक निर्माण वा बिस्तारको क्रममा सडक अधिकार क्षेत्र भित्रबाट निस्कने ढुङ्गा, गिट्टी, वालुवा जस्ता निर्माण सामाग्री सम्बन्धित आयोजनाले उपयोग गर्ने अबस्थामा त्यस्तो सामाग्रीको परीमाणका आधारमा लाग्ने बिक्रि मूल्य बापतको रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई वुझाएर मात्र उपयोग गर्न सकिनेछ ।

१३. <u>वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी व्यवस्थाः</u> साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, सङ्कलन र ढुवानी कार्यका लागि गरिने वातावरणीय अध्ययन सम्बन्धी व्यवस्था वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

१४. <u>राजश्व बाँडफाँट सम्बन्धी व्यवस्थाः</u> गाउँपालिका वा नगरपालिकाले यस मापदण्ड बमोजिम साधारण निर्माणमुखी खानीजन्य र नदीजन्य पदार्थको बिक्री एवम् अनुमती वा नविकरण शुल्क वा करबाट संकलित राजश्वमध्ये साठी प्रतिशत रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोषमा र चालिस प्रतिशत रकम सम्बन्धित प्रदेश सरकारको प्रदेश सञ्चित कोषमा जम्मा हुने गरी बाँडफाँट गर्नुपर्नेछ ।

१५. <u>कार्यविधि बनाउन सक्नेः</u> यस मापदण्ड बमोजिम अनुगमन तथा नियमन सम्बन्धी व्यवस्थाको कार्यान्वयनको लागि जिल्ला अनुगमन समितिले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ।

१६. <u>व्यवसायिक रुपमा बिक्री गर्न नहुनेः</u> निजी माछा पोखरी, पेट्रोलपम्प, आवास क्षेत्र निर्माण लगायतका कार्य गर्दा निस्किने ढुङ्गा, गिट्टी, वालुवाको व्यवसायिक बिक्री गर्न पाइनेछैन ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

तर व्यवसायिक रूपले बिक्री गर्नुपर्ने अवस्थामा वातावरणीय अध्ययन गराई सम्बन्धित गाउँपालिका वा नगरपालिकामा लाग्ने शुल्क वा दस्तुर बुझाई अनुमती लिएर मात्र गर्नु पर्नेछ ।

१७. <u>सूचना पाटी राख्ने</u>: नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् वा ढुवानीकर्ताले सङ्कलन वा उत्खनन् गरिने स्थानको लम्बाई, चौडाई तथा गहिराई सहितको चारकिल्ला, उत्खनन् गर्ने अवधि र समय, प्रयोग गरिने साधन र गुनासो सुन्ने अधिकारीको नाम, पद र सम्पर्क नम्बर लगायतका विवरण खुल्ने अनुसूची-६ बमोजिमको सूचनापाटी सम्बन्धित उत्खनन् वा सङ्कलन स्थलमा राख्ने व्यवस्था अनिवार्य रुपमा मिलाउनु पर्नेछ ।

१८. <u>मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने</u>: यस मापदण्ड बमोजिम नदीजन्य पदार्थको ठेक्का लिने व्यवसायी अनिवार्य रुपमा मूल्य अभिवृद्धि करमा दर्ता भएको हुनु पर्नेछ ।

१९. <u>निकासी सम्बन्धी व्यवस्था</u>: (१) नेपाल सरकारले ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थको कम्तिमा एक तह प्रशोधन गरी निकासी गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(२) चट्टान काटेर वा कुँदेर तयार गरिने सामग्री तथा स्टोनडस्ट जस्ता पदार्थ ओसार पसार गर्दा प्याकेजिङ् गरेर निर्यात गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

२०. <u>थप व्यवस्था गर्न सक्ने</u>: यो मापदण्डको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन यस मापदण्डको प्रतिकुल नहुने गरी प्रदेश तथा गाउँपालिका वा नगरपालिकाले आवश्यकता अनुसार कानून बनाई लागु गर्न सक्नेछन् ।

२१. <u>खारेजी र बचाउ</u>: (१) यो मापदण्ड लागु भएपछि यस पूर्व ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य र खानीजन्य प्राकृतिक स्रोतको उपयोग र व्यवस्थापनका लागि नेपाल सरकारबाट भएका देहायका आदेश तथा निर्णयहरु स्वतः खारेज भएको मानिनेछः-

(क) ढुङ्गा, गिट्टी, वालुवाको नियमन सम्बन्धी प्रतिवेदन कार्यान्वयन गर्ने सम्वन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७०/०३/२७ र मिति २०७०/०५/१७ को निर्णय ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(ख) रोडा, ढुङ्गा, गिट्टी, वालुवाको उत्खनन् तथा सङ्कलनलाई नियमन गर्ने सम्बन्धी नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७१/०४/११ को निर्णय ।

(ग) ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् तथा व्यवस्थापन सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७२/१०/२० को निर्णय ।

(घ) जिल्ला अनुगमन तथा समन्वय समिति गठन र कार्यदिश सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/०६/२८ को निर्णय ।

(२) उपदफा (१) बमोजिमका आदेश वा निर्णय बमोजिम भए गरेका काम कारबाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

अनुसूची-१

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

नदीको वातावरणीय अवस्था निरीक्षण चेक लिष्ट

| क्र.सं. | विवरण | छ वा छैन | कैफियत |
|---|---|---|---|
| १ | वातावरणीय अध्ययन प्रतिवेदनले औंल्याएका विषयहरु अनुसारको व्यवस्था | | |
| २ | वातावरणीय अध्ययन प्रतिवेदनले सङ्कलन तथा उत्खनन्को लागि तोकेका क्षेत्रहरु परिवर्तन भएको | | |
| ३ | ढुङ्गा, गिट्टी, वालुवा गेगर जस्ता पदार्थको अवस्था परिवर्तन | | |
| ४ | सङ्कलन, उत्खनन् र ढुवानीको लागि नयाँ प्रावधान आवश्यकता | | |
| ५ | नदीले वहाव परिवर्तन गरेको | | |
| ६ | वातावरणीय अध्ययन प्रतिवेदनले औंलाएका पहिलेको अवस्था | | |
| ७ | अघिल्लो वातावरणीय अध्ययन प्रतिवेदनले औंल्याए अनुसार सङ्कलन तथा उत्खनन् गर्न मिल्ने अवस्था | | |
| ८ | नदीले नयाँ पदार्थ थुपारेको वा बगाएको अवस्था | | |
| ९ | उत्खनन् गरिने परीमाण, चौकिल्ला रेखांकन सहितको नाप नक्शा राखेको क्षेत्रको अवस्था यथावत रहेको | | |
| १० | अन्य | | |

नोट: वातावरणीय अध्ययन प्रतिवेदनसँग आवद्ध गरी यो निरीक्षण चेक लिष्टको प्रयोग गर्नुपर्नेछ ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

अनुसूची-२क

(दफा ४ को उपदफा (५) सँग सम्बन्धित )

## नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः................)

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२क. र यस ............. गाउँपालिका वा नगरपालिकाको आर्थिक ऐन, .... २०.... को दफा ...... को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी .......... गाउँपलिका वा नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. .............. को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ।

तपसिल

| सि. नं. | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू. अ. कर बाहेक | धरौटी रकम | बोलपत्र दस्तुर ( रु.) |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| | | | | | | |
| | | | | | | |

शर्तहरुः

फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. .............. को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा



नेपाल सरकार मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौं

.............. बैंक शाखा कार्यालय .............. मा रहेको यस कार्यालयको खाता नं. .............. मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले .............. औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । साथै विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको .............. वा यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको .............. प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको .............. मा रहेको धरौटी खाता नं. .............. जम्मा गरी सोको सक्कल बैंक भौचर वा .............. बैंकबाट इजाजत प्राप्त .............. बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी .............. दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले .............. औं दिन दिनको .............. बजे भित्र यस कार्यालयमा हार्डकपी वा विद्युतीय प्रति दर्ता गर्नु पर्नेछ ।

एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको .............. बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले .............. औं दिन दिनको .............. बजे ......... गाउँपालिका वा नगरपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्वन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले .............. दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ताबापत .............. प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्ताबापत .............. प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त .............. बैंकबाट यस कार्यालयको नाममा .............. साल .............. मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने ब्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप .............. % भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र वन्दोवस्त गरिनेछ । यस गाउँपालिका वा नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

(नोटः विस्तृत जानकारीको लागि यस कार्यालयको Website ...................... मा समेत हेर्न सकिनेछ ।)



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

**अनुसूची-२ख**

( दफा ४ को उपदफा (५) सँग सम्बन्धित)

**ठेक्का सम्झौता फाराम**

लिखितम .................... नाती ................. छोरा ................ जिल्ला ............. गाउँपालिका वा नगरपालिका वडा नं. ...... स्थायी घर भई हाल ............ गाउँपालिका वा नगरपालिका वडा नं. ............ मा वसोवास गर्दै आएको वर्ष ............ को .......................ले तपसिल बमोजिमको शर्तमा तपसिल बमोजिमको क्षेत्रमा .................... ठेक्का वन्दोवस्त गर्ने गरी यस कार्यालयबाट प्रकाशित गरिएको मिति ....................... को ठेक्का नं. ............. को सूचना बमोजिम ढुङ्गा, गिट्टी र वालुवा उत्खनन, सङ्कलन तथा बिक्री वितरणका लागि तपाईं समेतले पेश गर्नु भएको बोलपत्र मूल्यांकन गर्दा आ.व. ....... का लागि ........... रु. ............ (मू.अ.कर बाहेक) मा तपाईसँग ठेक्का सम्झौता गर्न मिति ............ मा यस कार्यालयबाट निर्णय भएको हुँदा उपर्युक्त निर्णय अनुसार तपसिलका शर्त बमोजिम तपसिल बमोजिमका क्षेत्रमा ........ गाउँपालिका वा नगरपालिकाको तर्फबाट आय सङ्कलन गर्ने ठेक्काको मञ्जुरी भई सम्झौता गर्न उपस्थित भएको छु । तपसिलमा लेखिए बमोजिमको शर्तमा कुनै घटीबढी नपारी कामकाज गरी मिति ............. मा यस कार्यालयलाई ................ प्रतिशत छुट पाउने रकम कटाई सम्पूर्ण किस्ताको रकम एकमुष्ट रु. ............. (मू.अ.कर बाहेक) बुझाई मिति ........... देखि मिति .............. सम्म आ.व. ............ को लागि ठेक्का चलाउनेछु । पछि मैले गरेको सम्झौता उपर कुनै कुरा उजुर गर्ने छैन, गरे यसै कागजातबाट बदर गरीदिनु भनी मेरो मनोमानी राजीखुसी सँग रकम चलनको कवुलियत लेखी यस कार्यालयमा बुझाएको छु ।

**तपसिलः**

(१) यस सम्झौतापत्रमा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधीनमा रही आ.व. ....... का लागि ................ प्रतिशत छुट पाउने रकम कटाई सम्पूर्ण किस्ताको रकम एकमुष्ट रु. ................।– (मू.अ.कर बाहेक) वा प्रथम किस्ता बापतको रु. ......... (मू.अ.कर बाहेक) बुझाई ........... गते देखि .............. सम्मको लागि प्रचलित कानूनको अधीनमा रही ............... आय सङ्कलन गर्नेछु ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(२) उक्त आय सङ्कलन गर्नका लागि गाउँपालिका वा नगरपालिका क्षेत्र भित्र रहेका यसैसाथ संलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकिएको दरमा बिक्री मूल्य, सेवा शुल्क वा दस्तुरको रुपमा आय सङ्कलन गर्ने गरी गाउँपालिका वा नगरपालिका ........ लाई अग्रिम एकमुष्ट वा प्रथम किस्ता बापतको रकम बुझाएको छु ।

(३) सो आय सङ्कलन गर्न गाउँपालिका वा नगरपालिकाबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बाहेक अन्य कुनै किसिमको कर सेवाशुल्क, दस्तुर इत्यादि थप गरी लिने छैन र ........ गाउँपालिका वा नगरपालिकाबाट प्रमाणित गरिए बाहेकका रसीदहरु प्रयोग गरी आय सङ्कलन गर्ने छैन । अनुगमन समिति वा स्थानीय तहबाट अनुगमन हुँदा कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसीद प्रयोग गरेको पाईएमा नियमानुसार कारबाही र सजाय भएमा मलाई मञ्जुर छ।

नदीजन्य पदार्थहरु उत्खनन्, सङ्कलन  र बिक्री वितरण गर्ने शर्तहरु:

१. साधारण निर्माणमुखी नदीजन्य पदार्थहरु घाटगद्दी स्थल तोकि निर्धारित स्थानबाट मात्र उत्खनन तथा बिक्री वितरण गर्नुपर्नेछ ।

२. साधरण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन सङ्कलन गरी घाटगद्दी क्षेत्रबाट बिक्री वितरण गर्ने क्रममा उल्लिखित शर्तहरु पालना भए नभएको सम्बन्धमा अनुगमन समिति तथा गाउँपालिका वा नगरपालिकाले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशन पालना गर्ने दायित्व सम्बन्धित ठेकेदारको हुनेछ ।

३. ठेक्का कबोल गर्ने ब्यक्ति वा फर्मले आफुले कबोल गरेको अंकको साथै उत्खननको लागि उल्लिखित परीमाणको आधारमा बिक्री शुल्क बापतको दरले हुन आउने रकम समेतको हिसाबले नियमानुसार थप .......... मू.अ.कर रकम समेत गरी एकमुष्ट वा ........ किस्तामा ............. प्रतिशतका दरले ................. मसान्त भित्र र ........... महिनाको अन्तिममा यस कार्यालयमा बुझाउनु पर्नेछ ।

४. यस गाउँपालिका वा नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, प्रदेश कानून,  नदीजन्य निर्माण सामग्रीहरुको



प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नेपाल सरकार सिंहदरबार, काठमाडौं

उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवं वातावरणीय परीक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन् ।

५. यस ठेक्का सम्झौतामा उल्लेखित नदीहरु बाहेक नदीजन्य पदार्थको उत्खनन, सङ्कलन तथा बिक्री वितरण कार्य चुरे, मध्यवर्ति क्षेत्र, राष्ट्रिय निकुञ्ज, सामुदायिक वन र नेपाल सरकारले निषेध गरेको स्थानहरुबाट गर्न पाईनेछैन ।

६. बिक्री मूल्य वा दस्तुर, शुल्क तोकिएको सङ्कलन केन्द्रमा मात्र उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राख्न पाईनेछैन ।

७. नेपाल सरकार वा ...... गाउँपालिका वा नगरपालिकालाई प्रचलित कानून बमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो बापत बुझाएको रकमलाई कबोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाईनेछैन ।

८. शुल्क उठाउने रसीदहरु ठेक्काको शीर्षक अनुसार छुट्टा छुट्टै ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयको छाप लगाई प्रमाणित गराएर र रसीद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ ।

९. बिक्री मूल्य वा शुल्क असुल गर्नुपर्ने दर रेटको सूची तालिका र शर्तहरु सहितको होर्डिङ बोर्ड कर सङ्कलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधारणले देखेगरी राख्नु पर्नेछ ।

११. ठेक्का सम्बन्धमा कुनै विवाद परेमा त्यस्तो विवादको समाधान प्रचलित कानून बमोजिम हुनेछ।

१२. तोकिएको म्याद भित्र ठेकेदारले गाउँपालिका वा नगरपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा ...... गाउँपालिका वा नगरपालिकाले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै बाँकी किस्ता रकमको ............. % का दरले ब्याज समेत ठेकेदारबाट गाउँपालिका वा नगरपालिकाले असुल गर्नेछ ।

१३. ....... गाउँपालिका वा नगरपालिकाले बिक्री मूल्य वा शुल्क कर असूल गरिसकेको निर्माण सामग्रीमा पुनः अर्को स्थानीय तहबाट कर लगाउन पाइने छैन ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

१४. प्रचलित ऐन, नियम बमोजिम ठेक्काको शर्त तथा दररेटमा कुनै संशोधन भएमा संसोधित व्यवस्था बमोजिम हुने गरी कार्यान्वयन गर्नुपर्नेछ ।

१५. ठेक्का सङ्कलन केन्द्रको विवरण निम्न अनुसारको ढाँचामा राख्नु पर्नेछ । तोकिएको स्थान बाहेक अन्य स्थानमा सङ्कलन केन्द्र राख्नु पर्ने भएमा ...... गाउँपालिका वा नगरपालिकाको पूर्व स्विकृति लिएर मात्र राख्नु पर्नेछ ।

सङ्कलन केन्द्र राख्ने स्थान

| क.सं. | ठेक्काको किसिम | सङ्कलन केन्द्र राख्ने स्थान | कैफियत |
|---|---|---|---|
| १ | | | |
| | | | |
| | | | |

१६. आ.व. ............. को लागि निम्नानुसारको नदीजन्य सामग्रीमा प्रति घन फिट बिक्री दर रु....... मा मू.अ.कर बापत ......... प्रतिशत थप गरी निम्न अनुसार बिक्री मूल्य वा शुल्क सङ्कलन गर्न पाइनेछ । साथै तोकिएको अवधिभन्दा पहिले तोकिएको परीमाण उत्खनन् भएको खण्डमा थप परीमाण उत्खनन् गर्न रोक लगाईनेछ ।

१७. उत्खनन्, सङ्कलन तथा बिक्री गरिने साधारण निर्माणमुखी नदीजन्य पदार्थको मौज्दात आर्थिक वर्षको अन्तमा शुन्य गर्नुपर्नेछ । शुन्य गर्न नसकेको परिणाम गाउँपालिका वा नगरपालिकाले जफत गरी लिलाम बिक्री गर्नेछ ।

१८. साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थ बिक्री बापत गाउँपालिका वा नगरपालिका लाई बुझाउनु पर्ने बिक्री शुल्कको विवरण देहायको ढाँचामा राख्नुपर्नेछ ।

(प्रति घन फिटमा)

| नदीजन्य वा खानीजन्य पदार्थ | ठेकेदारले लिन पाउने बिक्री मूल्य वा शुल्क (.........%) | मू.अ.कर रकम (.........%) | कुल जम्मा |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

१९. सामान्य निर्माणमुखी नदीजन्य उत्खनन्, सङ्कलन तथा बिक्री गर्दा राष्ट्रिय गौरवका साथै रुपान्तरणकारी आयोजनाहरुलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

२०. नदीबाट नदीजन्य पदार्थहरु उत्खनन् गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाईने छैन ।

२१. ठेकेदारले यस सम्झौतामा उल्लिखित सम्पूर्ण शर्तहरु पूर्ण रुपले पालना गर्नु पर्नेछ र सोको नियमित रुपमा गाउँपालिका वा नगरपालिकाबाट अनुगमन हुनेछ । यस्तो अनुगमनबाट शर्त उल्लङ्घन भएको पाईएमा कार्यालयले जनुसुकै बखत ठेक्का तोड्न सक्नेछ र यसबाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षतिपूर्ति दिईनेछैन।

२२. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन र सङ्कलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुङ्गा, गिट्टी, वालुवा आदि सङ्कलन तथा ढुवानी गर्नु पर्नेछ ।

२३. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् स्थलसम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नु पर्नेछ । सो बापत लागेको खर्च गाउँपालिका वा नगरपालिकामा दाबी गर्न पाइने छैन ।

२४. उत्खनन गर्दा नजिक रहेको सडक वन तथा खोला नालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा, कुलो, बाँधमा क्षति नहुने गरी उत्खनन् गर्नु पर्नेछ ।

२५. कल्भर्ट, सडक, बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुबैतर्फ दुई सय मिटर भित्र निर्माण सामग्रीहरु उत्खनन् गर्न पाईनेछैन ।

२६. मुख्य मार्गबाट बोल्डर, ग्राभेल, वालुवा उत्खनन गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मञ्जुरीनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालय सँग सम्पर्क र समन्वय राखी ठेकेदारले बाटो निर्माण गर्नु पर्नेछ।



नेपाल सरकार
तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

२७. ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट देखि ........... सम्म विहान ......... बजे देखि बेलुका ............बजे सम्म मात्र उत्खनन् एवं सङ्कलन समय अवधि हुनेछ ।

२८. साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन कार्यमा एक्स्काभेटर, डोजरजस्ता भारी उपकरणहरुको प्रयोग गर्दा वातावरणीय प्रतिवेदनको प्रावधानमा उल्लेख भएका शर्त तथा सीमाभित्र रही मात्र प्रयोग गर्नु पर्नेछ ।

२९. ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छलि मालवस्तु उठाई अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा त्यस्तो मालवस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भएपनि सम्बन्धित ठेकेदारले उठाउन सक्नेछ ।

३०. उत्खनन् पश्चात् काम नलाग्ने भनी छोडिएको निर्माण सामग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगी पूर्व अवस्थामा छोड्नु पर्नेछ । नदीको धार बदलिने गरी उत्खनन् गर्न पाइनेछैन ।

३१. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन् गर्ने कार्यमा संलग्न हुने कर्मचारी वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कतासाथ उत्खनन् तथा बिक्री प्रवन्ध मिलाउनु पर्नेछ ।

३२. ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी ठेकेदारले व्यवस्था मिलाउनु पर्नेछ । साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि बीमा गर्ने गराउने दायित्व समेत निज ठेकेदारको हुनेछ ।

३३. स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन तथा बिक्री गर्नु पर्नेछ ।

३४. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

अनुसूची-२ग

(दफा ४ को उपदफा (५) सँग सम्बन्धित)

**पट्टाको फाराम**

............ गाउँपालिका वा नगरपालिकाबाट श्री ............... को नाती ................ को छोरा ............... जिल्ला ................ गा.पा. वा न.पा.वडा नं. ............... स्थायी घर भई हाल ................ गा.पा. वा न.पा. वडा नं. .................. मा वसोवास गर्दै आएको वर्ष .................. को ................... ले .................. कानून बमोजिम ...... गाउँपालिका वा नगरपालिकाको निमित्त तपसिल बमोजिमको शर्तमा तपसिल बमोजिमको क्षेत्रमा तपसिल बमोजिमको दरले आय रकम सङ्कलन गर्न ठेक्का वन्दोवस्त गर्ने गरी यस ........ गाउँपालिका वा नगरपालिकाबाट बोलपत्र आव्हान गरिए अनुसार तपाई समेतले दिनु भएको बोलपत्रको मूल्याङ्कन हुँदा आ.व. ............................को लागि रु. ............................।–(मू.अ.कर बाहेक) अक्षरेपी ............................ मात्रमा ठेक्का दिने गरी तपाईसँग ठेक्का वन्दोवस्त गर्न मिति ............................मा यस गाउँपालिका वा नगरपालिकाबाट भएको निर्णय अनुसार तपसिलका शर्त बमोजिम हुने गरी आय सङ्कलन गर्न मञ्जुरी भई कवुलियत गरिदिनु भएको हुँदा कवुलियत बमोजिम घटी वढी नपारी तपसिलमा लेखिए बमोजिमको मिति भित्र ......... गाउँपालिका वा नगरपालिकालाई सम्पूर्ण किस्ताको रकम रु. ..........।– वा प्रथम किस्ता बापतको रकम रु......... बुझाई मिति ............ देखि मिति ........................सम्म आ.व...................... को लागि देहाय बमोजिमका स्रोतहरुवाट देहाय बमोजिमको दरमा बिक्री मूल्य वा शुल्क सङ्कलन गर्ने कार्य गर्नुहोला। तपाईले गरी दिनुभएको संझौता र यो पट्टाको वर्खिलाप कामकाज गरेको वा देहायमा उल्लेख भएको दरमा फरक पारी बिक्री मूल्य वा शुल्क असुल गरेको ठहरे तपाईसँग भएको ठेक्का तोडी तपाईको नाम कालो सूचीमा राखिने र त्यसवाट यस गाउँपालिका वा नगरपालिकालाई हुन जाने नोक्सानीको सम्पूर्ण रकम तपाईले राखेको बैंक जमानत वा नगदै दाखिला गरेको रकमवाट असुल उपर गरिनेछ । पछि तपाईको कुनै कुरामा उजुर दाबी लाग्ने छैन भनी आजै यस ......... गाउँपालिका वा नगरपालिकाबाट ठेक्का चलनको पुर्जी गरिदिईएको छ ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

तपसिल

(१) सम्झौतामा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधिनमा रही आ.व. ................ को सम्पूर्ण किस्ता वा प्रथम किस्ता बापतको रकम रु. ..............।– बुझाई ............... साल ...........गते देखि ............. साल ................ सम्मलाई प्रचलित कानूनको अधिनमा रही .............. गाउँपालिका वा नगरपालिकाको आय सङ्कलन गर्ने ।

(२) उक्त आय सङ्कलन गर्नका निमित्त ......... गाउँपालिका वा नगरपालिका क्षेत्र भित्र रहेका यसैसाथ संलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकिएको दरमा बिक्री मूल्य वा शुल्कको रुपमा आय सङ्कलन गर्नेछु । यसरी आय सङ्कलन गर्दा करदातालाई दिइने भरपाई रसीद यसै गाउँपालिका वा नगरपालिकाबाट प्रमाणित गराई प्रयोग गर्नेछु ।

(३) सो आय सङ्कलन गर्न ........................... गाउँपालिका वा नगरपालिकाको कार्यालयबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क वा दस्तुर इत्यादि लगाई लिइने छैन र यस कार्यालयबाट प्रमाणित गरिए बाहेकका रसीदहरु प्रयोग गरी आय सङ्कलन गरिने छैन । यदि कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसीद प्रयोग गरेको पाईएमा नियमानुसार कारबाही र सजाय हुनेछ ।

(४) अन्य कुराहरु तपाई र यस गाउँपालिका वा नगरपालिकाको कार्यालय वीच भएको संझौता बमोजिम हुनेछ ।

(५) साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री गर्दा देहायका स्थानबाट निम्न बमोजिमको परीमाणमा मात्र गर्नुपर्नेछ ।

| क्र. सं. | नदीजन्य पदार्थ उत्खनन् गर्ने स्थान र नदीको नाम | वालुवा (क्यू. फि.) | ढुङ्गा (क्यू. फि.) | ग्राभेल/ गिट्टी (क्यू. फि.) | सङ्कलन गर्ने स्थान |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

अनुसूची-३

(दफा ४ को उपदफा (७) सँग सम्बन्धित)

**पटके प्रवेश आदेश**

ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन र ढुवानी कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनका सन्दर्भमा अनिवार्य प्रयोग गरिनु पर्ने परीमाण नियन्त्रण तथा नदी प्रवेश आदेश

**नदी नामः**

**नाका वा स्थानको नामः**

**प्रवेश आदेश मितिः** **समयः** **प्रवेश आदेश नंः**

**नदी प्रवेश आदेश विवरण**

१. ढुवानी गरी लैजाने नाकाको नामः

ठेगानाः सम्पर्क फोन न.:

२. ढुवानी गरिने पदार्थको नामः

३. ढुवानी गरी लैजाने साधनको नामः सवारी दर्ता नं.:

४. निकाली लैजाने पदार्थको परीमाणः घन फूटः

५ ढुवानी गरी लैजाने स्थानः

६. ढुवानी गरी लैजाने पदार्थको प्रयोजनः

(जुन प्रयोजनका लागि लैजाने हो कुनै एकमा चिन्ह लगाउने)

(क) निजी निर्माण

(ख) सार्वजनिक निर्माण



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(ग) प्रशोधन पछि बिक्री

(घ) अन्य (प्रयोजन खुलाउने.....................................)

(नोटः यो आदेश नलिई ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन गर्ने सवारी साधन नदीमा प्रवेश गर्न, ओसार-पसार गर्न र संचय वा भण्डारण गर्न निषेध गरिएको छ । कहि कतै त्यस्तो पाईएमा प्रचलित कानून बमोजिम सजाय हुनेछ ।)

प्रवेश आदेश दिने कर्मचारीको नाम थरः

सहिः

ठेकेदार वा प्रतिनिधिको नाम थरः

सहिः

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-४क

**(उत्खननकर्ताले राख्ने दैनिक उत्खनन् अभिलेख)**

(दफा ७ को उपदफा (६) सँग सम्बन्धित)

खानी वा नदीबाट ढुङ्गा, गिट्टी र वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन्, ओसारपसार कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयनका सन्दर्भमा उत्खनन् स्थान अनुसार परीमाण नियन्त्रणका लागि दैनिक तयार गरिनु पर्ने अभिलेख

नाका वा स्थान भएको खानी वा नदीको नामः-

उत्खनन् गरिएको नाका वा स्थानको नामः-

| क्र.सं. | उत्खनन गरिएको मिति | उत्खनन् गरिएको परीमाण | उत्खननकर्ता वा प्रतिनिधीको दस्तखत | अनुगमनकर्ताको दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-४ख

## दैनिक पटके बिक्री वा ढुवानी अभिलेख तेरीज

(दफा ७ को उपदफा (६) सँग सम्बन्धित)

नदीजन्य तथा खानीजन्य ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन् र सङ्कलन कार्यको लागि वातावरणीय अध्ययन कार्यान्वयनका सन्दर्भमा ढुवानी क्षेत्र अनुसार परीमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख तेरीज

**नदी वा खानीको नामः-**

**नाकाको नामः-**

**मितिः-**

| क्र.सं. | ढुवानी मिति | पटके बिक्री आदेश नं. | पटके बिक्री भएको परीमाण | बिक्री भएको पदार्थ लैजाने सवारी नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |

**नोटः यो फाराम उत्खनन् स्थलबाट प्रत्येक पटक भरी पटके बिक्री आदेशको १ प्रति संलग्न गरी दैनिक रुपमा ........ गाउँपालिका वा नगरपालिकालाई अनिवार्य रुपमा पठाउनु पर्नेछ ।**

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

## अनुसूची-५

(दफा ९ को उपदफा (७) सँग सम्बन्धित)

### .......... गाउँपालिका वा नगरपालिका र जिल्ला अनुगमन समितिबाट अनुगमन गर्दा प्रयोग हुने अनुगमन चेक लिष्ट

| क सं. | विवरण | छ वा छैन | कैफियत |
|---|---|---|---|
| १ | मेशिन उपकरणको प्रयोग सम्झौता अनुसार | | |
| २ | प्रयोग हुने एक्स्साभेटरको संख्या सम्झौता अनुसार | | |
| ३ | प्रयोग गर्ने क्षेत्र पालना भएको | | |
| ४ | सङ्कलन, उत्खनन् र ढुवानीको समय पालना भएको | | |
| ५ | अधिकतम गहिराईको मापदण्ड पालना भएको | | |
| ६ | निकालिने परीमाण पालना भएको | | |
| ७ | मुख्य बस्ती देखि मेशिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्मको औषत दूरी पालना भएको | | |
| ८ | स्थानीय सडक देखि मेशिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्म औषत दूरी पालना भएको | | |
| ९ | थुपार्ने काम नदी तटीय क्षेत्रमा नगर्ने विषय पालना भएको | | |
| १० | दैनिक उत्खनन् अभिलेख | | |
| ११ | दैनिक बिक्री ढुवानी तेरिज | | |
| १२ | प्रशोधन गर्ने व्यवस्था मिलाई प्रशोधित पानी मात्र नदीमा मिसाउने व्यवस्थालाई कडाईका साथ लागू भएको | | |
| १३ | रेखांकन सहितको नाप नक्शा राखेको | | |
| १४ | मार्गको धुलो उड्न नदिन नियमित पानी छर्कने प्रबन्ध | | |
| १५ | साईड ड्रेन र हिलो थिग्रने पोखरी (सेटिङ्ग पोण्ड) को व्यवस्था गरेको | | |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| १६ | उत्खनन् स्थलमा काम गर्ने कामदारका लागि अस्थायी शौचालयको प्रबन्ध गरेको | | |
| १७ | उत्खनन् गरिने परीमाण, चौकिल्ला, उत्खनन् विधि राखेको | | |
| १८ | गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क नं. र सूचना पाटी | | |
| १९ | क्रसर उद्योगले पालना गर्नु पर्ने दूरी सम्बन्धी मापदण्डको पालना | | |
| २० | शून्य मौज्दात सम्बन्धी व्यवस्थाको पालना | | |
| २१ | ढुवानी र ओसार पसार सम्बन्धी मापदण्डको पालना | | |
| २२ | तोकिएको बजार मूल्यको पालना | | |
| २३ | अन्य कुनै विषयहरु | | |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

अनुसूची-६

(दफा १७ सँग सम्बन्धित)

**उत्खनन् स्थलमा राख्नु पर्ने सूचना पाटीको नमूना**

साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन्, सङ्कलन र ढुवानी गर्ने कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनको सन्दर्भमा उत्खनन् तथा सङ्कलन स्थलमा सार्वजनिक जानकारीका लागि राखिने सूचना पाटी

(क) उत्खनन्, सङ्कलन गरिने स्थलः

(ख) उत्खनन्, सङ्कलनको विवरण

१. नदी वा खानीको नामः

२. ठाउँको नामः

३. उत्खनन् गरिने परीमाण घनफिट माः

४. उत्खनन् कार्यमा प्रयोग हुने साधनः

५. उत्खनन् गर्ने कार्य गर्न अधिकार प्राप्त ठेकेदार फर्मको नाम र ठेगानाः

६ उत्खनन् गर्ने अवधिः मिति २०...।...। ......गते बाट २०...।...। ......भित्र ।

(कुनै गुनासो वा थप जानकारीको लागि ................. गाँउपालिका वा नगरपालिकामा सम्पर्क गर्ने)

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

## ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९

ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, विक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ मा रहेको अनुगमनसम्बन्धी व्यवस्था, क्रसर उद्योगको लागि निर्धारित दूरीसम्बन्धी मापदण्ड, केन्द्रीय तहमा समन्वय संयन्त्रको व्यवस्थालगायतका अन्य सान्दर्भिक विषयहरूमा समसामयिक संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकारले देहायको मापदण्ड बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम **"ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९"** रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, विक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ को दफा २ को उपदफा (१) को खण्ड (ग) मा संशोधनः** ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (यस पछि "मापदण्ड" भनिएको) को दफा २ को उपदफा (१) को खण्ड (ग) मा रहेको "चट्टान" भन्ने शब्द हटाइएको छ।

३. **मापदण्डको दफा ३ मा देहायको उपदफा (३) थप गर्नेः** "(३) उपदफा (१) को खण्ड (ख) बमोजिम प्राविधिक टोली गठनसम्बन्धी व्यवस्था जिल्ला विपद् व्यवस्थापन समितिले तोकेबमोजिम हुनेछ।

४. **मापदण्डको दफा ४ को उपदफा (१०) मा संशोधनः** मापदण्डको दफा ४ को उपदफा (१०) मा भएको **"घना बस्ती र वन क्षेत्रको दुई किलोमिटर, राजमार्गको पाँचसय मिटर दूरीभित्रको नदी,"** भन्ने वाक्यांश हटाइएको छ।

५. **मापदण्डको दफा ४ को उपदफा (१३) पछि देहायको उपदफा (१३क) र (१३ख) थप गर्नेः**

(१३क) गाउँपालिका वा नगरपालिकाले नदीजन्य पदार्थको सङ्कलनका लागि नदीको धारमा परिवर्तन नहुने व्यवस्था मिलाई ड्याम वा तटबन्ध निर्माण गरी उन्नत प्रविधिको प्रयोगद्वारा रिभर माइनिङ गरी बालुवा प्रशोधन र बिक्री गर्ने कार्य सार्वजनिक निजी साझेदारीमा सञ्चालन गर्न सक्नेछ।

(१३ख) उपदफा (१३) र (१३क) बमोजिमको कार्यका लागि आवश्यक अन्य व्यवस्था जिल्ला अनुगमन समितिले तोकेबमोजिम हुनेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रि...
सिंहदरबार

६. **मापदण्डको दफा ४ को उपदफा (१५) पछि देहायको उपदफा (१६) र (१७) थप गर्नेः**

(१६) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रत्येक वर्षको असार १ गतेदेखि भदौ मसान्तसम्म नदीजन्य पदार्थको उत्खनन गर्न पाइने छैन।

(१७) बेमौसमी वर्षाका कारणले खोला वा नदीको बहाव औसत तहभन्दा बढी भएमा जिल्ला विपद् व्यवस्थापन समितिले उपदफा (१६) मा उल्लेख भएको अवधिभन्दा पन्ध्र दिन अघि वा पछिसम्मको अवधिमा उत्खनन कार्यलाई निषेध गर्न सक्नेछ।

७. **मापदण्डको दफा ६ को उपदफा (४) मा संशोधनः** मापदण्डको दफा ६ को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको **"जोखिम हुने देखिएमा भन्ने शब्दपछि" "दफा ३ को उपदफा (३) बमोजिमको"** भन्ने वाक्यांश थप गरिएको छ।

८. **मापदण्डको दफा ८ पछि देहायको दफा ८क. थप गर्नेः**

८क. **समन्वय तथा सहजीकरणसम्बन्धी व्यवस्थाः** (१) ढुङ्गा, गिट्टी, बालुवाजस्ता साधारण निर्माणमुखी वस्तुहरूको उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धमा नीतिगत निर्देशन, समन्वय एवं सहजीकरणका लागि देहायबमोजिमको केन्द्रीय समन्वय तथा सहजीकरण समिति रहनेछः-

| | |
|---|---|
| सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | -संयोजक |
| सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | -सदस्य |
| सहसचिव, गृह मन्त्रालय | -सदस्य |
| सहसचिव (प्राविधिक), वन तथा वातावरण मन्त्रालय | -सदस्य |
| सहसचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | -सदस्य |
| सहसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | -सदस्य |
| महानिर्देशक, खानी तथा भू-गर्भ विभाग | -सदस्य |
| प्रदेश सचिव (सम्बन्धित प्रदेशको वातावरण हेर्ने मन्त्रालय) | -सदस्य |
| सहसचिव, योजना तथा विकास सहायता समन्वय महाशाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | -सदस्य सचिव |

(२) समितिको बैठक आवश्यकता अनुसार संयोजकले बोलाउनेछ।

(३) उपदफा (१) बमोजिम समितिको बैठकमा आवश्यकताअनुसार सम्बन्धित प्रदेश सरकारको प्रतिनिधि तथा अन्य निकायका पदाधिकारी एवं विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

९. **मापदण्डको दफा ९ को उपदफा (१) मा संशोधनः** मापदण्डको दफा ९ को उपदफा (१) को खण्ड (ख) हटाइएको छ। साथै खण्ड (ग) मा रहेको **"सदस्य"** भन्ने शब्दको सट्टा **"सहसंयोजक"** भन्ने शब्द राखिएको छ।

१०. **मापदण्डको दफा ९ को उपदफा (२) पछि देहायको उपदफा (२क) र उपदफा (२ख) थप गर्ने:**

(२क) अनुगमन समितिको संयोजकको अनुपस्थितिमा सहसंयोजकले समितिको बैठक बोलाउन सक्नेछ।

(२ख) अनुगमन समितिले स्थलगत अनुगमनको क्रममा वा अनुगमन समितिको बैठकमा सम्बन्धित स्थानीय तहको अध्यक्ष वा प्रमुखलाई आवश्यकताअनुसार आमन्त्रण गर्न सक्नेछ।

११. **मापदण्डको दफा ९ को उपदफा (१४) पछि देहायको उपदफा (१५) थप गर्ने:**

(१५) जिल्ला अनुगमन समितिले आफ्नो कामलाई व्यवस्थित र प्रभावकारी बनाउन सहसंयोजक वा अन्य कुनै सदस्यको नेतृत्वमा उपसमिति गठन गर्न सक्नेछ।

१२. **मापदण्डको दफा १० को उपदफा (२) पछि देहायको उपदफा (३) थप गर्ने:**

(३) उपदफा (१) बमोजिम निर्धारण गरिएको मूल्यलाई जिल्ला दररेट निर्धारण समितिले जिल्ला दररेट निर्धारण गर्दा आधारको रूपमा लिन सक्नेछ।

१३. **मापदण्डको दफा ११ को उपदफा (१) मा संशोधन:** मापदण्डको दफा ११ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

(१) क्रसर उद्योग सञ्चालन गर्दा देहायबमोजिमको दूरीसम्बन्धी मापदण्ड पालना गर्नु पर्नेछः-

| क. सं. | विवरण | कायम दूरीको मापदण्ड | |
|---|---|---|---|
| | | तराई | पहाड |
| १. | राजमार्गको राइट-अफ-वे (ROW) बाट | ५०० मिटर | २०० मिटर |
| २. | खोला वा नदी किनारबाट | ५०० मिटर | २०० मिटर |
| ३. | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकायबाट | १ किलोमिटर | ५०० मिटर |
| ४. | पक्की पुलबाट | ५०० मिटर | ५०० मिटर |
| ५. | अन्तर्राष्ट्रिय सीमाबाट | १ किलोमिटर | १ किलोमिटर |
| ६. | निकुञ्ज तथा आरक्षबाट | २ किलोमिटर | २ किलोमिटर |
| ७. | वन क्षेत्रबाट | ५०० मिटर | ५०० मिटर |
| ८. | घना बस्तीबाट | १ किलोमिटर | ५०० मिटर |
| ९. | हाइटेन्सन लाइनको पोलबाट | १०० मिटर | १०० मिटर |
| १०. | ऐतिहासिक ताल, तलैया, पोखरी र जलाशयबाट | ५०० मिटर | ५०० मिटर |
| ११. | सिमसारबाट | १ किलोमिटर | १ किलोमिटर |
| १२. | चुरे पहाडको फेदीबाट | १५०० मिटर | १५०० मिटर |

"

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सिंहदरबार, काठमाडौं

१४. **<u>मापदण्डको दफा ११ को उपदफा (१) पछि प्रतिवन्धात्मक वाक्यांश थप गर्ने</u>**: मापदण्डको दफा ११ को उपदफा (१) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छः

तर, स्वीकृत खानी क्षेत्रभित्र स्थापना हुने क्रसर उद्योगको हकमा माथि उल्लिखित दूरीसम्बन्धी मापदण्ड लागू हुने छैन।

१५. **<u>मापदण्डको दफा ११ को उपदफा (३) मा संशोधन</u>**: मापदण्डको दफा ११ को उपदफा (३) मा रहेको **"वन तथा वातावरण मन्त्रालय वा सो मातहतका निकायहरू"** भन्ने वाक्यांश पछि **"वा प्रदेशको सम्बन्धित मन्त्रालय वा सो मातहतको निकायहरू"** भन्ने वाक्यांश थप गरिएको छ।

१६. **<u>मापदण्डको दफा दफा ११ को उपदफा (४) पछि प्रतिबन्धात्मक वाक्यांश थप गर्ने</u>**: मापदण्डको दफा ११ को उपदफा (४) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छः

तर, लोकमार्गको ३०० मिटर, खोला किनारबाट २०० मिटर र सडक पुलबाट ५०० मिटरभित्र बालुवा तथा पाँगो धुने र प्रशोधन गर्ने उद्योग स्थापना र सञ्चालन गर्न पाइने छैन।

१७. **<u>मापदण्डको दफा ११ को उपदफा (१०) मा संशोधन</u>**: मापदण्डको दफा ११ को उपदफा (१०) मा भएको **"उत्पादनमूलक उद्योगको रूपमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले दर्ता गर्ने व्यवस्था मिलाउनेछ"** भन्ने वाक्यांशको सट्टा **"प्रचलित कानूनले तोकेबमोजिम हुनेछ।"** भन्ने वाक्यांश राखिएको छ।

१८. **<u>मापदण्डको दफा १३ मा रहेको व्यवस्थालाई उपदफा (१) कायम गरी देहायबमोजिमको उपदफा (२) थप गरिएको</u>**:

(२) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनको मान्य अवधि तीन वर्षको हुनेछ।

तर, प्रतिवेदनमा तोकिएको परिमाण उत्खनन भइसकेको अवस्थामा सोही प्रतिवेदनको आधारमा थप उत्खनन गर्न पाइने छैन।

१९. **<u>दफा १४ मा रहेको साबिकको बाक्यांश पछि देहायबमोजिमको बाक्यांश थप गरिएको</u>**:-स्थानीय सञ्चित कोषमा जम्मा भएको रकममध्येबाट नदी नियन्त्रण तथा बायोइन्जिनियरिङ लगायतका स्रोत संरक्षणको क्षेत्रमा खर्च गर्न प्राथमिकता दिनुपर्नेछ ।

२०. **<u>मापदण्डको दफा २० मा संशोधन</u>**: मापदण्डको दफा २० मा रहेको **"कानून"** भन्ने शब्दको सट्टा **"निर्देशिका"** भन्ने शब्द राखिएको छ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं